# विद्यार्थीलाई पाठ्यक्रमबाहिरका सामयिक विषय पनि पढाउनुपर्ने

भक्तपुर । जेन्युइन स्कूलको ३० औं वार्षिकोत्सव समारोह नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छैं (रोहित) को प्रमुख आतिथ्यमा पुस ११ गते सम्पन्न भयो ।

समारोहमा अध्यक्ष बिजुक्छैंले विद्यालयहरूको अपेक्षित विकास हुनु राम्रो पक्ष रहेको र नयाँ पुस्तालाई अध्ययनका साथै खेलकुद, गीतसङ्गीतलगायत सबैतिर पोख्त बनाउनु सान्दर्भिक भएको बताउनुभयो ।

उहाँले शिक्षक शिक्षिकाहरूले पाठ्यक्रममात्र पढाएर नपुग्ने र देश विदेशको राजनीतिक स्थितिबारे नयाँ पुस्तालाई जानकार बनाउनुपर्ने बताउनुभयो ।

देशको राजनीतिक स्थितिबारे चर्चा गर्दै उहाँले वर्तमान सरकारलाई नागरिक सरकार भन्न नमिल्ने बरु सैनिक सरकार रहेको मान्न सकिने बताउनुभयो ।

भदौ २३-२४ को घटनाबारे तत्कालीन प्रधानमन्त्री केपी ओलीले मलाई केही थाहा थिएन भन्नु ओलीको नालायकीपन वा अक्षमता रहेको बताउँदै अध्यक्ष बिजुक्छैंले राज्यसत्ता के हो र राज्यसत्ताको सञ्चालन कसरी हुन्छ भनी थाहा नपाएकाहरू सत्तामा पुग्दा देश पटक पटक सङ्कटमा फसेको छ भन्नुभयो ।

समारोहमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले भक्तपुरलाई सम्पदा, शिक्षा र स्वास्थ्यको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य राखेको र त्यो क्रमश: पूरा हुँदै गएको बताउनुभयो ।

उहाँले भक्तपुरमा शिक्षाको गुणस्तर वृद्धिमा जेन्युइन स्कूलले पुऱ्याइरहेको योगदानको निम्ति धन्यवाद व्यक्त गर्दै समाजको सकारात्मक परिवर्तनका निम्ति सबैले निरन्तर कार्य गरिरहनुपर्नेमा जोड दिनुभयो ।

त्रिविका अवकाश प्राप्त प्रा. डा. सोमप्रसाद खतिवडाले देशको संस्कृति र सम्पदा संरक्षण गरे देश विकासमा टेवा पुग्ने बताउँदै भक्तपुर नगरपालिका र भक्तपुरका जनताले गरिरहेको सम्पदा संरक्षण कार्य सराहनीय रहेको बताउनुभयो ।

उहाँले स्तरीय विद्यालयले स्तरीय शिक्षा प्रदान गर्ने भए पनि घरपरिवार बालबालिकाको पहिलो विद्यालय र अभिभावक शिक्षकसरह भएकोले आफ्ना

*बाँकी पृष्ठ १२ मा*

साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३२ ✪ अङ्क ५० ✪ १५ पुस २०८२, मङ्गलबार ✪ 30 December, 2025, Tuesday ✪ मूल्य रू. १०।-

# विदेशीसामु घुँडा टेक्ने दलाललाई मत दिन नहुने




भक्तपुर । नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा पुस १० गते अन्तरसंवाद एवम् प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा अध्यक्ष रोहितले भन्नुभयो, "प्रजग कोरियामा निजी सम्पत्ति कसैको छैन । सबै जनतालाई राज्यले हेरविचार गर्छ । जनता राज्यप्रति उत्तरदायी छन् । जनताको भरमा प्रजग कोरिया आफ्नै खुट्टामा उभिएको छ । सबै जनता सैनिकरूपले तयार छन् । साम्राज्यवादीहरूको धम्कीसामु उनीहरू फिटिक्कै झुक्दैनन् । उनीहरू देशलाई बलियो बनाउन प्रतिबद्ध छन् । नेपाली जनताले पनि प्रजग कोरियाबाट प्रेरणा लिनुपर्छ ।"

"शासक दलहरूले अमेरिकी नीति कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता पारित गरे । त्यसको परिणाम अहिले देखिँदै छ । नेपाली जनताले पनि विदेशीको सामु घुँडा टेक्ने राजनीतिक दलहरूलाई मत दिनुहुन्न । त्यस्ता दलहरूलाई दिएको मतले देश जान सक्छ; पछि पछुताएर हुन्न" उहाँले थप्नुभयो ।

नेपाल मजदुर किसान पार्टी पैसा र पदको मोलमोलाइमा कहिल्यै नलागेको उल्लेख गर्दै अध्यक्ष बिजुक्छैंले देश र जनताको हितबाहेक पार्टीको अरू कुनै स्वार्थ नरहेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुयो, "कम्युनिस्ट कार्यकर्ताहरू देश र जनताको पक्षमा प्रतिबद्ध भएर समाज परिवर्तनको निम्ति लाग्नुपर्छ । विलासी जीवनमा नभुली क्रान्तिको निम्ति दु:खकष्ट सहन पनि तयार हुनुपर्छ । मनमा लोभ पाल्नुहुन्न । जस्तोसुकै सङ्कटको घडीमा पनि विचलित हुनुहुन्न । अनुशासनमा बस्नुपर्छ । खराब लतमा लाग्नुहुन्न ।"

बम बारुदभन्दा विचार ठुलो हुनेमा स्पष्ट हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले हातहतियार थुप्रो भएको कुनै देशले धम्काउँदैमा सार्वभौम सम्पन्न देशका जनता डराउनु जरुरी नभएको विचार राख्नुभयो ।

उहाँले सांस्कृतिकस्तर उच्च रहेका देशभक्त जनता कुनै साम्राज्यवादीसामु झुक्ने छैनन् भन्नुभयो ।

अध्यक्ष बिजुक्छैंले भन्नुभयो, "संसदीय व्यवस्थामा बहुमत हुनेले सरकार बनाउने हो, बहुमत नहुने राजनीतिक दल प्रतिपक्षमा बस्ने हो । शासक दलहरूले यो सिद्धान्तको पालना गरेनन् । नेपाल मजदुर किसान पार्टीले संसद्मा प्रखर प्रतिपक्षीको भूमिकामा रहेर आफ्ना कर्तव्य पूरा गरेको छ । नेपाली काङ्ग्रेस पुँजीवादी पार्टी हो, उसले पुँजीपतिहरूको पक्षमा काम गर्नु स्वाभाविक हो । कम्युनिस्ट नामधारी एमाले पनि भाइकाङ्ग्रेस बन्यो । कम्युनिस्ट कार्यकर्ताहरूले यस्ता संशोधनवादी पार्टीहरूको आलोचना गरेर जनतालाई सत्य बताउनुपर्छ ।"

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले पुँजीवादी पार्टी र सरकारहरूले युवाहरूलााई धूमपान, मदिरा र लागुपदार्थलगायत दुर्व्यसनमा फसाएको उल्लेख गर्दै युवा बिगार्ने सरकारहरूले देश पनि बिगार्ने बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीले युवाहरूलाई देश र जनताको नि:स्वार्थ सेवा गर्न उत्साहित गरिरहेको छ । यसको लागि युवाहरूले संसारका योद्धाहरूको जीवनी र आन्दोलनबारे अध्ययन गर्नु जरुरी छ ।"

"रुसका बोल्सेभिक कम्युनिस्टहरू पुँजीवादी सरकारमा गएनन् । नेपालमा कम्युनिस्ट दाबी गरेका माले (अहिले एमाले), माओवादी (अहिले नेपाली कम्युनिस्ट पार्टी) लगायत दलहरू पुँजीवादी सरकारमा गएर देश र जनताको विरोधमा काम गरे" उहाँले बताउनुभयो ।

सचिव सुवालले पैँतीस वर्षयता सरकारमा गएका पार्टीहरूले देश र जनताको समस्या समाधान नगरेको हुँदा सर्वसाधारण जनतामा असन्तुष्टि चुलिएको बेला अमेरिकी र भारतीय सरकारले भदौ २३ र २४ गते विध्वंस मच्चाउन मलजल गरेको खुलिरहेको बताउनुभयो ।

# नेमकिपाको समानुपातिक उम्मेदवारको बन्दसूची आयोगमा दर्ता



काठमाडौँ, १३ पुस । नेपाल मजदुर किसान पार्टीले प्रतिनिधिसभाको समानुपातिक उम्मेदवारको बन्दसूची आइतबार निर्वाचन आयोगको कार्यालय, काठमाडौँमा दर्ता गऱ्यो । आयोगका अनुसार नेमकिपा बन्दसूची दर्ता गर्ने पहिलो पार्टी हो ।

बन्दसूची दर्ताको लागि पार्टीका सचिव प्रेम सुवाल, केन्द्रीय सदस्यहरू सुनिल प्रजापति, नारायण महर्जन, राजवीर डंगोल, न्हुछेमाया सुवाललगायत आयोगमा पुग्नुभएको थियो । नेमकिपाले देशभरिका मुस्लिम, थारु, दलित, मधेसी, आदिवासी जनजाति र खसआर्यसहित ६ समूहमा आवश्यक ११० जनाको उम्मेदवार संलग्न गरेको छ ।

आयोगले नेमकिपालाई बन्दसूची जाँचबुझको लागि पुस १७ गते समय दिएको छ । अन्य केही पार्टी पनि दर्ताको लागि आयोग पुगेका थिए ।

आयोगले बन्दसूची छानबिन गरी सच्याउन पुस १५ गतेदेखि २० गतेसम्म सूचना दिने र सो सूचनाअनुसार दलहरूले पुस २१ गतेदेखि २७ सम्म संशोधित बन्दसूची पेस गर्नेछन् ।

पुस २८ गते एकदिन उम्मेदवारलाई नाम फिर्ता लिन समय दिइनेछ । आयोगले पुस २९ गते रिक्त उम्मेदवारबारे सम्बन्धित दललाई जानकारी दिनेछ । पुस ३० गतेदेखि माघ २ सम्म रिक्त स्थानमा मनोनयन गर्न दललाई समय दिइनेछ । आयोगले माघ ४ गते बन्दसूचीको नामावली प्रकाशन गर्नेछ । माघ ५ गतेदेखि १० गतेसम्म दाबी विरोधको समय हुनेछ । आयोगले माघ ११ देखि १७ सम्म दाबी विरोधमा जाँचबुझ र निर्णय गरिनेछ । आयोगले माघ २० गते बन्दसूचीको अन्तिम नामावली प्रकाशन गर्नेछ ।

माघ ६ गते प्रत्यक्ष निर्वाचनको उम्मेदवारी सम्बन्धित निर्वाचन क्षेत्रको कार्यालयमा दर्ता गर्ने कार्यतालिका राखिएको छ ।

# समाजवादमा उत्पादनका मुख्य साधन सामाजिकीकरण हुने

भक्तपुर । विश्व सर्वहारावर्गका महान् गुरुहरू जोसेफ स्तालिन र माओ त्सेतुङको १३२ औं जन्मदिवसको अवसरमा 'महिला भेला तथा प्रशिक्षण कार्यक्रम' पुस ११ गते सम्पन्न भयो ।




भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले सोभियत सङ्घका जनताले स्तालिनको नेतृत्वमा विजय प्राप्त गरेको, दोस्रो विश्वयुद्धमा फासीवादलाई पराजित गरेको र सोभियत सङ्घको समाजवाद रक्षा गर्न स्तालिनले रुसी जनताको नेतृत्व गर्नुभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सोभियत कम्युनिस्ट पार्टीका नेताहरू लेनिन र स्तालिनको नेतृत्वको समाजवादले रुसलाई २०-२५ वर्षमै विकासको पथमा अघि बढाएको थियो । सोभियत सङ्घका नेताहरू खुश्चेभदेखि गोर्वाचोभ र एल्सिनसम्मका नेताहरू खराब भएको हुँदा रुसको कम्युनिस्ट पार्टी विघटन गरियो र देश १५ टुक्रामा विभाजन भयो ।"

समाजवादमा उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुन्छ र व्यक्तिको समस्या समाजले सम्बोधन गर्छ भन्दै सचिव सुवालले पुँजीवादी व्यवस्थामा केही व्यक्तिहरूको हितमा

*बाँकी पृष्ठ ११ मा*

# शासक नेता र माथिल्ला कर्मचारीहरूमा अझै एकात्मक शासनकै सोच




भक्तपुर । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आयोजनामा ४० औं आधारभूत प्रशासनिक तालिमअन्तर्गत 'सङ्घीयताको कार्यान्वयन र व्यावहारिक पक्ष' बारे नवनियुक्त शाखा अधिकृतहरूबिच अन्तरक्रिया कार्यक्रम पुस १४ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सङ्घीयताको प्रभावकारी कार्यान्वयन नभएकोले प्रदेशहरूको औचित्यमाथि प्रश्न उठेको र नेपालको लागि सङ्घीयता राज्य सञ्चालनको नयाँ प्रणाली वा अभ्यास मात्रै भएको बताउनुभयो ।

संविधान र कानुनमा सङ्घीयता आए पनि शासन सत्तामा बस्ने नेता, प्रधानमन्त्री, मन्त्री र माथिल्लो तहका सङ्घीय कर्मचारीहरूमा भने अझै एकात्मक शासन व्यवस्थाकै सोच र चिन्तन कायम रहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "कतिपय राजनैतिक दलका नेताहरूले नेपालमा सङ्घीयता स्थापित भएमा '१० वर्षभित्र नेपाललाई स्वीट्जरल्यान्ड वा सिङ्गापुर बनाउने' सपना बाँडे पनि बौद्धिक जगत र जनताबिच व्यापक छलफल एवम् अन्तरक्रियाबिना सङ्घीयता पारित

*बाँकी पृष्ठ ११ मा*



माओ त्सेतुङ

सही राजनीतिक दृष्टिकोणको अभावमा क्रान्ति चेतनाबिनाको शरीरजस्तै हुन्छ ।

## सम्पादकीय

# ऐन–कानुन र नियम सबैलाई समान हुनुपर्ने !

समानुपातिक उम्मेदवार छान्ने प्रक्रिया पुस १३ बाट सुरु भयो । १४ पुस २०८२ त्यस प्रक्रियाको अन्तिम दिन हो । आइतबार निर्वाचन आयोगअनुसार तीनवटा पार्टीले मात्र बन्दसूची बुझाएका थिए । ती हुन् - नेपाल मजदुर किसान पार्टी, नेपाल लोकतान्त्रिक पार्टी र राष्ट्रिय जनमोर्चा । तर, ठुला र साना शासक दलहरूले उक्त दिन आयोगमा बन्दसूची प्रस्तुत गर्न नगएको थाहा भयो ।

एमाले, नेपाली काङ्ग्रेस र अन्य शासक दलहरूले बन्दसूची प्रस्तुत गर्ने अन्तिम दिन आज हो । आज ती शासक दलहरूले बन्दसूची पेस नगरेमा दुई अर्थ लाग्छ - एक संसद्को पुनस्थापना; दोस्रो हो बहिष्कारको राजनीति अँगाल्नु या केही सहुलियतको आश्वासन खोज्नु !

एमालेलाई केही नैतिक बन्धनले अप्ठ्यारो पारेको प्रस्ट छ । संसारमा चलिआएको संसदीय परम्पराअनुसार देशलाई राजनीतिक सङ्कट आउने सम्भावना भएमा वा प्रतिपक्षले सरकारलाई काम गर्न नदिएमा प्रधानमन्त्रीसँग भएको संसद् विघटन गरी निर्वाचन घोषणा गर्ने 'भरेका बन्दुक' प्रयोग गर्ने बन्दोबस्त हुन्छ । तर, एमाले पार्टी अध्यक्ष ओलीकै सरकारको बेला 'जेन-जी आन्दोलन' भई सरकारबाट राजीनामा दिनुपर्ने परिस्थिति आयो ।

निर्वाचनलाई अस्वीकार गर्ने कुनै प्रकारको निहुँ एमाले नेतृत्वसँग छैन । होइन भने एमालेले भन्नै पर्छ - 'राष्ट्रपतिलाई संसद् विघटन गर्ने संविधानत: अधिकार छैन, त्यसैले एमाले यस निर्वाचन स्वीकार गर्दैन र आन्दोलनको बाटो लिन्छ ।'

यसअघि एमाले अध्यक्ष र सरकार प्रमुख ओलीले संसद् विघटन गरी निर्वाचनको घोषणा गर्दा अदालतमा धर्ना दिएर संसद्को पुन: स्थापनाको कार्यमा अगुवाइ गर्ने आजको 'नेपाली कम्युनिस्ट पार्टी' का संयोजक र हिजोको माओवादी दलका नेता प्रचण्डले आज के आधारमा निर्वाचनलाई स्वीकार गर्दै छन् थाहा छैन ।

राष्ट्रपति रामचन्द्र पौडेलले 'ज्यान गए पनि राजीनामा नदिने' देखिएपछि उनीबाटै प्रम ओलीको राजीनामा मागियो । राष्ट्रपतिको मागअनुसार प्रम ओलीले राजीनामा दिई सेनाको हेलिकप्टरबाट मकवानपुरको एक सैनिक ब्यारेकमा 'शरणमा गए' वा 'उनी सेनाको गिरफ्तारीमा परे तर उनले त्यसबारे स्पष्ट खुलासा गरेका छैनन् ।

त्यस्तै प्रचण्ड, माधवकुमार नेपाल र वर्षमान पुन सिंहदरबारकै सैनिक ब्यारेकको शरणमा थिए ।

यता नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा भने २०१७ साल पुस १ गतेको घटनापछि र प्रजातन्त्रको पुन: स्थापनापछि बीपी कोइरालाले 'नेपाली काङ्ग्रेस एक राजनीतिक दल' को रूपमा पार्टीलाई प्रतिस्थापूर्वक अगाडि बढाएझैँ बढाउन असफल रहे । आफूलाई साह्रै ठूला प्रजातन्त्रवादी सम्झिने र सदा पदमा बसिरहन मन पराउने रामचन्द्र पौडेलले राष्ट्रपतिको हैसियतले आफ्नो भूमिकालाई कुन बाटोमा लाँदै छन् भन्न सकेको छैनन् ।

दुई/दुई पटकको सर्वदलीय बैठकमा राष्ट्रपतिद्वारा मनोनीत प्रधानमन्त्री सुशीला कार्कीले चार/चार घण्टासम्म 'वर्तमान सरकार दलहरू र जेन-जीको बिचको अचानो हुनुपरेको' अभिव्यक्ति दिएको कुरा सहभागीहरूले बताए ।

नेकाका सभापतिको पदलाई त्यस दिन कसरी बेहाल बनाइयो र सेनाको हेलिकप्टरको शरणको आसमा आकाशमा हेर्दै रहेको टीभी हेर्ने सबै दर्शकले देखेकै विषय हो, तर गर्ने के ? सभापति देउवा कहिले एमालेतिर र कहिले प्रचण्डतिरको आस र भरोसाले गर्दा नेकाको ठोस निर्णय पार्टी र जनताले प्राप्त नगरेको व्यापक चर्चा छ ।

सबभन्दा बढी सरकारमा शासन गर्ने दल भने नेपाली काङ्ग्रेस नै हो । आज पनि कति काङ्ग्रेसकै कार्यकर्ता र समर्थकहरू वर्तमान सरकारमा छन् । उदाहरणको निम्ति हालका अर्थमन्त्री !? प्रजातान्त्रिक समाजवादको उद्देश्य राखेका अर्थमन्त्रीहरूले अचम्म हुने चटक देखाउँछन् - विदेशी पुँजी, वस्तु र स्वार्थमाथि कर छुट दिन्छन् जुन नेपालको ऐन- नियम र संविधानले दिँदैन । यस मनपरी र अपराधबाट नेकाका पदाधिकारीहरू एक न एक दिन कठघरामा उभिनै पर्नेछ । ऐन-कानुन सबैलाई बराबर लागु हुनु आवश्यक छ ।

# शासक दलहरूको चुनावी मोर्चा र गठबन्धन खौवा साबित !

✍ प्रज्ज्वल

गत भदौ २३ र २४ गतेको दमन, तोडफोड, हत्या र आगजनीलगत्तै नेपाली काङ्ग्रेसको समर्थनमा प्रधानमन्त्री भएका एमालेका केपी शर्मा ओलीले भदौ २४ गते अपराह्न प्रधानमन्त्री पदबाट राजनीमा दिए । ओली नेपाली सेनाको हेलिकप्टरबाट मकवानपुरको सुपारीटारस्थित सैन्य व्यारेकमा 'सुरक्षित' हुन पुगे । राष्ट्रपति रामचन्द्र पौडेलले भदौ १४ गतेकै दिन ओलीलाई अर्को व्यवस्था नभएसम्मको लागि कामचलाउ प्रधानमन्त्रीको जिम्मेवारी दिए ।

भदौ २६ गते सुपारिटार सैनिक व्यारेकमा राष्ट्रपति पौडेल र प्रधानसेनापति अशोकराज सिग्देलसँगको भेटमा कामचलाउ प्रधानमन्त्री ओलीले अर्को प्रधानमन्त्री नियुक्ति गर्न सम्मति र सिफारिस गरे । नेपालको संविधानअनुसार राजीनामा दिएका प्रम ओलीले अर्को प्रधानमन्त्री नियुक्ति गर्न राष्ट्रपतिलाई सम्मति र सिफारिस दिनु स्वयम् असंवैधानिक हो ।

**प्रधानमन्त्री नियुक्तिबारे संवैधानिक व्यवस्था**

संविधानको धारा ७६ (१) मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त दलका नेतालाई प्रधानमन्त्री नियुक्ति गर्ने, धारा ७६ (२) मा प्रतिनिधिसभामा दुई वा दुईभन्दा बढी दलको समर्थन प्राप्त प्रतिनिधिसभाका सदस्यलाई प्रधानमन्त्री नियुक्ति गर्ने, धारा ७६ (५) मा दुई वा दुईभन्दा बढी दलको समर्थनसहित बहुमत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्ने सदस्यलाई प्रधानमन्त्री नियुक्ति गर्ने व्यवस्था छ ।

प्रधानमन्त्रीको राजीनामा वा कुनै कारणले प्रधानमन्त्रीको पद रिक्त हुँदा राष्ट्रपतिले यही संवैधानिक व्यवस्थाबमोजिम अर्को प्रधानमन्त्री नियुक्तिको प्रक्रिया अघि बढाउने हो । भदौ २६ गते कामचलाउ प्रधानमन्त्री ओलीले अर्को प्रधानमन्त्री नियुक्ति गर्न राष्ट्रपतिलाई सम्मति र सिफारिस दिएको संविधानविपरीत हो ।

राष्ट्रपतिले कमचलाउ प्रधानमन्त्री ओलीको सम्मति र सिफारिसमा भदौ २७ गते सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्ति गरे र प्रधानमन्त्री कार्कीको सिफारिसमा सोही दिन राष्ट्रपतिले प्रतिनिधिसभाको विघटन गरे । यो कदम पनि संवैधानिक होइन ।

संविधानको धारा १३२ (१) र (२) मा प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति न्यायिक जाँचबुझको काममा वा केही खास अवधिका लागि कानुन वा न्यायसम्बन्धी अनुसन्धान वा अन्वेषणको काममा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिका लागि ग्राह्य नहुने स्पष्ट व्यवस्था छ । यो संवैधानिक व्यवस्थाविपरीत कार्कीलाई प्रधानमन्त्रीमा नियुक्ति दिने राष्ट्रपतिको कदम इतिहासले असंवैधानिक ठान्ने छ ।

एमालेका अध्यक्षसमेत रहेका ओली दश दिनपछि सुपारीटार सैनिक ब्यारेकबाट बाहिर आए । ओलीले स्पष्टीकरण दिए - "कार्कीलाई प्रधानमन्त्री नियुक्ति गरिएपछि मात्र आफूले मोवाइल सम्पर्क गर्न पाएको हो । राष्ट्रपतिलाई अर्को प्रधानमन्त्री नियुक्ति गर्न दिएको सम्मति र सिफारिसमा कार्कीको नाम उल्लेख गरेको थिइनँ ।"

ओलीले थपे, "कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्ति गरिएको संविधानसम्मत छैन । संसद् पुन:स्थापना हुनुपर्दछ ।"

एमालेको मङ्सिर २७ गतेदेखि र पुस १ गतेसम्म भएको एघारौँ महाधिवेशनबाट पुन: अध्यक्षमा निर्वाचित ओलीले संसद् पुन:स्थापनाको लागि सडक सङ्घर्ष गर्नेसमेत बताए । तर, ओलीको बोलीअनुसार व्यवहारमा अडान देखिएन । भदौ २६ गते सुपारीटार सैनिक व्यारेकमा ओलीले राष्ट्रपतिलाई लेखेको सम्मति र सिफारिसमा प्रतिनिधिसभा विघटन गर्न नपाउने व्यहोरा किन उल्लेख भएन ? भदौ २४ गते ओलीले प्रधानमन्त्री पदबाट राजीनामा दिएलगत्तै सुशीला कार्की समेत अन्तरिम सरकारको प्रधानमन्त्री हुने र प्रतिनिधिसभा विघटन हुने चर्चा चलेको ओलीसम्म पुगेन । भदौ २४ गते देशभरि आगजनी हुँदा एमालेको लाखौँ सङ्ख्यामा रहेका नेता र कार्यकर्ता के गर्दै थिए ? एमाले ताजा जनादेश चुनावदेखि किन दुविधामा रहेको ?

अन्तरिम सरकारको नेतृत्वमा कार्की नियुक्ति भएपछि सुरक्षाकर्मीको घेरामा एमालेको महाधिवेशन सम्पन्न गरियो र एमाले अध्यक्षमा ओली नै दोहोरिए । के एमाले महाधिवेशन सुरक्षाको लागि प्रम कार्कीद्वारा १५ हजार बढी सुरक्षाकर्मी खटाइएको सत्य हो ?

यतिबेला एमाले एकातिर सर्वोच्च अदालतबाट प्रतिनिधिसभा पुन:स्थापना हुनुपर्ने तर्क राख्दै छ भने अर्कोतिर निर्वाचनको तयारी पनि गर्दै छ । अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीको नियुक्तिलाई असंवैधानिक बताउने एमाले उही कार्कीले बोलाएको बालुवाटार र सिंहदरबारको सर्वदलीय र सर्वपक्षीय बैठकमा 'अगाडि नै हाजिर किन हुन्छ ? यो जनतालाई धोका नै हो ।

केही दिनअघि राष्ट्रपतिले बोलाएको बैठकमा नेकाका शेरबहादुर देउवा, नेपाली कम्युनिस्ट पार्टीका पुष्पकमल दाहाल र एमाले अध्यक्ष ओली 'असंवैधानिक' अन्तरिम सरकारका प्रधानमन्त्री कार्कीसँग सामुन्ने बसे । ओलीले भदौ २३ र २४ गतेको तोडफोड र आगजनीमा दाहालका 'लडाकु' पठाइएको पनि दाबी गरे । त्यसयता बालुवाटारमा दाहालसँग पहिलो पटक प्रत्यक्ष भेटेका ओलीले सो विषय किन उठाएनन् ? ओलीले दाहाललाई किन कठघरामा उभ्याउन सकेनन् ? के ओलीका भनाइहरू आधारहीन हुन् ? ओलीले राष्ट्रपति पौडेललाई संविधानविपरीत कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्ति गरेको भनी किन सोध्न सकेनन् ? घटनाको हप्ता दिनपछि असोज ३ गते संविधान दिवसको अवसरमा राष्ट्रपतिले बोलाएको सर्वदलीय भेलामा ओलीले एमालेका नेताहरूलाई पनि पठाएर राष्ट्रपतिबाट कार्कीलाई प्रममा नियुक्तिको अनुमोदन किन गरे ? त्यतिबेला ओली सुपारीटार सैन्य ब्यारेकमा 'सुरक्षित' थिए रहेका होइनन् ?


भदौ २४ गते देशभरि आगजनी हुँदा बिहान सिंहदरबारमा विपक्षी दलसँग बैठक बसेका माओवादीका पुष्पकमल दाहाल र वर्षमान पुन, एसका माधवकुमार नेपाल सिंहदरबारभित्र सैन्य ब्यारेकमा सुरक्षित रहे । एमालेका ओलीलाई प्रधानमन्त्री बनाउन समर्थन गरेका नेकाका सभापति देउवा र देउवा पत्नी परराष्ट्र मन्त्री आरजु राणा पनि बुढानीलकण्ठको आफ्ना निवासमा 'सुरक्षित' बसेकै कारण कुटपिटमा परेको होइन ? भदौ २३ र २४ गतेको घटनालाई समीक्षा गर्दा शासक दलका नेता र कार्यकर्ताहरू झुट र खौवा साबित हुन्छ ।

नेपालको राजनीतिमा शासक दलहरू - नेका एमाले, नेपाली कम्युनिस्ट पार्टी, रास्वपा, राप्रपा, जसपा नेपाल, जनमत पार्टी, लोसपा, नाउपा आदिको नाम र नेता फरक छन् तर सरकारमा तिनीहरूको आर्थिक र विदेश मामिला एउटै भयो । यी पार्टीहरू बरोबर सरकारको नेतृत्व र मन्त्रीमा पुगे तर तिनीहरूले 'सत्ता' के हो बुझ्न सकेनन् । तिनीहरूले सरकारमा पुगेर देश र जनताको नि:स्वार्थ सेवा गरेनन् । तिनीहरूले सरकारमा गएर नेपाली जनतालाई २८ खर्ब रुपैयाँ बढी ऋण बोकाए, देशलाई भ्रष्टाचारको दलदलमा फसाए ।

यतिखेर नयाँ दल र नेता भन्नेहरू पनि 'प्रधानमन्त्री' बन्नेमा रस्साकस्सी गर्दै छन् । मुख्य विषय सरकारको पदमा पुग्ने र पैसा कुम्ल्याउने होइन । देश र जनताको नि:स्वार्थ सेवा हुने दर्शन, सिद्धान्त र कार्यक्रम कार्यान्वयन गर्नु मुख्य हो । उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादले मात्र देश र जनताको हित हुन सक्ने यथार्थ शासक दलहरूले किन बुझाएको हो ? यो यथार्थ शासक दलहरू र तिनका प्रधानमन्त्री तथा मन्त्री बनेका र अबका प्रम आकाङ्क्षी दलहरूले किन बुझ्नेनन् ? नेपाली जनताले आगामी चुनावमा मत हाल्नुअघि यी सबै विषयबारे सोच्नु जरुरी छ । नेका, एमाले र माओवादी, रास्वपा, राप्रपाको बरोबर भइरहेको निर्वाचन मोर्चा र सरकार गठबन्धन खौवा साबित भएन ? यो अवस्थामा अन्य दलहरूको चुनावी मोर्चाको औचित्य कसरी सावित हुन्छ ?

*२०८२ पुस १४*

# उखु किसानहरूलाई सरकारी अनुदान दिनु जरुरी छ




शुक्र

उखु खेतीमा लगानीअनुसार सरकारले समर्थन मूल्य नतोक्दा किसानहरू निरुत्साहित छन् । सरकारले किसानहरूको समस्या नसुन्दा चिनी उद्योगलाई कम मूल्यमै उखु बिक्री गर्न बाध्य छन् ।

गत वर्ष सरकारले उखुको मूल्य चिनी उद्योगको तर्फबाट ६२० रुपैयाँ र सरकारी अनुदान ७० रुपैयाँ प्रतिक्विन्टल दिने भनिए पनि किसानले आधामात्र अनुदान पाए । चिनी उद्योगहरूले चिनी बिक्री नभएको बहानामा ६ महिनासम्म पनि किसानलाई उखुको रकम भुक्तानी गरेनन् ।

पुस मसान्तसम्म उखु काटेर अर्को बाली लगाउनुपर्ने किसानहरूको बाध्यताको फाइदा उद्योगीहरूले उठाइरहेका छन् । गत वर्ष मङ्सिर २६ गते उखु क्रसिङ सुरु भएको थियो । यसवर्ष पुसमा मात्र क्रसिङ सुरु भयो । समयमै उखु क्रसिङ नभए अर्को बाली लगाउन असार कुर्नुपर्ने हुन्छ ।

कृषि मन्त्रालयको तथ्याङ्कले आव २०७४/७५ मा ७८ हजार ६०९ हेक्टरमा लगाइएको उखुबाट ३५ लाख १९ हजार ५६० मेट्रिक टन चिनी उत्पादन भएको देखायो । आव २०७५/७६ मा ७८ हजार ६०९ हेक्टरमा लगाइएको उखुबाट ३५ लाख ५७ हजार ९२६ मेट्रिक टन, आव २०७६/७७ मा ६८ हजार ५६५ हेक्टरमा लगाइएको उखुबाट ३४ लाख १७६ मेट्रिक टन, आव २०७७/७८ मा ५४ हजार ३५४ हेक्टरमा लगाइएको उखुबाट ३१ लाख १७६ मेट्रिक टन, आव २०७८/७९ मा६२ हजार ३०२ हेक्टमा लगाइएको उखुबाट ३१ लाख ५९ हजार ६२४ मेट्रिक टन, आव २०७९/८० मा ६२ हजार ८३३ हेक्टरमा लगाइएको उखुबाट ३१ लाख ५० हजार मेट्रिक टन, आव २०८०/०८१ मा ६२ हजार २२५ हेक्टरमा ३० लाख ८ हजार चिनी उत्पादन भएको थियो । यो तथ्याङ्कले चिनीमा देश आत्मनिर्भर हुने सरकारको भनाइ मिथ्या साबित भयो । भारतीय चिनीले नेपालको माग धानिरहेको हुँदा चिनीको मूल्य बढेको जानकारहरू बताउँछन् ।

नौ वर्षको तथ्याङ्क हेर्दा उखुको समर्थन मूल्य तुलनात्मक रूपमा नबढेको देखियो । आव २०७४/०७५ मा प्रतिक्विन्टल ५३६.५६ रुपैयाँ समर्थन मूल्य तोकेकामा २०७५/०७६ र २०७६/०७७ मा सोही मूल्य कायम भयो । २०७७/७८ मा ५४४.३३ रुपैयाँ, २०७८/०७९ मा ५ सय ९०रुपैयाँ, २०७९/०८० मा ६ सय १० रुपैयाँ, २०८०/०८१ मा ६ सय ३५ रुपैयाँ र यो वर्षको समर्थन मूल्य ६ सय ४० रुपैयाँ तोकेको छ । गत वर्षको तुलनामा यो वर्ष ५रुपैयाँ र ९ वर्षअघिको तुलनामा १ सय ५४.३६ रुपैयाँ बढेको तथ्याङ्कले देखायो । तर, एक दशकको बजार मूल्य हेर्ने हो भने दोब्बरभन्दा बढी बढेको छ । किसानहरूले यसवर्ष उखुको मुल्य ७ सय १० रुपियाँ पाउने आशा गरेका थिए । तर सरकारले किसानको लागतअनुसार मूल्य निर्धारण गरेन ।

मधेश प्रदेश सरकारले उखु किसानको समस्या समाधान तथा सुझाव समितिको प्रतिवेदन दराजमा थन्क्यायो । आफ्नो मन्त्री पद खुस्केपछि ती नै मन्त्रीहरू उखु किसानको रकम नदिई उद्योगीले अपराध गरेको बखान गर्दै छन् । प्रदेश सरकार गठन भएको आठ वर्ष हुँदा पनि उखु किसानका लागि कुनै पनि कानुन निर्माण भएन । शासक दलहरू सत्ता लुछाचुँडीमा मात्र समय बिताइरहेको किसानहरूको आरोप छ ।

भारतमा प्रतिकठ्ठा २५ देखि ४० क्विन्टल उखु उत्पादन हुने भए पनि नेपाली किसानहरूले उत्पादन बढाउन सकेको छैन । सरकारले आवश्यक सिँचाइको बन्दोबस्त नगर्दा कृषि उत्पादन घट्दो छ । देश चिनीमा आत्मनिर्भर बनाउन उखु किसानहरूका लागि बिउबिजन, रासायनिक मललगायतमा सरकारी अनुदान दिनुपर्दछ । सरकारको कृषि अनुदान फाइलमा नभई कृषि उपज उत्पादनअनुसार दिनुपर्ने किसानहरूको माग छ ।

# ‘विश्वविद्यालयहरू अध्ययनसँगै अनुसन्धानमा केन्द्रित हुनुपर्छ’

**औषधि खरिदको लागि वर्षको अरबौं अर्ब रूपैयाँ पैसा विदेश गइरहेको छ। नेपालमा भएका जडिबुटीहरूको अनुसन्धान गरेर देशको आवश्यकताअनुसार धेरै किसिमका औषधि उत्पादन गर्न सकिन्छ। पश्चिम नेपालका पहाडहरू जडिबुटी खेतीका लागि उपयुक्त छन्। सरकारले त्यसतर्फ ध्यान दिइरहेको छैन। नेपालले उपलब्ध जडिबुटीबाट औषधि उत्पादन गर्न नसक्दा हाम्रा जडिबुटीहरू कौडीको मूल्यमा भारतलाई बेचेर सुनको भाउमा किन्नु परेको छ। नेपाल विगतमा राम्रो आयुर्वेदको उपचार हुने देश पनि थियो। अहिले औषधिको लागि पुरै परनिर्भर हुँदै गएको छ। नेपाल औषधि लि. र सिंहदरबार वैद्यखाना बन्द हुने अवस्थामा पुगेका छन्। त्यहाँ उत्पादन हुने औषधि नबिकेर कर्मचारीहरूलाई तलब खुवाउन नसकेका समाचारहरू बाहिर आइरहेका छन्। नेपालका अस्पतालहरूले स्वदेशमा उत्पादित औषधि खरिद गर्नेतर्फ ध्यान दिएको देखिँदैनन्।**




- **सुनिल प्रजापति**, प्रमुख, भक्तपुर नगरपालिका

त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, काठमाडौं विश्वविद्यालय स्कूल अफ साइन्स, भौतिकशास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय कार्यशाला गर्न पाउँदा हामी ज्यादै खुसी छौँ।

विश्वविद्यालयहरूमा फिजिक्सका विद्यार्थी घट्दै गइरहेको बेला आज हामीले ‘खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५’ को उद्घाटन गर्दै छौँ। यस कार्यशालाले नेपालका विश्वविद्यालयहरूमा फिजिक्स पढ्ने विद्यार्थीहरूलाई उत्साहित गर्ने र नयाँ विद्यार्थीहरूको आकर्षण बढ्ने हामीले आशा गरेका छौँ।

भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको छ। तीमध्ये ख्वप कलेजमा विज्ञान विषयमा उच्च शिक्षाको कक्षा सञ्चालन हुँदै आएको छ। त्यहाँ हामीले फिजिक्स पढ्ने विद्यार्थीहरूको कमी अनुभव गर्दै आएका छौँ। यो कार्यशालाले हाम्रो कलेजमा पनि विद्यार्थीको आकर्षण बढ्ने आशा गरेका छौँ।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्यले हामीले भक्तपुर नगरपालिकामा काम गरिरहेका छौँ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले आजभन्दा दुईदशक अघि ‘सय वर्षपछिको भक्तपुर’ नाउँको किताब लेखेर भक्तपुरको सय वर्षपछिको रूपरेखा कोर्नुभएको थियो। हामीले त्यसैको आधारमा काम गरिरहेका छौँ। हामी जनप्रतिनिधिहरू नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित भएर पार्टीको नीति र निर्देशनअनुसार काम गरिरहेका छौँ। शैक्षिक क्षेत्रमा पनि हामीले निर्वाचन घोषणापत्रको आधारमा काम गरिरहेका छौँ।

नेपालका विश्वविद्यालयहरू अनुसन्धानकेन्द्रित हुन नसकेको हामीले आलोचना सुनिरहेका छौँ। भक्तपुर नगपालिकाले विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुनुपर्छ भन्ने कुरामा जोड दिँदै आइरहेको छ। नगरपालिकाअन्तर्गत सञ्चालित कलेजहरूमा अनुसन्धानको लागि छुट्टै बजेट विनियोजन गरी अनुसन्धानलाई प्राथमिकतामा राखेर काम गर्दै आइरहेका छौँ।

कृषिमा ६० प्रतिशतभन्दा बढी जनता आश्रित देशमा कृषि क्षेत्रमा अनुसन्धानको राम्रो बन्दोबस्त छैन। कृषि अनुसन्धान परिषद् (नार्क) नाम मात्रको छ। त्यहाँ दरबन्दीअनुसारको वैज्ञानिकहरू छैनन्। कृषिमा व्यापक रूपमा अनुसन्धान गर्न सकेमा नेपाल खाद्यान्न आयात होइन, छिट्टै नै निर्यात गर्ने स्थितिमा पुग्न सम्भव छ। दरबन्दीअनुसार वैज्ञानिकहरू उपलब्ध नहुँदा नेपालको विभिन्न स्थानमा रहेका कृषि अनुसन्धान केन्द्रहरू बन्द प्रायः छन्। वैज्ञानिकहरूलाई उचित सम्मान र सेवा सुविधा नहुँदा नेपालका राम्रा राम्रा कृषि वैज्ञानिकहरू विदेश पलायन भइरहेका छन्। सरकारले त्यस्ता वैज्ञानिकहरूलाई नेपालमै काम गर्ने वातावरण तयार गर्नु आवश्यक छ।

चीनका वैज्ञानिक युआन लोङफिङले हाइब्रिड बीउको आविष्कार गरे। सन् १९७९ मा त्यो हाइब्रिड बीऊ संरा अमेरिका पठायो। चीनको इतिहासमा त्यो नै बौद्धिक सम्पत्ति हस्तान्तरणको पहिलो उदाहरण बन्यो। हाइब्रीड बीउको आविष्कारले चीनलाई भोकमरीमुक्त देश बनायो। चीनले हाइब्रीड बीउ निर्यात गरेर देशको अर्थतन्त्रलाई मद्दत पुऱ्याइरहेको छ। हाम्रा विश्वविद्यालयहरूले पनि धान, गहुँ, फलफूल, पशु, जडीबुटीको अनुसन्धान गरेर देशलाई कृषिमा आत्मनिर्भर मात्र होइन कृषि उत्पादन निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्नेतर्फ सोच्नु आवश्यक छ।

औषधि खरिदको लागि वर्षको अरबौं अर्ब रुपैयाँ पैसा विदेश गइरहेको छ। नेपालमा भएका जडीबुटीहरूको अनुसन्धान गरेर देशको आवश्यकताअनुसार धेरै किसिमका औषधि उत्पादन गर्न सकिन्छ। पश्चिम नेपालका पहाडहरू जडीबुटी खेतीका लागि उपयुक्त छन्। सरकारले त्यसतर्फ ध्यान दिइरहेको छैन। नेपालले उपलब्ध जडीबुटीबाट औषधि उत्पादन गर्न नसक्दा हाम्रा जडीबुटीहरू कौडीको मूल्यमा भारतलाई बेचेर सुनको भाउमा किन्नु परेको छ। नेपाल विगतमा राम्रो आयुर्वेदको उपचार हुने देश पनि थियो। अहिले औषधिको लागि पुरै परनिर्भर हुँदै गएको छ। नेपाल औषधि लि. र सिंहदरबार वैद्यखाना बन्द हुने अवस्थामा पुगेका छन्। त्यहाँ उत्पादन हुने औषधि नबिकेर कर्मचारीहरूलाई तलब खुवाउन नसकेका समाचारहरू बाहिर आइरहेका छन्। नेपालका अस्पतालहरूले स्वदेशमा उत्पादित औषधि खरिद गर्नेतर्फ ध्यान दिएको देखिँदैनन्।

यी सबै सरकारले अनुसन्धानलाई प्राथमिकतामा नराख्नु र विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुन नसक्नुको परिणाम हो। सरकारले तत्कालको लागि मात्र सोच्ने होइन, देशको दीर्घकालीन हितलाई सोच्नुपर्ने हो। तर, नेपालमा त्यस्तो भइरहेको छैन। जुनसुकै पार्टी सरकारमा गए पनि शासक पार्टीहरूले आफ्नो र दलको मात्र हित हेर्दै आएका छन्। व्यापक जनताको हितमा कसैले सोचेका छैनन्। परिणाम देश क्रमशः ऋणमा डुब्दै गएको छ। सार्वजनिक ऋण २७-२८ खर्ब पुगेको छ। देशको अर्थतन्त्र धराशायी हुँदै छ।

अमेरिका, जापान र चीनको अर्थतन्त्र त्यत्तिकै राम्रो बनेको होइन। ती देशहरूले विश्वविद्यालयहरूलाई अनुसन्धानको केन्द्र बनाए। अनुसन्धान प्रतिवेदनहरूलाई राज्यले कार्यान्वयन गर्दै गए। वैज्ञानिकहरूलाई सम्मान र सुविधा दिए। आफ्नै देशमा बस्ने वातावरण बनाए। अझ देशका वैज्ञानिकहरूलाई पनि आकर्षित गरे। त्यसले राज्यको अर्थतन्त्रलाई पनि फाइदा गऱ्यो। अध्ययन र अनुसन्धानमा अगाडि बढेकै कारण ती देशहरू विश्व अर्थतन्त्रमा पनि अगाडि बढेका हुन्।

चीनले अनुसन्धानको क्षेत्रमा असाध्यै धेरै लगानी गरेको छ। एक रिपोर्टअनुसार त्यहाँ १० हजार ९०० अनुसन्धान गर्ने संस्थाहरू रहेको र ती संस्थाहरूमा ६२ लाख १० हजारभन्दा बढी मानिस अनुसन्धान र विकास (आरएन्डडी) मा संलग्न भएको देखाइएको छ। सन् २०१७ मा अनुसन्धानमा प्रत्यक्ष संलग्न पूर्णकालीनहरूको सङ्ख्या ४० लाख रहेको देखाइएको छ। चीन, अमेरिका र जापानपछि तेस्रोमा सूचीकृत छ।

चिनियाँ जनताको अथक मेहनतपछि चीनले विज्ञान र प्रविधिमा उल्लेख्य प्रगति गर्यो। अनुसन्धान र विकासको लागि चीनले हरेक वर्ष २० प्रतिशतको दरले औसत वृद्धि गरिरहेको पाइन्छ। सन् २०१७ मा अनुसन्धान र विकासको लागि मात्र १७ खर्ब ६० अर्ब युआन खर्च गरेको अभिलेख छ। चीनको राष्ट्रिय तथ्याङ्कअनुसार त्यो कुल गार्हस्थ उत्पादनको २.१३ प्रतिशत हो।

अहिले बौद्धिक सम्पत्तिको पनि त्यत्तिकै महत्त्व बढ्दै गएको छ। अमेरिका चीनबिच बौद्धिक सम्पत्ति खरिद बिक्री भइरहेको छ। अमेरिकाको बौद्धिक सम्पत्ति प्रयोग गरेबापत चीनले हरेक वर्ष भुक्तानी बढाइरहेको छ। अमेरिका चीनले बौद्धिक सम्पत्ति आयात गर्ने मुख्यस्रोत बनेको छ। सन् २०१२-२०१६ सम्म चीनले अमेरिकाबाट २८ हजारवटा बौद्धिक सम्पत्ति आयात गरेको तथ्याङ्क छ। सन् २०१७ मा मात्र चीनले अमेरिकालाई बौद्धिक सम्पत्ति आयात गरेबापत ७.२ अर्ब अमेरिकी डलर भुक्तानी गऱ्यो।

**यस्ता कुराहरूबाट नेपालले कहिले सिक्ने ?**

हाम्रा शासक दलहरू देश विकासका राम्रा राम्रा नारा दिन्छन्। नाराले विकास हुने होइन, अनुसन्धानबाट मात्र देश विकासको पथमा अगाडि बढ्न सम्भव छ। त्यसैले अब राज्यको ध्यान अनुसन्धानतर्फ केन्द्रित हुनुपर्छ भन्नेमा हामी पुनः जोड दिन्छौँ।

भक्तपुर नगरपालिकाले पनि यो वर्षको बजेटमा उपयुक्त स्थानमा अनुसन्धान केन्द्र बनाउने निर्णय गरेको छ। हामी त्यसको निम्ति प्रयास गरिरहेका छौँ। वैज्ञानिक र अनुसन्धानकर्ता साथीहरूबाट त्यस कार्यमा साथ र सहयोग पाउने आशा गर्छौं। सरकारको भरमा मात्र बस्यौँ भने प्रगतिको सम्भावना पनि देख्दैनौँ। सबैले आ-आफ्नो क्षेत्रबाट देशको लागि योगदान गरौँ ! दुई दिनसम्म चल्ने यस कार्यशालाको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौँ।

*(भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले त्रिभुवन विश्वविद्यालय भौतिकशास्त्र केन्द्रीय विभाग, काठमाडौं विश्वविद्यालय स्कूल अफ साइन्स, भौतिक शास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा पुस ७ गते भएको ‘खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधिहरूमा अन्तर्राष्ट्रिय कार्यशाला २०२५’ को उद्घाटन कार्यक्रममा व्यक्त मन्तव्यको सार)*

---

**सन्दर्भः भदौ २३ र २४ गतेको प्रदर्शन**

# साम्राज्यवादीहरूको ‘छद्म युद्ध’ अध्ययन – १३

✍ **रामरतन चौधरी**

**सिंहदरबारको इतिहास**

सन् १९०३ मा राणा चन्द्रशमसेरले काठमाडौं उपत्यकावासीको ३५० रोपनी जग्गा त्यतिबेलाको ९० रुपियाँको दरले सस्तोमा किनेर आफ्नो निजी निवासको रूपमा सिंहदरबार बनाउन सुरु गरेका थिए। दरबार निर्माण कार्य १ वर्षभित्रै सकिएको भनिन्छ। दरबारलाई चाहिने काठ नजिकैको जङ्गलबाट सित्तैंमा ल्याइएको थियो भने कामदारहरूलाई पनि चन्द्रशमसेरले बेला बेलामा भोज खुवाउने र खाजा खाना खुवाउनेभन्दा बढी ज्याला दिएनन्। धेरैजसो काम सेना र कैदीहरूद्वारा गराइयो। यसरी राणा चन्द्रशमसेरले उक्त दरबार निर्माण गर्न त्यतिबेलाको ५० लाख रुपियाँमात्रै खर्च गरेको अनुमान छ।

युरोपेली शैलीमा बनाइएको उक्त सिंहदरबारमा रहेका १ हजारभन्दा बढी कोठाहरूमा महँगा महँगा विदेशी सामानहरूलाई कलात्मक ढङ्गले सजाइएको छ। यो दरबारमा ७ वटा Courtyard (आँगन/चोक) थिए। प्रत्येक कोठामा मार्वल बिछ्याइएको थियो। सिंहदरबारभित्रको महत्त्वपूर्ण बैठक कक्ष ‘स्टेट हल’ फ्रान्सको “भर्सिलिज दरबार’ को मोडलमा बनेको छ। एकदिन चन्द्रशमसेर र उनकी कन्छी महारानी बालकुमारी देवी नयाँ दरबारको कौसीबाट बाहिर हेरिरहँदा बाघदरबारमा उनीहरूको आँखा पर्छ। सिंहदरबार बाघदरबारभन्दा धेरै भव्य थियो। चन्द्रशमसेरकी पत्नीले जिस्किँदै “महाराज त्यो बाघदरबार हो, यो नयाँ दरबारको नाम ‘सिंहदरबार’ राख्दा कसो होला ?” भनिन्। चन्द्रशमसेरले सहमति जनाउँदै त्यसबेलादेखि उक्त दरबारको नाम ‘सिंहदरबार’ राखिएको कथन छ। त्यतिबेला यो दरबारलाई एसियाकै सबभन्दा ठुलो भवन भनिन्थ्यो।

सिंहदरबार निर्माणपछि चन्द्रशमसेरले एकदिन भारदारी सभा राखे। त्यस बैठकमा उनले आजबाट जो ‘श्री ३ महाराज’ बन्छ उसले यसै दरबारमा बसेर राजकाज चलाउनेछ। यसर्थ, यो दरबार मैले नेपाल सरकारलाई आजै बेचिदिएँ भने। उनले उक्त दरबार नेपाल सरकारलाई बेचेको भनेर सरकारी ढुकुटीबाट २ करोड रुपियाँ लिए। करिब १ करोड ५० लाख त नाफा नै खाए। उनले १९६८ मङ्सिर ३० गते मृत्यु नभएसम्म त्यही दरबारमा बसेर शासन गरे। त्यसपछि अन्य राणा शासकहरूले पनि सोही दरबारमा बसेर शासन गरे।

**सिंहदरबारमा पहिलो आगलागी**

२०३० सालमा सिंहदरबारमा पहिलो पटक भीषण आगलागी भएको थियो। त्यसबेला पनि नेपाल सरकारको महत्त्वपूर्ण कागजात र सन्धि सम्झौताहरू जले। आगलागीले सिंहदरबारको ७० प्रतिशत भाग ध्वस्त पाऱ्यो भने २० जना मानिसको मृत्यु भयो। अनुसन्धान टिमले राति बिजुलीको तारमा सर्ट भएर प्राविधिक कमिकमजोरीको कारण आगलागी भएको प्रतिवेदन पेश गऱ्यो। प्रमाण नष्ट गर्ने उद्देश्यले षड्यन्त्रपूर्वक आगजनी गरिएको आशङ्का गरिएको भए पनि त्यसको ठोस प्रमाण फेला परेन। सिंहदरबार आगलागी भएपछि त्यतिबेलाका प्रधानमन्त्री कीर्तिनिधि विष्टले राजीनामा दिनुपरेको थियो। आगो पूर्णरूपमा निभाउन ३ दिन लागेको थियो भने जलेको सिंहदरबार पुनःनिर्माण गर्न ७ वर्ष (२०३७ सालसम्म) लागेको थियो।

**२०८२ भदौ २४ गते षड्यन्त्रपूर्वक पुनःआगलागी**

गत भदौ २४ गते जेन-जीको नाममा भएको नयाँ पुस्ताको आन्दोलनमा घुसपैठियाहरूले पुनः एकपल्ट सिंहदरबारलाई तारो बनाए। सुनियोजित ढङ्गले सिंहदरबारमा पुनःएकपल्ट आगो झोसियो। ‘न्यूयोर्क टाइम्स’, ‘द ग्रे जोन’ (The Grayzone) जस्ता अमेरिकी सञ्चार माध्यमहरूले पनि नेपालको सिंहदरबारमा सुनियोजित ढङ्गले आगो लगाइएको समाचार प्रकाशन गरे।

समाचारअनुसार सेप्टेम्बर ९ मा प्रदर्शनकारीहरूको भिड दुई घण्टाभित्रै संसद्बाट सर्वोच्च अदालत हुँदै सिंहदरबार पुगेको थियो। भिड आएको आधाघण्टाभित्रै भवनबाट धुवाँ निस्कन थाल्यो। आगोको आकारप्रकार हेर्दा आगजनीको निम्ति सोडियम वा म्याग्नेसियमजस्ता रसायनहरू प्रयोग गरिएको विश्लेषकहरू बताउँछन्। विश्लेषकहरू सङ्गठनात्मक क्षमताको कुशल तयारी बिना छोटो समयमै यति धेरै भवनहरूमा आगो लाग्न नसक्ने बताउँछन्।

आगलागी भएको बेला सिंहदरबार परिसरको माथिल्लो तलाका झ्यालहरू खुला छाडिएका थिए। खुला छाडिएका झ्यालहरूको कारण आगो फैलिन सजिलो भएको आगजनीका विज्ञहरूको अनुमान छ। सिंहदरबार तीन दिनसम्म जलिरह्यो। आगो निभाउने गतिलो प्रयास भएन। आगो निभाउन नजिकै रहेको काठमाडौँ महानगरले दमकल नपठाएको गुनासो सुनियो। सेनाको व्यारेकमा रहेको दमकलले पनि आगो निभाउने प्रयास गरेन। सामान्य अवस्थामा २० मिनेटभित्रै दमकल पुग्न सक्छ। तर, त्यसदिन त्यहाँ दमकल नै पुग्न नसकेको गुनासो छ।

सिंहदरबारमा २०३० सालमा आगलागी हुँदा आगो एक निश्चित ठाउँबाट सुरु भएर क्रमिक रूपमा फैलिएको थियो। त्यो आगोको प्रकृति परम्परागत थियो। भवनको काठ र कागजपत्रलाई इन्धन बनाउँदै विस्तारै फैलिएको थियो। तर, यसपटकको आगोको फैलावट अस्वाभाविक तथा भयावह थियो। विज्ञानका अनुसार सिंहदरबारको बाक्लो पर्खाल र इँटाले बनेको संरचनामा आगो लाग्न गाऱ्हो हुन्छ। सामान्य अवस्थामा आगो एउटा कोठामा मात्र सीमित हुनुका साथै ढोका वा झ्याल फोडेर नयाँ अक्सिजन र इन्धन नपाएसम्म आगो सुस्त गतिमा मात्रै सल्किरहन्छ। एउटा कोठाबाट अर्को तलामा पुग्न धेरै समय लाग्छ। तर, सिंहदरबारको आगो केही मिनेटमै एउटा पुरै तलाको धेरै कोठाहरूमा फैलिएको थियो। पेट्रोलले आगो बले पनि यतिविघ्न फैलावट र ताप दिन सक्दैन। विज्ञहरूले यसको प्रकृतिलाई हेरेर फलामसमेत पग्लन सक्ने २५०० डिग्रीसम्म ताप उत्पादन गर्ने रसायनहरू प्रयोग गरिएको अनुमान गरेका छन्।


सहरी विकास मन्त्रालयमा कार्यरत एक इन्जिनियरले भने, २०७२ सालको भूकम्पपछि सिंहदरबारको पुनःनिर्माण निकै बलियो किसिमबाट गरिएको थियो। सामान्य व्यक्तिहरूलाई सिंहदरबार जलाउन निकै कठिन हुन्छ। किनभने हम्मेसी सिंहदरबार जल्दैन। भवन जलाउने विषयमा ज्ञान भएका केही व्यक्तिसमेत आगजनीमा सहभागी भएको अनुमान गरिएको छ। सिंहदरबार जलाउन केही व्यक्ति बोटलमा पेट्रोल तथा अन्य प्रज्ज्वलनशील पदार्थ लिएर योजनबद्ध किसिमबाट गएको देखिन्छ। आन्दोलनकारीहरूले छानी छानी महत्त्वपूर्ण कागजात भएका कोठाहरू जलाए। (नागरिक दैनिक २०८२ पुस १३)

*बाँकी पृष्ठ ९ मा*

# अध्यक्ष माओ त्सेतुङको विचार तथा दर्शनबारे

✍ **समा**

माओ विचारधारा र दर्शनसम्बन्धी अध्यक्ष माओको धारणा बुझ्न उहाँका महत्त्वपूर्ण कृतिहरूमध्ये 'दर्शनबारे पाँच कृतिहरू' को अध्ययन आवश्यक छ। नेपालको राजनीतिक डबलीमा दर्शनबारे माओको विचारबारे निरन्तर चर्चा चलिरहेकै छ। माओ त्सेतुङ विचारधाराको व्यावहारिक अनुसरण नेपालको कम्युनिस्ट आन्दोलनले के कति गऱ्यो ? कसले गऱ्यो ? यसको जवाफ खोज्न अध्यक्ष माओको 'दर्शनबारे पाँच कृतिहरू' अध्ययनले सहयोग गर्नेछ। माओका यी रचनाहरू कल्पनाको आधारमा लेखिएका होइनन्। जनताको सङ्घर्षको मैदानबाट जन्मेका हुन्। यी कृतिहरूमा संसारको व्याख्या त छ नै संसार बदल्ने आह्वान पनि छ। यी कृतिहरू व्यवहारसँग जोडिएका छन्। सङ्घर्षको मैदानमा देखापरेका चुनौतीको सामना गर्दागर्दै अप्ठ्यारा र कठिन पहाड चढ्दाचढ्दै, आँधीबेहरीसँग जुझ्दाजुझ्दै बटुलेका अनुभवलाई सिद्धान्तको कसीमा घोटेर तयार पारिएका रचनाहरू हुन् यी। यसको अध्ययन र छलफलले नेपाली कम्युनिस्ट आन्दोलनलाई बुझ्न सघाउनेछ। जनताका आन्दोलनभित्र देखापर्ने सैद्धान्तिक र व्यावहारिक




समस्याहरूको केस्राकेस्रा केलाई समाधान समेत दिइएको छ। दर्शनलाई जीवनपद्धति र जनसङ्घर्षसँग नजोडे जीवन र सङ्घर्षको औचित्य कहाँ रहन्छ ? माओ लेख्नुहुन्छ - "दर्शनशास्त्रलाई दार्शनिकहरूको प्रवचन कोठाहरू र पाठ्यपुस्तकहरूको सीमित घेराबाट मुक्त पार र यसलाई व्यापक जनसमूहको हातमा रहेको एउटा धारिलो हतियारको रूपमा फेर।" अध्यक्ष माओले त्यसका निमित्त जीवनभर लड्नुभयो। युग-युगसम्मलाई आफ्नो विचार उपहार छोड्नुभयो। दर्शनशास्त्रलाई जनतासँग जोडेकै कारण आज चीनका किसान र मजदुरहरूले दार्शनिक रचना तयार पार्छन्। किसान-मजदुरलाई नै दर्शन पढाइयो, सिद्धान्त सिकाइयो र दर्शन, सिद्धान्तलाई तिनको जीवनसँग एकाकार गरियो। त्यसकारण, आज देश किसान र मजदुरहरूको छ। जनताको सांस्कृतिक स्तरसम्म मार्क्सवाद-लेनिनवाद पुऱ्याउन माओले गर्नुभएको कडा परिश्रमको प्रतिविम्ब यी रचनाहरूमा भेटिन्छ।

क्रान्तिको सफलतापछि क्रान्तिका उपलब्धि अर्थात् समाजवाद जोगाउने र समाजवादी बन्दोवस्तको जग बलियो बनाउने सङ्घर्षमा माओका बुद्धिमत्तापूर्ण प्रयासहरू यी कृतिहरूमा छन्। तत्कालीन समयमा चीनको समाजवाद नजोगिए चीन युग-युगसम्म पराधीन रहने र विश्व कम्युनिस्ट आन्दोलनमा नकारात्मक प्रभाव पर्ने पक्का थियो। चीनको समाजवाद जोगाउन जनतालाई वैचारिक तथा सैद्धान्तिकरूपमा दीक्षित र जानकार बनाउनु अहम् प्रश्न थियो। चीनको पराजय साम्राज्यवादको विजय थियो। चीनको विजयले साम्राज्यवाद त्रसित बन्यो। तेस्रो विश्वको एकता साम्राज्यवादविरुद्ध सङ्घर्षका निम्ति हुने अध्यक्ष माओको विचार थियो। साम्राज्यवादीहरू तेस्रो विश्वयुद्ध गर्न उद्दत देखिए पनि त्यसबाट साम्राज्यवादी व्यवस्थाकै पतन हुने, तेस्रो विश्वले निर्णायक भूमिका खेल्ने अध्यक्ष माओ विश्वास व्यक्त गर्नुहुन्थ्यो। पुस्तक बोल्छ - "आज सिंगो चीन अध्यक्ष माओका विचारको अध्ययन कक्ष र प्रयोगशालाको एक आदर्श उदाहरण बन्न सफल छ।"

यस पुस्तकभित्र अध्यक्ष माओको 'व्यवहारका विषयमा' अन्तरविरोधबारे जनताबीचका अन्तरविरोधहरूको सही सञ्चालन, प्रचार-कार्यसम्बन्धी चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय सम्मेलनको भाषण, सही विचार कहाँबाट आउँछ ? रचनाहरू सङ्ग्रहित छन्। यसले दर्शनबारे अध्यक्ष माओको विचार बुझ्न सहज बनाएको अनुभव हुन्छ।

'व्यवहारका विषयमा' माओले मार्क्सवादी विचारको गम्भीर अध्ययनमा जोड दिनुभएको छ। ज्ञानका समस्याहरूलाई मानिसको सामाजिक प्रकृतिभन्दा छुट्टै राख्नु हुँदैन। ज्ञानलाई मानिसको ऐतिहासिक विकासभन्दा पर राखेर हेरिनुहुँदैन। सामाजिक व्यवहारमा ज्ञानको निर्भरता अर्थात् उत्पादन र वर्गसङ्घर्षमा ज्ञानको निर्भरता बुझ्न जरुरी हुन्छ। ज्ञानलाई उत्पादन गतिविधि र द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणभन्दा अलग पार्न गर्न सकिँदैन। मानव ज्ञान विकसित हुने प्रारम्भिक स्रोत उत्पादन नै हो पछि सामाजिक व्यवहारले वर्गसङ्घर्ष, राजनैतिक जीवन, वैज्ञानिक र कलात्मक खोज अर्थात् सामाजिक व्यवहारका सबै पक्षमा मानिसले भाग लिन्छ। यी सम्पूर्ण पक्षले मानव ज्ञान फराकिलो बनाउँछ। कुनै विचारमा वर्गको छाप पर्नु स्वाभाविक हो। सिद्धान्त व्यवहारसँग प्रत्यक्ष जोडिनुपर्छ र व्यवहार सिद्धान्तकै आधारमा विकसित भएको हुनुपर्दछ। सिद्धान्त र विचारलाई ग्रहण गर्ने तरिका द्वन्द्वात्मक भौतिकवाद नै हो।


कुनै ज्ञान अथवा सिद्धान्तको सत्य मनोगत भावनाहरूबाट निश्चित हुन्छ भन्नुहुन्छ अध्यक्ष माओ। सामाजिक व्यवहार मात्र सत्यको कसी हुन सक्छ। ज्ञानको द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तमा व्यवहारको दृष्टिकोण नै प्राथमिक र मूल दृष्टिकोणको रूपमा पुस्तकमा व्याख्या छ।

क्रान्ति र सङ्घर्षमा सिद्धान्तको आवश्यतालाई मार्क्सवाद जोड दिन्छ। लेनिनको भनाइ छ -"क्रान्तिकारी सिद्धान्त नभईकन क्रान्तिकारी आन्दोलन हुन सक्दैन।" सही सिद्धान्त मात्रले सङ्घर्ष अघि बढ्दैन। ज्ञान व्यवहारबाट सुरु हुन्छ र व्यवहारबाट प्राप्त गरिएको सैद्धान्तिक ज्ञानले फेरि व्यवहारमा नै फर्कनुपर्छ। वैचारिक ज्ञानबाट क्रान्तिकारी व्यवहारतर्फको फड्को अझ महत्त्वपूर्ण हुन्छ भन्नुहुन्छ अध्यक्ष माओ। उहाँ लेख्नुहुन्छ - मार्क्सवाद-लेनिनवाद मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनले वैज्ञानिकरूपबाट स्थापित गर्नुभएकोले मात्र साँचो ठानिएको होइन, त्यसपछिको क्रान्तिकारी वर्गसङ्घर्षको व्यवहारमा समेत प्रमाणित ठहरिएकोले नै यो साँचो मानिएको हो। त्यसकारण व्यवहार सत्यको कसी हो र ज्ञानको सिद्धान्तमा जीवनको दृष्टिकोण, व्यवहारको दृष्टिकोण पहिलो र मूल कुरा हुनुपर्दछ। स्तालिनको भनाइ पुस्तकमा छ -"क्रान्तिकारी व्यवहारसित गाँसिएन भने सिद्धान्त निरर्थक हुन्छ। जसरी क्रान्तिकारी सिद्धान्तद्वारा व्यवहारको बाटोमा उज्यालो देखाइएन भने व्यवहार अँध्यारोमा छामछाम छुमछुम गरेजस्तो हुन्छ। सत्य तथ्यको आधारमा माओले व्यवहारद्वारा सत्यको खोजी गर ! फेरि व्यवहारद्वारा सत्यलाई सच्याऊ र विकसित गर ! अर्थात् व्यवहार, ज्ञान फेरि व्यवहार र फेरि ज्ञानको विचार व्यापक बनाउनुभयो। उहाँले वास्तवमै विचार, ज्ञानलाई वर्गसङ्घर्ष र व्यवहारसँग जोड्नुभयो। त्यहाँबाट प्राप्त ज्ञानलाई पुन: समाजवाद निर्माणको चरणसँग जोड्नुभयो्।

'अन्तरविरोधबारे' माओको दार्शनिक रचनामध्ये एक हो। वस्तुहरूमा अन्तरविरोधको नियम भौतिकवादी द्वन्द्ववादको आधरभूत नियम हो भनिएको छ। लेनिनका अनुसार त सही अर्थमा द्वन्द्ववाद भनेको पदार्थहरूभित्र रहेको अन्तरविरोधको अध्ययन हो। विभिन्न सवाल र दार्शनिक समस्याहरूको समाधानका लागि भौतिकवादी द्वन्द्ववादको ज्ञान जरुरी हुन्छ। विश्व दृष्टिकोणहरू, अन्तरविरोधको सार्वभौमिकता, अन्तरविरोधको विशिष्टता, मुख्य अन्तरविरोध र अन्तरविरोधको पनि मुख्य पक्ष, अन्तरविरोधका पक्षहरूका माझ रहेका एकरूपता र तानातान अनि अन्तरविरोधमा शत्रुताको निर्धारण जस्ता समस्याहरूको छलफल छ।

अध्यात्मवादी धारणा र द्वन्द्वात्मक धारणा परस्पर विरोधी खालका विश्व दृष्टिकोण हुन्। अध्यात्मवाद र भौतिकवादबीचको अन्तरविरोधको विश्लेषण पुस्तकमा छ। वस्तु र परिस्थितिभित्र र बाहिरका अन्तरविरोधहरूको नियम बुझ्न पुस्तकले सघाउँछ। सबै वस्तुहरूको विकासको प्रक्रियामा अन्तरविरोध रहन्छ र हरेक वस्तुको विकासको प्रक्रियामा विपरीत तत्त्वहरूको गति सुरुआतदेखि अन्तसम्म कायम रहने बताइएको छ। एङ्गेल्सका अनुसार गति आफै एउटा अन्तरविरोध हो। अन्तरविरोध नभएको कुनै चीज हुन्न र कुनै चिज टिकिरहन सक्दैन। मानिसको जीवन पनि अन्तरविरोधपूर्ण हुन्छ। अन्तरविरोध टुङ्गिएपछि जीवन पनि सकिन्छ। युद्ध मैदानदेखि पार्टीभित्र, विचारदेखि जीवनपद्धतिसम्म अन्तरविरोध रहन्छ। त्यसकारण, अन्तरविरोधको सार्वभौमिकता र निरपेक्षता रहेजस्तै यसको विशिष्टता र सापेक्षताबारे पनि अध्ययन आवश्यक छ। समाजको हरेक रूप र विचारधारा एवम् हरेक प्रणालीको विशिष्ट अन्तरविरोध हुन्छ। शास्त्र र विज्ञानका सम्पूर्ण हाँगाबिँगाको छुट्टाछुटै र विशिष्ट अन्तरविरोध रहन्छ। रसायन-विज्ञानमा विघटन र सङ्घटन, वर्ग र वर्गसङ्घर्ष, युद्ध विद्यामा जाइलाग्नु र जोगिनु दर्शनशास्त्रमा आदर्शवाद र भौतिकवाद, अध्यात्मपन्थी दृष्टिकोण र द्वन्द्ववादी दृष्टिकोण लगायत थुप्रै विषयलाई बेग्लाबेग्लै हाँगाहरूको रूपमा अध्ययन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। गुणात्मकरूपले फरक हरेक अन्तरविरोधलाई फछ्र्यौट अर्थात् समाधान गुणात्मकरूपले फरक जुक्तिबाट मात्रै गर्न सकिने विचार छ। जस्तै सर्वहारावर्ग र पुँजीपति वर्गबीच अन्तरविरोधको फछ्र्यौट समाजवादी क्रान्तिको जुक्तिबाट मात्र गर्न सकिन्छ। पुँजीवादको आर्थिक बनोटको अन्तरविरोध उत्पादनको सामाजिक स्वरूप र स्वामित्वको निजी स्वरूप माझको अन्तरविरोध हो भन्न सकिन्छ। वर्ग सम्बन्धको आँखाले हेर्दा यो पुँजीपति र सर्वहारावर्गबीचको अन्तरविरोध हो। पुँजीवादी समाजमा सर्वहारावर्ग र पुँजीपति वर्गले नै मुख्य अन्तरविरोध निम्त्याउने उल्लेख पुस्तकमा छ। त्यसरी नै मानव समाजको विकासक्रमअनुसार अन्तरविरोधहरू बदलिएको देखिन्छ। साम्राज्यवादविरुद्ध स्वतन्त्रता र मुक्ति युद्धको अन्तरविरोध फेरि बेग्लै हुन्छ। चीनको वस्तुस्थिति अवगत गराउँदै अन्तरविरोधहरू केलाइएको छ।

परस्पर विरोधी पक्ष या तत्त्वकै आधारमा कुनै पनि चिजको अस्तित्व रहेको हुन्छ। त्यसकारण, अन्तरविरोधका पक्षहरूका माझ रहेको एकरूपता र तानातानबारे बुझ्न जरुरी हुन्छ। अन्तरविरोधमा शत्रुताको निर्धारित कार्यबारे छलफल गर्ने क्रममा माओले सोभियत सङ्घको उदाहरण दिनुभएको छ। एउटै पार्टीभित्रका गलत विचार र सही विचारबीचको अन्तरविरोधले गलत विचार परास्त नभई त्यसैमा अडान लिएर बसेपछि अन्तरविरोधले शत्रुतापूर्ण रूप लिन्छ। त्यसकारण, अन्तरविरोध र शत्रुता एउटै विषय होइन। अन्तरविरोधको नियम प्रकृति र समाजको आधार नियम पनि भएको हुँदा जनताबीचका अन्तरविरोधहरूको सही सञ्चालन आवश्यक छ। 'जनताबीचका अन्तरविरोधहरूको सही सञ्चालन' अर्को महत्वपूर्ण दार्शनिक विश्लेषण हो। आफू र बैरीबीचका अन्तरविरोध, जनताबीचका अन्तरविरोधलाई यस शीर्षकमा छलफल गरिएको छ। हामी र बैरीबीच हुने अन्तरविरोध स्वभावत: शत्रुतापूर्ण हुने गर्दछ। जनता जनताबीचको अन्तरविरोध शत्रुतापूर्ण हुने गर्दैन। युग परिवर्तन या व्यवस्था परिवर्तनसँग जनताबीचको अन्तरविरोध बदलिएको देखिन्छ। सर्वहारा जनताको एकता त छँदै छ, विशेष परिस्थितिमा राष्ट्रिय पुँजीपतिहरूसित एकता स्थापित गर्न उनीहरूलाई शिक्षित पार्ने नीति लिनुपर्दछ। समाजवादी निर्माणको कार्यमा अवरोध खडा गर्ने, प्रतिक्रियावादी तथा प्रतिक्रान्तिकारीहरूलाई दबाउनुको विकल्प रहन्न। ती तत्त्वहरूका कारण पुँजीवाद बिउँतिन सक्ने सम्भावना समाप्त गर्नुपर्दछ। यद्यपि, जनताबीच रहने अन्तरविरोधहरू सल्टाउने कोसिस पनि जारी रहनुपर्दछ। आलोचना, छलफल, चेतना या शिक्षा दिने काम निरन्तर अगाडि बढाउनुपर्दछ। चीनको हकमा देश मुक्त भएपछि चिकपाले 'एकता-आलोचना-एकता' को पद्धतिलाई चिकपा र अरू प्रजातान्त्रिक पार्टीहरू र औद्योगिक तथा वाणिज्य मण्डलीहरूको सम्बन्धमा प्रयोग गऱ्यो। यसले जनताजनताबीचको अन्तरविरोध फछ्र्यौटमा सघायो। सन् १९४२ को शुद्धीकरण आन्दोलन अर्को दृष्टान्त हो। समाजवादले मात्र चीनलाई बचाउन सक्छ भन्ने प्रस्ट थियो। भर्खरै स्थापना भएको समाजवादलाई जोगाउन सामना गर्नुपर्ने अन्तरविरोधहरू एकदमै फरक थिए। समाजवादी समाजका अन्तरविरोधहरू पुँजीवादी बन्दोवस्तमा झैं शत्रुतापूर्ण हुने गर्दैन, व्यवस्थाले नै अन्तरविरोधको समाधान गर्छ। चीनको अनुभवले यही भन्छ। प्रतिक्रान्तिकारी दमन, दक्षिणपन्थी विचार, वामपन्थी विचारविरुद्ध मार्क्सवादी या कम्युनिस्ट विचारबीचको अन्तरविरोध चलिनैरहन्छ। कृषि क्षेत्रमा देखिने अन्तरविरोध निजी कृषि अर्थव्यवस्था र समाजवादी औद्योगिकीकरणबीच रहन्छ। कृषिमा सहरीकरण या सामूहिकीकरणले पुँजीवादी व्यवस्थाको समस्या र बुद्धिजीवीहरूको प्रश्नलाई माओले मिहिन छलफल गर्नुभएको छ। समाजवाद निर्माण र जोगाउने प्रश्नमा उद्योगपति, व्यापारी र बुद्धिजीवीहरूको भूमिका बेजोडको रहन्छ। मार्क्सवाद-लेनिनवादलाई व्यवहारको कसीमा घोटेर ज्ञान ग्रहण गरेका बुद्धिजीवीहरूले वास्तवमा समाजवाद रक्षार्थ भूमिका निर्वाह गर्छन्। विचारधारात्मक र राजनैतिक स्तर उकासेका बुद्धिजीवीहरूले समाजवाद



विकासमा सघाउँछ। सही विचारधारा या सिद्धान्तविनाका बुद्धिजीवीले जनता र देशका निम्ति केही दिन सक्दैन। ती चेतना नभएका जड कहलिन्छन्।

राष्ट्रिय अल्पसङ्ख्यक जातिहरूको समस्यालाई अध्यक्ष माओले असाध्यै संवेदनशील भई सल्टाउनुभयो। अल्पसङ्ख्यकको सहअस्तित्वका लागि चीनको प्रयास सार्थक बन्यो। देशको विकासका निम्ति सर्वाङ्गीण योजना, सर्वाङ्गीण दृष्टि र सही प्रबन्धहरू अपनाइयो। समाजवादको विकासका निम्ति आर्थिक रूपान्तरण जति अनिवार्य थियो। त्यति नै राजनैतिक र सांस्कृतिक रूपान्तरण आवश्यक थियो। त्यसकारण, दर्शन र सैद्धान्तिक ज्ञानलाई व्यवहारसँग मिलाउने र समाजवादको जग सैद्धान्तिकरूपले खँदिला जनतामाझ ठड्याउने अध्यक्ष माओको उद्देश्य सार्थक बन्यो। उहाँले सयौँ फूलहरू फुल्न दिने, सयौँ खालका विचारधाराहरूको तछाड मछाड हुनदिने र दीर्घकालीन सहअस्तित्व एवम् आपसी रेखदेखको नारा अघि सार्नुभयो। सयौँ फूलहरू फुल्न दिने र सयौँ खालका विचारधाराहरूमा प्रतिस्पर्धा हुन दिने नीतिको उद्देश्य विज्ञानको प्रगति तथा कलाको समृद्धि गराउनु हो र यस नीतिमार्फत देशमा समाजवादी संस्कृति हुर्काउनु हो भनिएको छ। हरेक नयाँ विचारको प्रादुर्भावमा प्रहार भोग्नुपर्ने नै हुन्छ। मार्क्सवादमाथि आजसम्म पनि प्रहार भइरहेकै छ। यद्यपि, मार्क्सवाद सङ्घर्षबाट फल्छ-फुल्छ। अन्य विचारहरूलाई फुल्न-फल्न दिनुको अर्थ, प्रतिस्पर्धा गर्न दिनुको अर्थ मार्क्सवादलाई अझ बलियो, दरिलो बनाउनु हो। मार्क्सवाद विज्ञान हो र बहुसङ्ख्यक जनताको मुक्तिको उपाय पनि हो त्यसकारण सम्पूर्ण पुराना र अन्य विचारसँगको प्रतिस्पर्धामा मार्क्सवाद अझ दरिलो बन्दछ।

चीनले लामो समय जापानी उपनिवेशविरुद्ध सङ्घर्ष गऱ्यो, अमेरिकी साम्राज्यवादविरुद्ध लड्यो। त्यो समयमा जनताको एकता बेग्लै ढङ्गले महत्त्वपूर्ण थियो। क्रान्तिको दौरान वैचारिक धरातल बलियो बनाउन शुद्धीकरण आन्दोलनसँगै आर्थिक जग बलियो बनाउन 'सान्-फान्' (१९५२) आन्दोलन अघि बढायो। भ्रष्टाचार, नोक्सानी र नोकरशाहीका विरुद्ध सङ्घर्ष गऱ्यो। सन् १९५५ तिर चीनले धेरै हदसम्म फारोतिनो गर्ने कुरामा जोड दियो। उत्पादन बढाउने, मनपरी खर्च नगर्ने, खेर नफाल्ने संस्कार विकासमा जोड दियो। चीनलाई समृद्ध बनाउन औद्योगिकीकरणको बाटो अनिवार्य थियो तर चीनले माटो सुहाउँदो स-साना उद्योग, हस्तकला र कृषिसँग जोडिएका उद्योगहरूमा जोड दियो। समाजवादमा रहने श्रमिक र किसानबीचको अन्तरविरोध हटाउन ग्रामीण क्षेत्र केन्द्रित स-साना उद्योगहरू स्थापना गरियो। आज त्यसको प्रतिफल संसारले देखिरहेको छ।

'सही विचार कहाँबाट आउँछ ?' भन्ने प्रश्नमा माओ लेख्नुहुन्छ- "मानिसको सामाजिक अस्तित्वले नै उसको विचारको निर्धारण गर्छ। एकचोटि प्रगतिशील वर्गको प्रतिनिधित्व गर्ने सही विचारलाई जनसमूहले बुझिसकेपछि ती विचारहरू भौतिक शक्तिमा फेरिन जान्छन् जसले समाजलाई फेर्छ र संसारैलाई फेर्छ।" पुस्तकभित्र 'प्रचार-कार्यसम्बन्धी चिनियाँ कम्युनिस्ट पार्टीको राष्ट्रिय सम्मेलनमा भाषण' बेजोडको छ। पुँजीवादी बन्दोवस्त र समाजवादी बन्दोवस्तबीचको भिन्नता, अन्तरविरोधहरूको चर्चा छ। आधुनिक उद्योग, आधुनिक कृषि तथा आधुनिक विज्ञान र संस्कृतिसहितका समाजवाद निर्माण नै युगको माग हो। त्यसका निम्ति श्रमिक र किसानहरूलाई नै बुद्धिजीवी बनाई जनशक्तिका रूपमा तयार गर्नुपर्छ। बुद्धिजीवीहरूले मोटा र ठूला पुस्तकमात्र पढेर हुन्न जमिन अर्थात् जनतासँग प्रत्यक्ष जोडिनुपर्छ, एक हुनुपर्छ। शुद्धीकरण आन्दोलनले सत्य र स्पष्ट विचारलाई जीवन्त राख्छ। गलत र नराम्रा विचारहरूको जरा उखेल्छ। यसरी नै चीनको समाजवादको जग बलियो भएको हो भन्न सकिन्छ।

सिद्धान्तलाई व्यवहारमा जोड्ने र व्यवहारबाट पुन: ज्ञान हासिल गर्ने, मानवसमाजका अन्तरविरोधहरूसँग निरन्तर जुझिरहने, विचारहरूको प्रतिस्पर्धा गर्न दिने, शुद्धीकरण आन्दोलन सँगै देशको वैचारिक भूधरातल खँदिलो बनाउने र आर्थिक समृद्धिको जग तयार गर्ने प्रश्नहरूमा माओको विचार आज पनि उत्तिकै सामयिक छन्। यी विचारको सही ढङ्ग अनुसरण नगरेकै कारण आज नेपालको कम्युनिस्ट आन्दोलनले क्षति भोग्दै छ।

# पटक पटक सत्तामा पुगेका राजनीतिक दलहरूले हरेक वर्ष हिसाब किताब सार्वजनिक गर्नुपर्ने



रामप्रसाद प्रजापति

**राजनीतिक दल**

राजनीतिक दल भनेको एउटै विचारधारा, नीति तथा कार्यक्रममा विश्वास गर्ने व्यक्तिहरूको सङ्गठित समूह हो । जसको मुख्य उद्देश्य राज्य सत्ता प्राप्त गर्नु, शासन व्यवस्था सञ्चालन गर्नु वा शासन व्यवस्थामा प्रभाव पार्नु हो ।

प्रत्येक राजनीतिक दल आ-आफूले अँगालेको राजनीतिक सिद्धान्त र विचारधाराबाट निर्देशित हुन्छ । सोहीअनुसार राजनीतिक, सामाजिक एवं आर्थिक सोच तयार गर्दछ । सत्ता प्राप्तिका लागि बहुमत जनतालाई आफ्नो राजनीतिक विचार र सिद्धान्तबाट सचेत र सङ्गठित गर्दछ । निर्वाचनमा आफ्नो निर्वाचन घोषणापत्रबमोजिम मत माग्ने र बहुमत प्राप्त गरे सोही निर्वाचन घोषणापत्रबमोजिम काम/व्यवहार गर्दछ ।

त्यसैले राजनीतिक दलको प्रमुख कामहरू भनेको जनतालाई राजनीतिक रूपमा सचेत र सङ्गठित गर्ने, जनताको माग र समस्या सरकारसम्म पुऱ्याउने, नेतृत्व विकास गर्ने, निर्वाचनमा बहुमत प्राप्त भएमा सरकार बनाउने र आफ्नो निर्वाचन घोषणापत्रबमोजिम ऐन, कानुन, नीति निर्माण र त्यसको कार्यान्वयन गर्ने, बहुमत प्राप्त नभए प्रखर प्रतिपक्षको रूपमा सरकारको रचनात्मक आलोचना र निगरानी गर्ने हो ।



तर नेपालमा प्रमुख प्रतिपक्षमा रहेर देश र जनताको हितका लागि सरकारको आलोचना गर्नुपर्ने दल र सबैभन्दा बढी सिट पाएको दल नै मिलेर सरकार गठन गरेको र सो बहुमत प्राप्त दलहरूको झण्डै दुईतिहाइको सरकार युवाहरूको दुई दिनको प्रदर्शनीको प्रहारबाट सत्ताच्यूत भई निर्लज्जतापूर्वक सत्ता हस्तान्तरण गर्नुपरेको पछिल्लो घटनाबाट नेपालका राजनीतिक दलहरू जो पटक पटक सत्तामा पुगेका छन् तर कमजोर छन् । जनताको राजनीतिक चेतना र विश्वासका कारणले सत्तामा पुगेका छैनन् । जालझेल, पद र पैसाको लोभ लालच, झूटा आश्वासन, राजनीतिक भागबण्डा, साम दाम दण्ड भेद, मासुभातको फोहरी नीतिका कारण सत्तामा पुगेका हुन् भन्न गाऱ्हो छैन ।

**राजनीतिक दल र निर्वाचनसम्बन्धी कानुन**

नेपालको संविधानको धारा २६९ ले राजनीतिक दल निर्वाचन आयोगमा दर्ता गर्नुपर्ने संवैधानिक व्यवस्था गरेको पाइन्छ । दल दर्ता गर्न विधान र घोषणापत्रका साथै कानुनबमोजिम आवश्यक कागजपत्र पेश गर्नुपर्नेछ ।

दर्ता भएका राजनीतिक दलहरूले दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि प्रचार प्रसार एवं अन्य आवश्यक काम गर्न सक्ने उल्लेख छ ।

संविधानको धारा २७० मा राजनीतिक दललाई प्रतिबन्ध लगाउन नपाइने व्यवस्था गरेको पाइन्छ । साथै धारा २७१ मा निर्वाचनको प्रयोजनका लागि निर्वाचन आयोगमा दर्ता भएका प्रत्येक राजनीतिक दलले सङ्घीय कानुनबमोजिम आयोगमा निर्वाचनमा भाग लिने प्रयोजनका लागि दल दर्ता गराउनुपर्ने व्यवस्था गरिएको पाइन्छ ।

निर्वाचनसम्बन्धी दर्जनौं कानुनमध्ये राजनीतिक दलसम्बन्धी ऐन, २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी ऐन, २०७३, प्रदेशसभा सदस्य निर्वाचनसम्बन्धी ऐन, २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३, निर्वाचन आयोग ऐन आदि महत्त्वपूर्ण छन् ।

संविधानमा मतसीमासम्बन्धी व्यवस्था नभए तापनि प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० मा समानुपातिक निर्वाचनतर्फ क्रमश: प्रतिनिधिसभामा ३ (तीन) प्रतिशत र प्रदेशसभामा १.५ (एक दशमलव पाँच) प्रतिशत मतसीमा हुने कानुनी व्यवस्था गरेको छ ।

जुन कानुन नेपालको संविधान, प्रजातन्त्र विरोधी भएको भन्दै नेपाल मजदुर किसान पार्टीले कानुनी सङ्घर्ष गर्दै आएको छ ।

संवैधानिक परिधिभित्र रहेर संसदले कानुन बनाउने पाउने निश्चित संवैधानिक दायरा (Constitutional Limitation) हुन्छ । उक्त संवैधानिक दायरा नाघेर (Beyond Constitutional Limitation) बनाएको मतसीमा (थ्रेसहोल्ड) को कानुन प्रजातन्त्र र संविधान विपरीत छ ।

त्यसैले मतसीमा (थ्रेसहोल्ड) सम्बन्धी प्रजातन्त्र विरोधी, गैरसंबैधानिक कानुनी व्यवस्था खारेज गरी जुन जुन राजनीतिक दलले समानुपातिक निर्वाचनतर्फ जति मत प्राप्त गरेको छ, सोही आधारमा प्रतिनिधिसभा तथा प्रदेशसभाको समानुपातिक निर्वाचनतर्फको सिट विभाजन गर्दा प्राप्त जनमतलाई मतपरिणाम विभाजक सूत्रको आधारमा सिट विभाजन गरी जनताको अभिमतको आधारमा प्रतिनिधित्व सुनिश्चित गर्नु जरुरी छ ।

**दलका आर्थिक अपारदर्शिता**

राजनीतिक दल विचार र सिद्धान्तले मात्रै चल्दैन । दललाई सम्बन्धित राजनितिक दलका सदस्य तथा सुभचिन्तकहरूबाट चन्दा सङ्कलन गर्न पाउने हक छ । तर, चन्दा सङ्कलन गरेको हिसाब पारदर्शी हुनु जरुरी छ ।

कुन राजनीतिक दलले कुन सङ्घसंस्था वा व्यक्तिबाट के कुन प्रयोजनका लागि चन्दा वा आर्थिक सहयोग लिएको छ ? कुन प्रयोजन वा निर्वाचनका लागि के कति खर्च गरेको छ ? भन्ने हिसाब किताब दुरुस्त बनाई निर्वाचन आयोगमा बुझाउनुपर्ने कानुनी व्यवस्था रहेको छ ।

गत साता कान्तिपुर दैनिकमा पत्रकार मकर श्रेष्ठले (निमजिनका लागि) तयार पारेको राजनीतिक दलहरूको आर्थिक अपारदर्शिताका सम्बन्धमा एउटा लेख प्रकाशित भयो ।

जसमा मूलत: सत्तासीन राजनीतिक दलहरूको आर्थिक अपारदर्शिताको उदाहरण सप्रमाण प्रस्ट्याएको पाइन्छ ।

जस्तो तत्कालीन माओवादी केन्द्रले प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन भएको आर्थिक वर्ष २०७९/८० मा जम्मा रु. १०,०००/-(दश हजार रुपैयाँ) चन्दा लिएको विवरण निर्वाचन आयोगमा बुझाएको पाइएको उल्लेख छ ।

त्यस्तै स्थानीय तहको निर्वाचन भएको आर्थिक वर्ष २०७८/७९ मा ५० हजार रुपैयाँ आर्थिक सहयोग लिएको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेको देखाएको छ । माओवादीले सो ५० हजार रुपैयाँ अर्घाखाँची सिमेन्ट उद्योगबाट संस्थागत चन्दा लिएको देखाएको उल्लेख छ ।

तत्कालीन माओवादीले तीन तहको चुनावका लागि जम्मा ६० हजार रुपैयाँ मात्र चन्दा उठायो होला त ? भन्ने प्रश्न गरिएको छ ।

त्यस्तै नेपाली काङ्ग्रेसले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भएको आर्थिक वर्षमा २ करोड ६५ लाख ६४ हजार र त्यसअघि स्थानीय तह निर्वाचनको वर्ष ६ करोड ६८ लाख २४ हजार रुपैयाँ चन्दा उठाएको विवरण आयोगमा बुझाएको उल्लेख छ ।

त्यस्तै एमालेले क्रमश: ५ करोड ६ लाख ६८ हजार रुपैयाँ आ.ब.२०७९/८० मा र २०७८/७९ मा १ करोड ७७ लाख ८५ हजार चन्दा उठाएको विवरण रहेको उल्लेख छ ।

यहाँनेर नेपाली काङ्ग्रेसका एक नेताले एउटा निर्वाचन क्षेत्रका लागि १२ करोडसम्म खर्च हुने गरेको भन्ने भाषण गरेको स्मरण हुन्छ । सत्तामा पुग्न जसरी भए पनि निर्वाचन जित्नैपर्ने पटक पटक सरकारमा पुगेका दल र ती दलका नेता कार्यकर्ताहरूले निर्वाचनमा के कति पैसाको खोला बगाउँछ ? भनी प्रश्न गरे सर्वसाधारण नेपाली जो सुकैले सजिलै आँकलन गर्न सक्ने गरी तीनका गतिविधि छताछुल्ल छ ।

तर करोडौँ खर्च गर्ने ती दल र दलका नेताहरूले आफ्नो हिसाब किताब पारदर्शी राखिँदैन भन्ने कुरा तिनका देखावटी चन्दाका विवरण निर्वाचन आयोगमा पेश गरेबाट प्रस्ट हुन्छ ।

**निर्वाचन आयोग : बुँःख्याचा**

यस्तो देखावटी हिसाब किताब पेश गर्न पाइन्छ त ? भन्दा पाइँदैन । तर, निर्वाचन आयोगका पदाधिकारीहरू पनि पटक पटक सत्तामा पुगेका राजनीतिक दलहरूले दलीय भागबण्डाका आधारमा नियुक्ति गरेका व्यक्तिहरू रहे भएको हुँदा निर्वाचन आयोग मात्र बुँ:ख्याचामात्र हो भन्दा फरक नपर्ला ।

अन्यथा निर्वाचन आयोगले निर्वाचनताका निर्वाचन आचारसंहिताको उल्लङ्घन गर्ने राजनीतिक दल तथा उम्मेदवारहरूलाई उम्मेदवारी तथा निर्वाचित पदसमेत खारेज गर्न सक्ने र सम्बन्धित दललाई कारबाही गर्न सक्ने कानुनी व्यवस्था रहको पाइन्छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३८ मा दलहरूले स्वेच्छिक रूपमा सहयोग लिन सक्ने व्यवस्था छ । दफा ३८ को उपदफा (३) मा कुनै व्यक्ति वा सङ्गठित संस्थाबाट रु.२५,०००/-(पच्चीस हजार) भन्दा बढी आर्थिक सहयोग बैङ्किङ माध्यमबाट वा चेकमार्फत प्राप्त गर्नुपर्ने व्यवस्था छ ।

त्यस्तै राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम १२ मा आर्थिक सहयोगको स्रोत खुलाउनुपर्ने व्यवस्था छ ।

कुनै व्यक्ति वा संस्थाबाट १ लाख रुपैयाँभन्दा बढी सहयोग लिँदा त्यस्तो सहयोग दिने व्यक्ति वा संस्थाको नाम, थर, ठेगाना, पेशा, स्थायी लेखा नम्बर तथा त्यस्तो आर्थिक सहयोग दिएको रकमको स्रोत समेत खुलाउनुपर्ने र त्यस्तो विवरणको अभिलेखसमेत राख्नुपर्ने व्यवस्था नियमावलीले गरेको पाइन्छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४० मा दलले उठाएको चन्दा अस्वाभाविक र अपत्यारिलो भए निर्वाचन आयोगले जाँचबुझ गर्न सक्ने व्यवस्था गरेको पाइन्छ । तर, बुँ:ख्याचा निर्वाचन आयोगले भाटभटेनी सुपरस्टोरका मीनबहादुर गुरुङले एमालेका केपी ओली नै प्रधानमन्त्री हुँदा एमालेलाई करिब १० अर्ब रुपैयाँ बराबरको (जग्गा र त्यसमा भवन बनाई दिने गरी) चन्दा दिने घोषणा गरी भवन शिलान्यास समेत गरेको थियो । सर्वोच्च अदालत सत्तामा रहेकै दलले एउटा व्यापारीसँग मोटो रकम चन्दा लिँदा स्वार्थको गन्ध हुने भनी रिट दायर भएको थियो ।

**हिसाब किताब सार्वजनिक गर**

राजनीतिक दलहरूले नि:स्वार्थ रूपमा देश र जनताको सेवा गर्नुपर्ने हो । जनताले बहुमत दिएको खण्डमा सरकार चलाउने र बहुमत नआएमा प्रतिपक्षमा रही देश र जनताको हितमा सरकारलाई खबरदारी गर्नुपर्ने कर्तव्य राजनीतिक दलहरूको हो ।

तर यहाँ जसरी पनि सरकारमा पुग्न करोडौँ रुपैयाँ खर्च गर्नुका साथै सत्ता र शक्तिको दुरुपयोग गर्नुका साथै साम दाम दण्ड भेद जुनसुकै हर्कत गरेर निर्वाचन जित्ने र पटक पटक सरकारमा पुग्ने राजनीतिक दलहरूले नै आफ्नो हिसाब किताब पारदर्शी रूपमा निर्वाचन आयोगमा पेश गर्नुपर्नेमा सो गरेको नदेखिएबाट ती राजनीतिक दलहरू जनताको नि:स्वार्थ सेवा र देशको हितको लागि सत्तामा पुगेका होइनन् भन्ने प्रस्ट हुन्छ ।

पटक पटक सत्तामा पुगेका ती राजनीतिक दलहरू देशी तथा विदेशी दलालहरूको स्वार्थ पूर्तिका लागि सत्तामा पुग्ने गरेको आरोप लगाउँदा बेठिक नहोला । अन्यथा इमानदारीपूर्वक आर्थिक पारदर्शिता देखाउँदै निश्चित समयमा निर्वाचन आयोगमा हिसाब किताब पेश गर्नुका साथै सर्वसाधारण जनताको जानकारीका लागि समाचारपत्र, रेडियो, टेलिभिजन वा सामाजिक सञ्जाल, अनलाइन मिडियामार्फत सार्वजनिक गर्नु जरुरी छ ।

*२०८२ पुस १२*

# निर्वाचनसम्बन्धी ऐन, आयोगको निर्देशिका र चुनावी सरकार

✍ **प्रतिष्ठा**

आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदै छ । निर्वाचन आयोगले २७५ जना प्रतिनिधिसभा सदस्यमध्ये ११० जना समानुपातिक सदस्य निर्वाचनको निर्देशिका, २०८२ (दोस्रो संशोधन) पुस ७ गते जारी गऱ्यो ।

नेपालको जनसङ्ख्या २०७८ अनुसार राजनीतिक दलहरूले खस आर्य ३०.२८ प्रतिशत (३३ जना), आदिवासी जनजाति २८.७२ प्रतिशत (३२ जना), मधेसी १६.१५ प्रतिशत (१८ जना), दलित १३.४४ प्रतिशत (१५ जना), थारु ६.५३ प्रतिशत (७ जना) र मुस्लिम ४.८९ प्रतिशत (५ जना) उम्मेदवारी दिनुपर्नेछ । यससम्बन्धी व्यवस्था निर्देशिकाको दफा १३ (३) (क) मा उल्लेख छ ।

कूल ११० समानुपातिक सदस्यमध्ये दफा १३ (३) (ख) मा प्रत्येक समूहबाट कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने, दफा १३ (३) (ग) मा कम्तीमा चार दशमलव शून्य दुई (४.०२) प्रतिशत पिछडिएको क्षेत्र (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बाजुरा, मुगु र हुम्ला जिल्ला) बाट हुनुपर्ने र दफा १३ (३) (घ) मा कम्तीमा एकजना अपाङ्ग व्यक्तिको नाम उल्लेख गर्नुपर्ने व्यवस्था छ ।

दफा २ (थ) मा समावेशी समूह भन्नाले 'महिला समुदाय' पनि सम्झनुपर्ने उल्लेख छ । महिला आफै 'समावेशी समूह' होइन बरु हरेक समावेशी समूहमा पचास प्रतिशत महिला उम्मेदवार हुनु अनिवार्य हो ।

निर्देशिकाको दफा १३ (३) (क) मा समावेशी समूहको (१) मा दलित १३.४४ प्रतिशत, (२) मा आदिवासी जनजाति २८.७२ प्रतिशत, (३) मा खसआर्य ३०.२८ प्रतिशत, (४) मा मधेसी १६.१५ प्रतिशत, (५) मा थारु ६.५२ प्रतिशत र (६) मा मुस्लिम ४.८९ प्रतिशत उल्लेख छ ।

आयोगले निर्देशिकामा समावेशी समूहको बढी वा कम प्रतिशतबाट क्रमश: उल्लेख गर्नु उपयुक्त हुने हो । (१) मा दलित समूह उल्लेख छ तर यसको प्रतिशत क्रम चौथो स्थानमा पर्छ । सबैभन्दा बढी प्रतिशत भएको खसआर्य समूह तेस्रो स्थानमा राखिएको छ । निर्देशिका अध्ययन गर्दा दलितलाई प्राथमिकता दिइएको र खसआर्यलाई कम प्राथमिकता दिइएको भ्रम हुन्छ, यथार्थमा खसआर्यकै प्रतिशत बढी हो ।

नेपालको बहुसांस्कृतिक समाजलाई मनन गरी मुस्लिम, थारु, दलित, मधेसी, आदिवासी जनजाति र खसआर्य गरी ६ समूह विभाजन गरिएको एक हदसम्म उपयुक्त हो । तर, सरकारले दलित, आदिवासी जनजाति, मुस्लिम, मधेसी महिलाको राजनीतिक चेतना र शिक्षामा ध्यान दिएको छैन ।

पृथ्वीनारायण शाहको काठमाडौँ उपत्यकामा आक्रमण र कब्जायता अवसरबाट वञ्चित पारिएका दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम समूहका अधिकांश जनता विद्यालय र विश्वविद्यालय शिक्षाबाट वञ्चित छन् । नेपालका सामन्त र पुँजीपति वर्गले यी समूहलाई अहिले पनि अवसर दिएका छैनन् र दिने पनि छैनन् । यसअघि सङ्घ, प्रदेश र स्थानीय तहमा यो समूहका प्रत्यक्ष निर्वाचनका उम्मेदवारहरू निकै कममात्र निर्वाचित भइरहेका छन् । यो यथार्थलाई अघिल्लो निर्वाचन सरकार र निर्वाचन आयोगले ध्यान दिएनन् भने यस पटकको निर्वाचन सरकार र निर्वाचन आयोगले पनि ध्यान दिएनन् । समानुपातिक निर्वाचन प्रणालीअनुसार उम्मेदवार छनोट हुन तीन प्रतिशतको मत र एउटा क्षेत्रमा प्रत्यक्ष उम्मेदवार जित्नुपर्ने निर्दलीय र संविधानविपरीतको व्यवस्था हटाउनु पर्दछ । अन्तरिम सरकारमा प्रतिनिधित्व गरेका मधेसी, दलित, आदिवासी जनजातिका मन्त्रीहरू यसतर्फ सचेत हुन सकेनन् अर्थात् 'गाँसेगुसे एकै नासे' भयो ।

# सोभियत सङ्घको समाजवादी क्रान्ति : नायक र खलनायकहरू–२

**सोभियत सङ्घको औद्योगीकरणको निम्ति सैद्धान्तिक सङ्घर्ष**

औद्योगीकरणविना रूस स्वतन्त्र हुने थिएन नत रूसमा समाजवाद सफल हुने थियो। त्यसको निम्ति ठुलो धनराशी आवश्यक थियो। जार सरकारले जनतासँग चुसेर साम्राज्यवादी देशलाई वर्षमा ५० करोड रुबल हर्जाना तिर्दै थियो। फेरि समाजवादी देशले कमजोर देशलाई उपनिवेश बनाएर हर्जाना लिने र पुँजीवादी देशहरूसँग ऋण मागेर पुँजी जम्मा गर्ने दृष्टिकोण खोटपूर्ण थियो। समाजवादको निम्ति त्यस्ता अन्याय र पुँजीवादी देशसँग झुक्ने कुरा पनि थिए।

औद्योगीकरणको निम्ति आफ्नै देशमा मेसिनहरू, कल-पूर्जा, मोटर, रासायनिक वस्तु, फलाम, इस्पात, इन्जिन बनाउने, बिजुली निकाल्ने, धातु र कोइला खानी उत्खनन, देशको रक्षाको निम्ति गोला-बारुद, तोप, हवाई-जहाज, टैङ्क आदि युद्ध सामाग्रीहरू बनाउनु आवश्यक थियो। कृषिको निम्ति कुटो-कोदालीदेखि हलो र ट्याक्टर एवम् खेतीसँग सम्बन्धित मेसिनहरू उत्पादन गर्नु जरुरी थियो।

सोभियत सरकारले शोषक वर्गको कल-कारखाना, जग्गा-जमिन, यातायातका साधन, व्यापार र बैङ्कको नाफा एवम् हर्जाना दिने ५० करोड रुबलले उद्योग र कलकारखाना निर्माण गर्न सुरु गऱ्यो। त्यही रिसमा बेलायती साम्राज्यवादले सोभियत सङ्घमाथि १९२७ मे महिनामा हमला गऱ्यो र २६ मे को दिन कूटनैतिक सम्बन्ध चुँडाल्यो। ७ जूनको दिन पोल्यान्डको रूसी राजदूतको हत्या गऱ्यो। रूसको विभिन्न भागमा बेलायती गुप्तचरहरूले विध्वंसात्मक गतिविधिहरू गरे। जर्मनी र अन्य देशमा रूसी ाणिज्यदूतहरूमाथि हमला गरे।

जिनोभियव र कामेनेभहरूले नयाँ छापाखानाहरूमार्फत औद्योगीकरणको विरोध गरे, पेरिस कम्युनको बेलाजस्तो मजदुर र किसानबिच झगडा लगाउने काम गरे। कुलाकहरूको पक्ष लिएर औद्योगीकरणको विरोध गरे। एकै साथमा बेलायती सरकार र पार्टीका शत्रु, त्रोत्स्कीहरू सबै एक भए।

सन् १९२९ को वर्ष रूसको निम्ति उत्पादन वृद्धिको गौरवको वर्ष थियो। तर, बुखारिन र अन्य विरोधीहरूले विदेशी तत्वहरू, कुलाक, काला बजारियासँग मिलेर उपद्रवहरू गर्न थाले।

**स्तालिनका सम्भावित उत्तराधिकारी किरोभको हत्याकाण्ड**

किरोभ २७ मार्च १८८६ मा रूसको कजाकिस्तानमा जन्मेका थिए। आमा-बुबाबाट वञ्चित ७ वर्षको उमेरमा किरोभ र उनकी बहिनीलाई बज्यैले पालेकी थिइन्।

सन् १९०१ मा कजाकको एक औद्योगिक विद्यालयमा एक धनी परोपकारीले किरोभलाई छात्रवृत्तिको बन्दोवस्त गरेका थिए। इन्जिनियरिङको स्नातक भएपछि उनी साइबेरियाको एक नगर टोम्स्कमा बसाइँ सरे। सन् १९०४ मा किरोभ मार्क्सवादी बने र रूसी समाजवादी प्रजातान्त्रिक मजदुर पार्टीमा सामेल भए। उनी त्यसबेला १८ वर्षका युवा थिए।

सन् १९०५ को रूसी क्रान्तिमा किरोभले पनि भाग लिए र पक्राउ परे। त्यसपछि बोल्शेविक पार्टीको सदस्य बनी जेलबाट रिहा भए।

दोस्रो पटक उनी सन् १९०६ मा पक्राउ परे र कानुनविरोधी साहित्य छापेको अपराधमा उनलाई ३ वर्षको जेल सजाय भयो। जेलमुक्त भएपछि फेरि उनी क्रान्तिकारी गतिविधिमा लागे। केही समयपछि उनी तेस्रो पटक कानुनविरोधी साहित्य छापेकोमा पक्राउ परे। एक वर्षको हिरासतपछि उनी ककाससमा सरुवा भए। १९१७ को मार्च महिनामा राजतन्त्रविरोधी फेब्रुअरी क्रान्तिपछि किरोभ रिहा भए। उनको उमेर त्यसबेला ३१ वर्षको थियो।

क्रान्तिपछि प्रतिक्रियावादीहरूले ठाउँ-ठाउँमा सङ्घर्ष गरे। त्यसको विरोधमा किरोभले पनि बोल्शेविक सैनिक प्रशासनको नायक भएर १९२० सम्म आस्ट्राखान भन्ने ठाउँमा लाल सेनाको तर्फबाट सङ्घर्ष गरेका थिए।

सन् १९२१ मा किरोभ अजरबैजानको कम्युनिस्ट पार्टीको प्रथम सचिव भए। उनी औद्योगीकरण र सामूहिकीकरणका समर्थक थिए। तर, बुखारिन, राइकोभ र त्रोत्स्की त्यस नीतिका कट्टर विरोधी थिए। यसकारण, तिनीहरू किरोभलाई मन पराउन्नथे। १९३० को दशकमा उनी साह्रै सक्रिय भए।

सन् १९३० तिर सोभियत कम्युनिस्ट पार्टीको तर्फबाट लेनिनग्राद पार्टीको प्रमुख र पार्टीको सर्वोच्च पद राजनैतिक समितिको सदस्य थिए। त्यसैबेला उनलाई स्तालिनका उत्तराधिकारी सम्झिन थालिएको थियो। यसकारण, १ डिसेम्बर १९३४ मा उनकै कार्यालय स्मोल्नीमा पार्टी विरोधीहरूले ठुलो षड्यन्त्र गरे र निकोलायेभ (Nikolayev) भन्ने व्यक्तिले किरोभलाई पछाडिबाट गर्दनमा गोली हानेर मारे। उनी ४८ वर्षका थिए र स्तालिनपछिका सम्भावित पार्टी नेता तथा सोभियत रूसका नेता थिए, जुन कुरो साम्राज्यवादीहरूलाई मन पर्दैनथ्यो।

**किरोभको व्यक्तित्व**

पेट्रोग्रादको विद्रोहको निम्ति केन्द्रीय समितिले आफ्ना प्रतिनिधिहरू पठाएर सबै मोर्चा सम्हाल्ने कार्यमा भोरोशिलोभ, मोलोतोभ, जेरजिन्स्की, कगानोविच जस्तै अन्य महत्त्वपूर्ण व्यक्तिहरूमध्ये एक जना किरोभ पनि थिए। तिनीहरू आफ्नो उद्देश्यको लडाइँलाई न्यायपूर्ण मान्थे, अनुशासित, आत्म बलिदानी र सामूहिक बलिदानलाई महत्त्व दिन्थे। सोभियत कम्युनिस्ट पार्टीको सत्रौं महाअधिवेशनमा बुखारिन, राइकोभ, जिनोभियव, कामेनेभ आदि पार्टीका विश्वासघाती र विदेशी शत्रुहरूसँग मिलेका जासुसहरूले भाषणमा पार्टीको सफलतालाई साह्रै प्रशंसा गर्थे र पार्टीको सफलताको निम्ति साह्रै खुसी प्रकट गर्थे। तर, भित्रभित्र षड्यन्त्र गरिरहेका हुन्थे।

१ डिसेम्बर १९३४ को दिन किरोभलाई लेनिनग्रादको स्मोल्नीमा क्रुरतापूर्वक गोली हानेर मारेपछि पार्टीभित्रका शत्रुहरूको विरोधमा छानबिन सुरु भयो।

जिनोभियवपन्थीहरूको एक सोभियतविरोधी गुटको एक सदस्य पक्राउ परे। त्यो गुट पार्टीभित्र लुकेको एक विश्वासघाती गुट थियो।

किरोभ मजदुर वर्गमा साह्रै प्रिय नेता थिए। उनको हत्याले रूसभरि आक्रोश र विरोधको ठुलो लहर चल्यो। त्रोत्स्कीपन्थीहरूको पनि त्यसमा हात थियो। तिनीहरूले आफूलाई फासीवादीहरूको पैसामा बेचिसकेका थिए। यसरी त्यो हत्याकाण्ड त्रोत्स्कीपन्थी र बुखारिन गुटले गरेको अपराध थियो।

किरोभको हत्याले सोभियत पार्टीका सबै सदस्यहरूलाई शत्रुहरूदेखि होसियार हुन र शत्रुहरू कमजोर भएपछि समाजवादतिर लत्रेर आउनेछन् भन्ने उदार दृष्टिकोण हुनेछ भनी सचेत पार्ने सूचना प्रवाह गऱ्यो, 'सफलताले सन्तोष वा आत्मसन्तोष लिनुहुन्न।'

किरोभको हत्या र अन्य विध्वंसात्मक गतिविधिका साथै गोर्कीको हत्यामा २० वर्षसम्म पुँजीवादी राज्यहरूको गुप्तचर विभागहरूसँग त्रोत्स्की, जिनोभियव, कामेनेभ, बुखारिन, राइकोभ आदिको सम्बन्ध थियो र विदेशबाट तिनीहरू सञ्चालित थिए। सोभियतको अदालतले ती सम्बन्धित सबैलाई गोली हानी मृत्युदण्ड दिने सजाय सुनायो।

**नक्कली कम्युनिस्टहरूबाट कुटिल चाल**

(१ डिसेम्बर १९३४ मा जर्मनी र अन्य प्रतिक्रियावादीहरू मिलेर बोल्शेविक पार्टीका ठुला नेता किरोभलाई गोली हानेर मारे।) सर्वोच्च न्यायालयको सैनिक अदालतले १९३७ मा त्रोत्स्की, जिनोभियव, कामेनेभ, बुखारिन, राइकोभ आदिलाई प्रमाणहरू र अपराध स्वीकार गरेको आधारमा गोली हानेर मार्ने सजाय सुनायो। तिनीहरूले 'किरोभको हत्या स्तालिनले गर्न दिएको' हल्ला गरेर रूसी पार्टी र देशमै आतङ्क मच्चाउन चाहेका थिए। त्यस अदालती कारबाहीको बेला अमेरिकी राष्ट्रपति रुजवेल्टका अमेरिकी राजदूत समेत उपस्थित थिए। ती अपराधीहरूको युक्रेन, बेलारुस कब्जा गर्ने र देशको समुद्री इलाका विदेशी शत्रुको हातमा सुम्पने षड्यन्त्रको खुलासा पनि भयो।

**पार्टीका विश्वासघातीहरूसँगको सङ्घर्षमा स्तालिन त्रोत्स्की**

त्रोत्स्की नामले चर्चित लिओन त्रोत्स्की (Leon Trotsky) ७ नोभेम्बर १८७९ मा एक धनी यहुदी परिवारमा रूसको युक्रेनमा जन्मेका थिए। आठ वर्षको उमेरमा उनी कालासागरको उत्तरमा पर्ने ओडेसाको एक विद्यालयमा भर्ना भएका थिए। सन् १८९६ मा उनले युक्रेनकै अर्को सहर निकोलाएभको विद्यालयबाट आफ्नो प्रवेशिका परीक्षा दिए।

त्यसबेला उनी १७ वर्षका थिए र मार्क्सवादतिर आकर्षित भए। सन् १८९७ मा उनी दक्षिण रूसी मजदुर सङ्घ स्थापना गर्न सहयोगी भए। उनी भर्खर अठार वर्षका थिए र पक्राउ परे। दुई वर्ष नहुँदै जेलबाट भाग्न खोजेको हुँदा चार वर्षको निम्ति उनी साइबेरियामा अर्थात् कालापानी पठाइए। त्यहाँ उनले एक सहयोगीसँग विवाह गरे। उनका दुई छोरी भए।
चार वर्षको कालापानीको सजायमा उनले दुई वर्षमात्र बिताए र सन् १९०२ मा उनी जहान र छोरीहरू छोडेर भागे। उनी बेलायत पुगे र लन्डनमा समाजवादी प्रजातान्त्रिक दलमा सामेल भए। त्यसैबेला उनले लेनिनसँग भेटे। त्यसबेला उनी २३ वर्षका थिए।

समाजवादी-प्रजातान्त्रिक सानो पार्टी भए पनि लेनिन पेशेवर क्रान्तिकारीहरूले ठुलो समूहका पार्टी समर्थकहरूको नेतृत्व गर्नुपर्छ भन्ने पक्षमा हुनुहुन्थ्यो। तर, मार्तोभ भन्ने अर्को रूसी नेता समर्थकहरूको ठुलो समूहलाई पनि समान प्रजातान्त्रिक अधिकार दिनुपर्छ भन्ने पक्षमा थिए। त्रोत्स्की त्यस मामिलामा तटस्थ थिए। अर्थात्, लेनिनको पक्षमा थिएनन्।

२२ जनवरी १९०५ मा रूसमा नि:शस्त्र जनतामाथि गोली चलाउँदा धेरै मानिस मारिए र जनता विद्रोहमा उठे। बाह्रौं महिना वा वर्षको अन्त्यमा विद्रोह दबाइयो। त्रोत्स्की फेरि पक्राउ परे र साइबेरिया पठाइए। त्यसबेला २८ वर्षको उमेरमा उनी चर्चामा आए र जनवरी १९०७ मा उनी विदेश भागे। १० वर्षसम्म उनी अस्ट्रिया, स्वीजरल्यान्ड, फ्रान्स, अमेरिकाजस्ता देशका सहरमा बसेर रूसी क्रान्तिकारी पत्रिकाहरूमा लेख्दै गए। उनी ३४ वर्षका भए।

फेब्रुअरी सन् १९१७ मा रूसमा पुँजीवादी क्रान्ति भयो। त्यसबेला उनी क्यानाडामा थिए। जारको गुप्तचरले बेलायत सरकारमार्फत उनलाई क्यानाडामै पक्राउ गर्न दबाब दियो। उनी एक महिना बन्दी भए र रूसको अस्थायी सरकारले उनको रिहाइको माग गऱ्यो, उनी छुटे।

रूसको अस्थायी सरकारको प्रधानमन्त्री पुँजीवादी दलको नेता करेन्स्की थिए। प्रम करेन्स्कीको निम्ति त्रोत्स्की एक आतङ्क लाग्यो र उनी पक्राउ परे। उनी जेलमा बोल्शेविक पार्टीमा सामेल भए र छिट्टै रिहा भए। त्यसपछि अस्थायी सरकारको विरोधको एक बलियो गढ पेट्रोग्राद सोभियतको उनी अध्यक्ष निर्वाचित भए।

नोभेम्बर सन् १९१७ मा अस्थायी सरकारको पतन भयो र लेनिन जनताको सोभियत मन्त्रिपरिषद्को अध्यक्ष चुनिनुभयो। त्रोत्स्कीलाई नयाँ सरकारको विदेश विभागको मन्त्री बनाइयो। जर्मनीले सोभियत सङ्घमाथि हमलाको निहुँ खोज्दै थियो। सन् १९१८ जनवरी महिनामा जर्मनीले रूसको केही क्षेत्र र युद्धको क्षतिपूर्ति माग्दै थियो। रूसमाथि त्यसबेला धेरै साम्राज्यवादी देशहरूले आक्रमणको अवसर खोज्दै थिए। लेनिन तिनीहरूको एकतालाई टुक्र्याउन र जर्मनीको अन्यायपूर्ण मागहरूलाई अस्थायीरूपमा पूरा गरी पहिले रूसलाई बलियो बनाउन चाहनुहुन्थ्यो। तर, शान्तिको निम्ति लेनिनको उद्देश्यलाई अस्वीकार गर्दै त्रोत्स्कीले आफ्नो पदबाट राजीनामा गरी भर्खरको कम्युनिस्ट सरकार, त्यसको रक्षा र समाजवादको निर्माणलाई खतरा पुऱ्याउने काम गरे।

लेनिनले त्रोत्स्कीलाई लालसेनाको नेता बनाउनुभयो। तर, त्रोत्स्कीका समर्थकहरूले सेनामाथि बोल्शेविक पार्टीको नियन्त्रण वा प्रभावको विरोध गरे। प्रतिक्रियावादी सेनाको आत्मसमर्पणपछि त्रोत्स्की पार्टी केन्द्रीय समितिको सदस्यमा चुनिए। लेनिनलाई सन् १९२२ मे महिनामा पहिलो हृदयघात भयो। सन् १९२२ मा लेनिनले स्तालिनलाई नयाँ पद, केन्द्रीय समितिको महासचिवमा नियुक्त गर्नुभयो। सन् १९२४ मा लेनिनलाई तेस्रो हृदयघात भयो। त्यही वर्षको २१ जनवरीमा उहाँ बित्नुभयो। सन् १९२७ को अक्टोबरमा त्रोत्स्कीलाई पार्टी केन्द्रीय सदस्यबाट निष्काशन गरियो र सन् १९२९ फेब्रुअरीमा कजाकिस्तानको अल्मा-अटामा निष्काशन गरियो। त्यसपछि उनी टर्की, फ्रान्स, नर्वे र मेक्सिको नगर गरी सात वर्ष घुमिरहे। ३० अगस्त १९४० मा मेक्सिको नगरमा बन्चरोको प्रहारबाट उनी ६० वर्षको उमेरमा मारिए।

**कामेनेभ**

कामेनेभ सन् १८८३ जुलाई १८ मा मस्कोमा जन्मेका थिए। उनका बुबा एक रेल्वे मजदुर थिए। १९०१ मा १८ वर्षको उमेरमा उनी कम्युनिस्ट पार्टीमा सामेल भएका थिए। उनी जर्जियाको तिफलिस भन्ने विद्यालयमा भर्ना भए र पछि मस्को विश्वविद्यालयमा अध्ययन गरे। तर, १९०२ मा पक्राउपछि अध्ययनमा निरन्तरता पाएनन् र पिटर्सवर्ग, मस्को र तिफलिसमा कार्यकर्ता भई काम गरे।

कामेनेभले त्रोत्स्कीकी बहिनी ओल्गा (इनिब) कामेनेभसँग १९०० अर्थात् १७ वर्षको उमेरमा विवाह गरेका थिए।

सन् १९०२ मा कामेनेभले विदेशमा गएर 'रूसी समाजवादी प्रजातान्त्रिक' दलका नेता लेनिनसँग भेटेका थिए। पेरिसमा गएर 'फिलिङ्गो' समूहसँग भेटे। सन् १९०५ मा 'रूसी समाजवादी प्रजातान्त्रिक मजदुर पार्टी' को लन्डनमा तेस्रो महाअधिवेशनमा भाग लिएका थिए। सन् १९०५ को रूसी क्रान्तिमा उनी पिटर्सवर्गमा सामेल भएका थिए। त्यसपछि उनले लन्डनमा रूसी समाजवादी-प्रजातान्त्रिक मजदुर पार्टीको पाचौं महाअधिवेशनमा भाग लिए तथा सन् १९०७ को मई महिनामा बोल्शेविक केन्द्रको पार्टी केन्द्रीय समितिमा निर्वाचित भए। रूस फर्कँदा उनी पक्राउ परे तथा १९०८ मा जेलबाट छुटेपछि उनी विदेश गई लेनिनको 'सर्वहारा' पत्रिकाका सहयोगी बने।

सन् १९०८ को मध्यमा लेनिनसँग अलेक्जेन्डर बोग्दानोभसँग मतभेद भएपछि कामेनेभ र जिनोभियव लेनिनका सहयोगी बने। तिनीहरूले बोग्दानोभलाई निष्कासन गर्न मद्दत गरे।


पेरिसमा १९१० मा बोग्दानोभले केही मेन्सेविक गुटसँग मिलेर पुन: एकताको प्रस्ताव राखे। लेनिनले त्यस प्रस्तावको कडा विरोध गर्नुभएको थियो। कामेनेभ र जिनोभिर्ले दोधारे चरित्र देखाए। लेनिनको घोषणामा दुवै 'भगुवा' थिए।

सन् १९१८ मा कामेनेभ मस्को सोभियतको अध्यक्ष भए तथा छिट्टै श्रम र रक्षा परिषद्मा लेनिनको सहायक बने। १९१९ मार्चमा उनी पहिले राजनैतिक समितिको पूर्ण सदस्य छानिए। उनको व्यक्तिगत सम्बन्ध उनको जेठान त्रोत्स्कीसँग १९१७ को क्रान्ति, रूसी गृहयुद्ध र सन् १९२० पछिसम्म पनि राम्रो थियो। त्यो सम्बन्ध पछिल्लो १५ वर्षसम्म थियो। जिनोभियव उनीभन्दा बढी महत्त्वाकाङ्क्षी थिए। अध्ययनले तिनीहरू कहिले फरक देखिन्थे र कहिले एक हुन्थे।

सन् १९२४ मा त्रोत्स्कीले सन् १९१७ को क्रान्तिबारे 'जिनोभियव र कामेनेभ सत्ता कब्जा गर्नेबारे विरोधमा थिए' भनी लेखे। त्रोत्स्कीको विरोधमा ती दुवै स्तालिनसँग मिले। रूसी गृहयुद्धमा, सेनाको मन्त्रीबाट दिएको राजीनामा र जहाजको विषयमा सन् १९२५ को जनवरीमा क्रान्तिकारी सैनिक परिषद्को अध्यक्ष पदबाट राजीनामा गरेको हुँदा त्रोत्स्कीको प्रतिष्ठामा ठुलो धक्का लागेको थियो। जिनोभियवले त्रोत्स्कीलाई कम्युनिस्ट पार्टीबाट निकाल्न माग गरेका थिए। तर, स्तालिनले बडो कुशलतापूर्वक भद्रताको भूमिका खेल्नुभयो।

सन् १९२५ मा त्रोत्स्की किनारा लागेपछि स्तालिन, जिनोभियव र कामेनेभ एक ठाउँमा भए र पार्टीको मुखपत्र 'सत्य' का सम्पादक बुखारिन र सोभियत प्रधानमन्त्री राइकोभलाई हटाए। जिनोभियव र कामेनेभ लेनिनकी पत्नी (विधवा) लाई उक्साउन पुगे।

*बाँकी पृष्ठ ७ मा*



# अर्थशास्त्र र पुँजीवाद

✍ प्रभात पटनायक

हिजोआज विश्वभरि विद्यार्थीलाई पढाइने 'मूलधार' को अर्थशास्त्रले पुँजीवादको वास्तविकता समेट्दैन भन्ने तथ्य जगजाहेर छ । तर, ओझेलमा परेको अर्को तथ्य के हो भने 'मूलधार' को अर्थशास्त्रले जतिसुकै नयाँ अवतार लिए पनि यसले पुँजीवादको वास्तविकता पक्रन सक्नेछैन । किन ? यहाँ त्यसैको चर्चा गरिनेछ ।

कुनै पनि उत्पादन गर्नका लागि धेरै व्यक्तिले संयोजनकारी काम वा सहकार्य गर्नुपर्ने हुन्छ । कबिला समाजमा बँदेलको सिकारमा निस्केको मानव जत्था होस् वा आधुनिक पुँजीवादी युगको अटोमोबाइल उत्पादन गर्ने कारखाना, ती मानिसले निश्चित योजना बनाएर काम गर्न जरुरी हुन्छ । यसको लागि उनीहरूले मिलेर सहकार्य गर्नु अनिवार्य हुन्छ । यस्तो सहकार्य गर्न अनुशासन चाहिन्छ । प्रारम्भिक समाजमा उत्पादन गर्नका लागि जबरजस्ती यस्तो अनुशासन थोपरिन्थ्यो । सँगै काम गरिरहेका




दासहरूमध्ये कोही लोसे भएर काममा सहकार्य नगरे ती अल्छीहरूलाई दासमालिकहरूका हवल्दारहरूले भौतिक दण्ड दिन्थे । त्यसैगरी सामन्ती समाजमा मालिकको जमिनमा काम गर्ने भूदासहरूले (उदाहरणको लागि बालि स्याहार्दा) मिलेर काम नगर्दा अलिकति बाली नष्ट भए ती 'सुस्त' भूदासलाई बेसरी पिटिन्थ्यो ।

सारमा भन्नुपर्दा उत्पादनमा सहकार्य अनिवार्य हुन्छ । उत्पादनका साधनमा साझा स्वामित्व नहुने कुनै पनि समाजमा मालिक र कामदारबिच एउटा स्पष्ट रेखा हुन्छ । यसकारण, कामदारहरूले सहकार्य योजनामा स्वेच्छाले रुचि लिँदैनन् । उनीहरूलाई सहकार्य गराउन कुनै दबाबकारी उपाय हुनैपर्छ ।

पुँजीवाद एउटा वर्गविभाजित समाज हो । तैपनि, यसमा सहकार्य गराउन प्रत्यक्ष बल प्रयोग गरिन्न । यसको अर्थ पुँजीपतिहरूले बेलाबेला भौतिक बल प्रयोग गर्दैनन् भनेको होइन । तर, पुँजीवादी व्यवस्थाको नियम त्यो होइन । त्यसो भए प्रश्न उठ्न छ - पुँजीवादी समाजमा कामको अनुशासन कसरी कायम गरिन्छ वा कामदारहरूलाई कसरी संयोजनकारी काममा लगाइन्छ त ? यसको जवाफ पोल्यान्डका मार्क्सवादी अर्थशास्त्री मिशाल कालेक्कीले दिएका छन् । पुँजीवादमा 'कामबाट निकालिने खतरा' प्रयोग गरेर कामदारहरूलाई सँगै काम गराइन्छ । ढिलासुस्ती गरेर संयोजित योजना अनुसार काम नगर्ने व्यक्तिलाई रोजगारीबाट बेदखल गरिन्छ । त्यो व्यक्तिले व्यवस्थाभित्र आफ्नो स्थान गुमाउँछ र उसलाई व्यवस्थाबाट गलहत्याइन्छ ।

यसकारण, उत्पादनका लागि अनिवार्य चाहिने कार्य अनुशासन कायम गर्न पुँजीवादी प्रणालीमा दुवै 'भित्र' र 'बाहिर' भन्ने हुनुपर्छ । यसमा प्रत्यक्ष भौतिक बलप्रयोग हुँदैन, जस्तो कुनै बेला दासहरूलाई भोकभोकै राखिन्थ्यो वा भूदासहरूलाई कुटपिट गरिन्थ्यो । तर, पुँजीवादी समाजमा कामदारहरूमाथि सुषुप्त बलप्रयोग गरिन्छ । निश्चय नै बलप्रयोग बेगर यो व्यवस्थामा उत्पादन गर्न सम्भव हुँदैन । यो सुषुप्त बलप्रयोग गर्न पुँजीवादी व्यवस्था 'बाहिर' भन्ने स्थान तोकिएको हुन्छ । त्यहाँ जीवन दुस्कर हुन्छ । पुँजीवादी क्षेत्रभित्र काम गर्नेहरूले सन्त्रास पैदा गरे तिनलाई यही 'बाहिरी' क्षेत्रतिर धकेलिन्छ ।

यसकारण, पुँजीवादभित्र दुई क्षेत्र हुन्छन् - 'भित्री' र 'बाहिरी' क्षेत्र । मार्क्सवादले मात्र यो तथ्यलाई आत्मसात गरेको छ । *(यसबाहेक अर्को कुनै सिद्धान्तले यसलाई स्वीकारेको पाइन्न ।)* मार्क्सवाद पुँजीवादको लागि चाहिने यो 'बाहिरी' क्षेत्रलाई 'कामदारहरूको जगेडा फौज' भन्छ ।



अझ धेरै मार्क्सवादी र मार्क्सवादप्रति सहानुभूति राख्नेहरूले समेत यो पक्ष देख्दैनन् । पुँजीवादी प्रणालीमा वास्तविक ज्यालालाई ( ऐतिहासिक रूपमा) गुजारा चलाउने तहमै कसरी सीमित गरिन्छ भनी व्याख्या गर्न मात्र तिनीहरूले कामदारहरूको जगेडा फौजको सिद्धान्त प्रयोग गर्छन् । रिकार्डोको सिद्धान्तमा माल्थसको जनसङ्ख्या सिद्धान्तले जे भूमिका खेलेको थियो, त्यही प्रकारको दोष हो यो । रिकार्डोको विचारमा माल्थसको सिद्धान्तले मजदुरहरूको वास्तविक ज्याला मोटामोटी गुजारा चलाउने तहमै सीमित हुन्छ भनी व्याख्या गरेका थिए । माल्थसको विचारअनुसार ज्याला गुजारा चलाउने तहभन्दा माथि बढे मजदुरहरूले धेरै सन्तान जन्माउँछन् र यसले गर्दा बजारमा श्रम आपूर्ति बढेर पुन: ज्याला गुजाराकै तहमा तल झर्छ । मार्क्सले माल्थसको सिद्धान्तको खण्डन गर्नुभयो र त्यसलाई 'मानव जातिको कलङ्क' भन्नुभयो । माल्थसको यो सिद्धान्तलाई मार्क्सले 'श्रमको जगेडा फौज' सिद्धान्तले विस्थापित गर्नुभएको मानिन्छ । मार्क्सको सिद्धान्तले ज्यालालाई कसरी गुजाराको तहमा सीमित गरिन्छ भनी व्याख्या गऱ्यो ।

तर, यो मार्क्सबारे अधुरो बुझाइ हो । 'जगेडा फौज' ले वास्तविक ज्यालालाई ऐतिहासिक तवरमा गुजाराको तहमा सीमित गर्ने व्याख्या साँचो हो । तर, 'जगेडा फौज' को भूमिका यही मात्र होइन । जगेडा फौजबिना पुँजीवादमा कार्य अनुशासन हुँदैन जसले गर्दा पुँजीवादी उत्पादन असम्भव हुन जान्छ ।

आजका सबैजसो 'मूलधार' का अर्थशास्त्रले पुँजीवादलाई आफैमा परिपूर्ण प्रणालीको रूपमा हेर्छन्, जहाँ बजारलाई खुला रूपमा काम गर्न दिएका खण्डमा 'उत्पादनका सम्पूर्ण तत्व' क्रियाशील हुन्छन् । किन्सेली सिद्धान्त यो दृष्टिकोणभन्दा अलि फरक छ । तर, यसले पनि पुँजीवादलाई आफैमा परिपूर्ण मान्छ र बजारको कार्यव्यापारमा राज्यले पुरकको काम गरेर 'उत्पादनका सम्पूर्ण तत्व' क्रियाशील बनाउन सकिने दाबी गर्छ । फरक भाषामा भन्ने हो भने गैरमार्क्सवादी आर्थिक सिद्धान्तका दुवै पुराना र नयाँ परम्पराले केवल पुँजीवाद 'भित्र' हेर्छन्, पुँजीवाद 'बाहिर' हेर्दैनन् । वास्तवमा उनीहरूले 'बाहिर' को आवश्यकता नै देख्दैनन् । अर्थात्, त्यो क्षेत्रमा हेर्दैनन् जहाँ व्यापक जनता बेरोजगार, अर्धरोजगार र छद्म बेरोजगार हुन्छन् । एकजना रोजगार कामदारलाई सधै यो तहमा फालिने भयले सताइरहन्छ । यही भयले उसमा आज्ञा पालन गर्ने अनुशासन भर्छ र यो अनुशासन पुँजीवादी उत्पादनका लागि नभई हुँदैन ।

समकालीन 'मूलधार' का अर्थशास्त्र र तिनका अपरम्परागत आलोचकहरूले पनि यो 'बाहिरी' क्षेत्रको आवश्यकता नदेख्नुको विशेष कारण छ । त्यो के भने उनीहरूले उत्पादनलाई अलग्गै परिघटनाको रूपमा नहेरी यसलाई विनिमयको विस्तारका रूपमा मात्र हेर्छन् । छोटकरीमा भन्नुपर्दा उनीहरूको मुख्य ध्यान बजारले पैदा गरेको ठानिने विनिमय प्रक्रियामा मात्र हुन्छ । उनीहरूको विश्लेषण यही बिन्दुमा गएर टुङ्गिन्छ । पुँजीपतिले बजारबाट कच्चा पदार्थ र श्रमशक्ति खरिद गरिसकेपछि उद्योगभित्र के हुन्छ भन्ने विषयमा यिनीहरूको ध्यान जाँदैन । यसकारण, उनीहरूले बढीमा काल्पनिक दुनियाँमा उत्पादनको विश्लेषण मात्र गर्न सक्छन् । त्यो दुनियाँमा सम्पूर्ण उत्पादन एउटा शिल्प उत्पादन हो; प्रत्येक शिल्पीले आफ्नो श्रम मात्र लगाउँछ त्यसैले कार्य अनुशासन थोपर्नुपर्ने अलग्गै आवश्यकता पर्दैन । तर, यो काल्पनिक दुनियाँबाहिर अथवा पुँजीवादी अर्थव्यवस्थाका हकमा 'मूलधार' का अर्थशास्त्रहरू तथा किन्सेली सिद्धान्तजस्ता तिनका वैध र सूक्ष्म आलोचना समेत अधुरा ठहरिन्छन् ।

यसका महत्त्वपूर्ण निहितार्थ छन् । श्रमको जगेडा फौज उत्पादन जारी राख्न र वास्तविक ज्यालालाई यथास्थान राख्न मात्र आवश्यक पर्ने होइन । कामदारहरूलाई वास्तविक ज्याला घट्दै जाँदासमेत बढी मौद्रिक ज्यालाको माग राख्न नसक्ने एकदम कमजोर र फगत 'मूल्य स्वीकार्ने' वर्गमा सीमित पार्न पनि जगेडा फौज चाहिन्छ । यसको अर्थ जगेडा फौज हरायो वा घट्यो भने पुँजीवादी प्रणाली तत्कालै नष्ट हुन्छ भनेको हो । तर, त्यो स्थितिमा कालान्तरमा पुँजीवादलाई टिकाइराख्न असम्भव हुँदै जान्छ । यसको अर्थ, पुँजीवादी समाजमा पूर्ण रोजगारी दिन सम्भव छैन । किन्सले राज्यको हस्तक्षेपबाट 'माग व्यवस्थापन' गरेर पुँजीवादी अर्थतन्त्रले पूर्ण रोजगारीको स्थिति ल्याउन सक्छ भन्छन् । तर, यो एक भ्रम मात्र हो । समष्टिगत मागको अभावलाई नै अनैच्छिक बेरोजगारीको एक मात्र कारण देख्नाले उनले यो कल्पना गर्न पुगेका थिए ।

यो अर्थहीन दाबी मात्र होइन । किन्सको विचारलाई विश्वयुद्धपछि प्रयोगमा ल्याइएको थियो । तर, त्यसको परिणाम दु:खद रह्यो । सन् १९६८ मा विकसित पुँजीवादी विश्वमा सर्वत्र मौद्रिक ज्यालामा विष्फोट भयो र यसले मुद्रास्फिति एकाएक बढाइदियो । यसअघि कायम गरिएको न्यून बेरोजगारी दरले मजदुरहरूलाई फगत 'मूल्य स्वीकार्ने' वर्गको भूमिका अन्त्य गरिदियो । प्राथमिक वस्तुहरूको मूल्यले यो मुद्रास्फिति विष्फोटलाई थप चर्काइरह्यो । पछि, रेगन र थ्याचरको पालामा त्यो विष्फोटको मुख थुनियो । उनीहरूले किन्सेली 'माग व्यवस्थापन' लाई अन्त्य गरे र पुन: व्यापक बेरोजगारी पैदा गरे ।

पुँजीवादमा पूर्ण रोजगारी कायम गर्न असम्भव छ । यसको अर्थ के पनि लाग्छ भने पुँजीवादी राज्यलाई लोककल्याणकारी बनाइराख्न असम्भव छ । कल्याणकारी राज्यले (बेरोजगारी वा) जगेडा फौजलाई सहन गर्न मिल्दैन । त्यसैले कुनै रोजगार कामदार कार्य अनुशासन उल्लङ्घन गरेको आरोपमा 'कामबाट निकालियो' भने उसले पाउने दण्ड कल्याणकारी राज्यमा कम हुन्छ । यस्तो नीतिले पुँजीवादी समाजभित्र कार्य अनुशासन खुकुलो हुन जान्छ । अर्को पक्ष के पनि हो भने कल्याणकारी राज्यले कामदारहरूको मोलतोल क्षमता बढाउँछ । यसले गर्दा उनीहरू फगत 'मूल्य स्वीकार्ने' भूमिकामा मात्र सीमित रहँदैनन् । केही समयका लागि यस्ता नीतिहरू कार्यान्वयन पनि हुन सक्लान् । तर, पुँजीपतिहरूले जहिल्यै यी नीति खुकुलो पार्न खोज्नेछन् ।

सन् १९५० र ६० को दशकको प्रारम्भमा के 'पुँजीवाद बदलिएकै हो' भन्ने विषयमा छलफल चल्थ्यो । के पुँजीवादको परजीवी चरित्र कल्याणकारी चरित्रमा रूपान्तरण भएको हो भनी बहस हुन्थ्यो । धेरैले यो परिवर्तनमा विश्वास पनि गर्थे । तर, नवउदारवादी अर्थनीति थोपरेर विकसित पुँजीवादी देशकै मजदुरहरूको दिनदशा समेत बिगारियो । यो थोपऱ्याइ पुँजीवादी व्यवस्थाको अन्तर्निहित आवश्यकता थियो । पुँजीवादलाई 'टालटुल गर्ने/सुधार्ने', यसलाई अझ 'मानवीय' बनाउने सम्पूर्ण प्रयास माटोमा मिसिने तय छ । पुँजीवादलाई पार गरेर मात्र अझ 'मानवीय' समाजको निर्माण गर्न सकिन्छ । यसको लागि उत्पादनका साधनहरूको मालिक समाज आफै हुने व्यवस्था ल्याउनुपर्छ ।

*(प्रभात पटनायक भारतका प्रसिद्ध अर्थविद् तथा राजनीतिक विश्लेषक हुन् । उनका अनेक विश्वचर्चित पुस्तक प्रकाशित छन् ।)*

---

## सोभियत...

डिसेम्बर १९२५ मा चौधौँ पार्टी महाअधिवेशनमा जिनोभियव र कामेनेभले स्तालिनलाई पार्टी महासचिवबाट हटाउने निर्णय गराउने पक्षमा थिए, जुन कुरा असम्भव थियो ।

### जिनोभियव

जिनोभियव रूसको युक्रेनमा २३ सेप्टेम्बर १८८३ मा जन्मेका थिए । उनका बुबा एक डेरी किसान थिए । उनको औपचारिक शिक्षा थिएन, घरमै पढेर १४ वर्षको उमेरमा एक कर्मचारी भएका थिए ।

सन् १९०१ मा उनी रूसी समाजवादी प्रजातान्त्रिक मजदुर पार्टीमा सामेल भए । उनी त्यसबेला १८ वर्षका युवा थिए र मजदुर सङ्घको गतिविधिमा लागे । प्रहरीको पक्राउ र यातनाबाट जोगिन उनी रूसबाट जर्मनी (बर्लिन) हुँदै पेरिस पुगे, सन् १९०३ मा उनी स्वीजरल्यान्ड पुगे तथा लेनिन र प्लेखानोभ सँग भेटे ।

सन् १९०३ को शरद ऋतुमा जिनोभियव रूस फर्की 'फिलिङ्गो' को प्रकाशनमा लागे । पछि स्वीजरल्यान्डमा गई वर्न विश्वविद्यालयमा रसायनशास्त्र पढे । उनले बोल्शेविक पत्रिका 'भेरोड' मा योगदान गरे ।

सन् १९०५ को क्रान्तिमा जिनोभियव रूस फर्की पिटर्सवर्गको आम हडतालमा काम गरे । गम्भीर मुटुको व्यथाको कारण उनी सङ्घर्ष छोडेर उपचार गर्न विदेश गए ।

सन् १९०६ को मार्च महिनामा रूस फर्की पिटर्सवर्गको धातु मजदुर गतिविधिमा भाग लिए तथा बोल्शेविक भएर पनि पिटर्सवर्गको मजदुर र सशस्त्र सङ्घर्षलाई रोक्न मेन्सेविकहरूसँग लागे ।

सन् १९३५ मा सर्गेइ किरोभ (Sergey kirov) को हत्याको आरोपमा जिनोभियव पक्राउ परे अपराधमा संलग्न हुँदा १० वर्षको जेल सजाय भयो र पछि स्तालिनको हत्या गर्न आतङ्कवादी सङ्गठन बनाएको अभियोगमा जिनोभियव र सरकारमा रहेका अन्य नेताहरू समेत अपराधमा संलग्न पाएको हुँदा २५ अगस्त १९३६ मा मस्कोमा ज्यान सजाय भयो ।

### बुखारिन

निकोलाई इभानोभिच बुखारिन ९ अक्टोबर १८८८ मा मस्कोमा जन्मेका थिए । उनी एक प्राथमिक विद्यालयका शिक्षक थिए । सन् १९०५ को रूसी क्रान्तिको बेला उनी एक विद्यार्थी कार्यकर्ता थिए । त्यसबेला उनी १७ वर्षका थिए ।

१८ वर्षको उमेरमा अर्थात् सन् १९०६ मा उनी रूसी समाजवादी प्रजातान्त्रिक मजदुर पार्टी, बोल्शेविक गुटको सदस्य भए । १९०९ मा १९ वर्षको उमेरमा उनी मस्कोमा भएको राष्ट्रिय युवा सम्मेलनमा सहभागी भए ।

सन् १९०८ मा उनी २० वर्षको उमेरमा पार्टीको मस्को समितिको सदस्य भए । त्यसबेला त्यस्ता पार्टी समितिहरूमा जारका गुप्तचरहरू छ्याप्छ्याप्ती हुने गर्थे । उनी एक समितिका सक्रिय कार्यकर्ता भएको हुँदा गुप्तचरहरू पछि लाग्नु स्वाभाविक थियो ।
२३ वर्षको उमेरमा सन् १९११ मा केही समयको निम्ति उनी पक्राउ परे तथा निर्वासनबाटै उनी जर्मनीको हानोभर सहरमा भागे ।

सन् १९१२ मा उनले पोल्यान्डको काक्रोमा लेनिनसँग पहिलो पटक भेटे । निर्वासनमै उनले लेनिनको 'साम्राज्यवाद - पुँजीवादको चरम अवस्था' भन्ने पुस्तक पढेका थिए । त्यस पुस्तकबाट प्रभावित भएर उनले 'साम्राज्यवाद र विश्वको अर्थतन्त्र' भन्ने लेख लेखे । उनमा युरोपेली वामपन्थी नेताहरूको प्रभाव परेको थियो । उनी खास गरेर अस्ट्रियाली मार्क्सवादी साहित्यबाट आकर्षित थिए । त्यसकै सिलसिलामा उनी गैर-मार्क्सवादी आर्थिक सिद्धान्तकारहरूको नजिक पुगे ।

लेनिनसँग बरोबर छलफल हुन्थ्यो र कहिलेकाहीँ चर्काचर्की पनि पर्थ्यो भन्ने गरिन्छ । १६ अक्टोबर १९१६ मा बुखारिन न्युयोर्क पुगे । त्यहाँ उनले 'नयाँ विश्व' (नोई मिर) भन्ने रूसी समाचारपत्र प्रकाशित गरे । त्यहीँ उनको लियोन त्रोत्स्की र अलेक्जान्द्रा कोलोन्ताईसँग सङ्गत भयो । त्रोत्स्की जनवरी १९१७ मा न्युयोर्क पुगेका थिए र बुखारिन २८ वर्षका थिए ।

सन् १९१७ को रूसको फेब्रुअरी क्रान्तिबारे उनले न्युयोर्कमै समाचार सुने र उनी जापानबाट रूस पुगे अनि बोल्शेविक पार्टीको नेतृत्व तह केन्द्रीय समितिमा पुगे ।

*(पत्रकार समाज नेपालले प्रकाशित गरेको स्तालिनका अङ्गरक्षक ए. टी. रेबिनको संस्मरण पुस्तकको नेपाली रूपान्तरण 'स्तालिनसँग' मा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ ( रोहित) ले लेख्नुभएको भूमिका पाठकको अध्ययनको निम्ति प्रकाशित गरिएको छ । भूमिकाको शीर्षक हामीले राखेका हौँ ।- सम्पादक)*

# जिल्ला जिल्लामा माओ र स्तालिन जन्म दिवस





### नेपालमा अशान्ति मच्चाउन भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको चलखेल

भक्तपुर । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरुहरू जोसेफ स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा पुस ८ गते मजदुर भेला भयो ।

उक्त भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले विभिन्न समुदायका मजदुर र किसानहरू राजनीतिकरूपले सचेत र सङ्गठित भइसकेको अवस्थामा राज्य सत्तामात्रै होइन व्यवस्था नै परिवर्तन हुनेछ भन्नुभयो ।

नेपालमा अशान्ति मच्चाउन भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादले चलखेल गरिरहेको सन्दर्भ जोड्दै उहाँले २००७ सालमा भारतीय विस्तारवादको सल्लाहमा राणाहरूलाई हटाएको उल्लेख गर्दै उहाँले माओवादीहरूमात्र होइन हाल देखापरेका नयाँ दलहरू पनि विदेशी शक्ति राष्ट्रहरूको इसारामा चलिरहेको बताउनुभयो ।

बहुसङ्ख्यक जनतामा राजनीतिक सचेतता नभएकै कारण शासकहरूले जनतालाई भ्रम फैलाइरहेको उल्लेख गर्दै उहाँले जनतालाई सचेत र सङ्गठित नगरीकन परिवर्तन सम्भव छैन भन्नुभयो ।

जेन-जीको नाउँमा 'नेपालमा अमेरिकाको सत्तापलट: एक खुलासा' भन्ने अमेरिकी पत्रकारको लेख र 'साम्राज्यवादीहरूको छद्मयुद्ध नेपालमा भएको' भन्ने लेख युवा, विद्यार्थी, मजदुर, किसान र शिक्षकहरूले अध्ययन गरी नयाँ पुस्तालाई बताउनुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

सोभियत रुसमा लेनिन र स्तालिनले सत्ता सम्हालेपछि साम्राज्यवादी देश अमेरिकाले ३ सय वर्ष लगाएर गरेको विकास ३०-४० वर्षमा गरेर देखाएको स्पष्ट पार्दै सचिव सुवालले हाल त्यस देशमा नगरपालिकाको काम भनेको ठूलठूला चौडा सडकहरूमा हिउँ सफा गर्नेमात्र भएको, अरू सबै काम सोभियत सरकारले गरिसकेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले हरेक असल र समाज परिवर्तनमा योगदान गर्ने क्रान्तिकारी व्यक्तित्त्वहरूको जीवनी पढ्ने बानी बसाल्नुपर्छ । मजदुरहरूले हरेक पलपलको घटनाक्रमबारे जानकारी लिइरहनुपर्छ; त्यसको निम्ति पार्टी प्रकाशनहरू निरन्तर अध्ययन गरिरहनुपर्छ ।"

सचिव सुवालले थप्नुभयो, "हाम्रो देशका ठूला पार्टीहरूले दोहोरो चरित्र देखाइरहेका छन्; जनतालाई धोखा दिइरहेका छन् ।"

आयोजक समितिका अध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्व, सिकर्मी सङ्घका अध्यक्ष बिक्रम ढुकुछु, मजदुर सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गणेशप्रसाद सुवाल र रमेश दुमरूले पनि बोल्नुभएको थियो ।

### पद र पैसालाई प्राथमिकता दिने शासक दलबाट देश र जनताको हित नहुने

भक्तपुर । नेपाल क्रान्तिकारी महिला सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरुहरू स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्मदिवसको अवसरमा पुस ११ गते महिला भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले सर्वहारावर्गसँग हार्नको लागि बाँधिएको सिक्रीमात्र हुने शिक्षा मार्क्स र एङ्गेल्सले दिनुभएको चर्चा गर्दै मार्क्स र एङ्गेल्सको शिक्षाअनुसार रुसमा लेनिन र स्तालिनले र चीनमा माओ त्सेतुङले देश र जनताको सेवा गर्नुभएको थियो भन्नुभयो ।

रुसको कम्युनिस्ट पार्टीको नेतृत्वमा लेनिन र स्तालिनले साम्राज्यवादीहरूलाई पराजित गर्नुभयो र रुसी जनताको आर्थिक र सांस्कृतिक स्तर माथि उठाउनुभयो, सचिव सुवालले थप्नुभयो ।

उहाँले भन्नुभयो, "रुसको निर्वाचन पर्यवेक्षणमा गएका नेपाल सरकारका एक अधिकारीले विकासमा रुसभन्दा नेपाल ५०० वर्ष पछाडि परेको बताए । यसले प्रजातन्त्र, बहुदलीय व्यवस्था पुन:स्थापना र गणतन्त्रको ७५ वर्षमा सरकारमा गएका दल र नेताहरूले देश र जनताको नि:स्वार्थ सेवा नगरेको पुष्टि हुन्छ ।"

पद र पैसालाई प्राथमिकता दिने शासक दलहरूबाट देश र जनताको हित नहुने स्पष्ट पार्दै सचिव सुवालले शासक दलहरू पुराना वा नयाँ जो भए पनि एउटै हुन् भन्नुभयो ।

नेमकिपा भक्तपुर जिल्ला समितिका उपाध्यक्ष एवम् चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले स्तालिनको व्यक्तित्वको चर्चा गर्दै स्तालिन मार्क्सवादी सिद्धान्तमा अटल र दृढ रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "महिलाहरू राजनीतिक, सैद्धान्तिक, वैचारिक र व्यावहारिक रूपमा परिपक्व हुन सङ्गठित र सङ्घर्षशील हुनु जरुरी छ । अध्ययन, अन्तरक्रिया, छलफल र गोष्ठीमा सहभागिताले हाम्रो वैचारिक स्तर वृद्धि हुन सहयोग गर्नेछ ।"

नेमकिपा भजिस सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य गीता काफ्लेले स्तालिन र माओको योगदानबारे चर्चा गर्दै उहाँहरूको जीवनीबाट सिक्नु जरुरी छ भन्नुभयो ।

महिलाहरूको सहयोगबिना क्रान्ति सफल हुन नसक्ने धारणा राख्दै उहाँले महिलाहरू सचेत र सङ्गठित भए समाज परिवर्तनमा महत्त्वपूर्ण योगदान पुग्नेछ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष सानुमाया लागेजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा कमला गिरी भारती र कविता श्रेष्ठले पनि बोल्नुभएको थियो ।

### कैलालीमा युवा प्रशिक्षण कार्यक्रम

कैलाली । नेपाल क्रान्तिकारी युवा सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम पुस ११ गते लम्किचुहा नगरपालिका वडा नं. २ गणेशपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले माओ त्सेतुङ र जेभि स्तालिनले विश्वका मजदुर र किसानहरूको हितको निम्ति समाजवादी व्यवस्था ल्याउनको लागि काम गरेकाले उहाँहरूको जन्म दिवस मनाइरहेको बताउनुभयो । उहाँले हरेक कार्यकर्ताहरूले उहाँहरूको जीवनी अध्ययन गर्नुपर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले जेभि स्तालिनको जीवनीबारे बताउँदै माओ त्सेतुङ र स्तालिनको जन्म दिवस सप्ताहव्यापी रूपमा गाउँगाउँमा मनाइरहेको बताउनुभयो । उहाँले रुस र चीनमा समाजवादी व्यवस्था भएकै कारणले छोटो समयमा नै ठूलो प्रगति गर्न सफल भएको बताउनुभयो ।

उहाँले पार्टी प्रकाशन र 'श्रमिक' साप्ताहिक कार्यकर्ताको प्रमुख हतियार भएको बताउँदै सम्पूर्ण जनवर्गीय सङ्गठनका कार्यकर्ताहरूले पार्टी प्रकाशन, 'श्रमिक' तथा 'मजदुर' दैनिक अध्ययन गर्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका कैलाली अध्यक्ष प्रेम सिजापतीको अध्यक्षतामा भएको कार्यक्रममा नेमकिपा कैलाली सचिव गगन थापामगर, सदस्य ज्योति बडुवाल, कोषाध्यक्ष जानकी सिजापतीले पनि बोल्नुभएको थियो । सहसचिव सुनिता भण्डाराले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभएको थियो ।

### जुम्लामा सम्झिए स्तालिन र माओ

जुम्ला । सिंजा गाउँपालिका वडा नं. १ गमगाडामा विश्व सर्वहारावर्गका नेताहरू स्तालिन र माओको पुस १२ गते जन्म जयन्ती मनाइयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले स्तालिन र माओले आ-आफ्नो देशमा समाजवादी व्यवस्था स्थापना गर्न र सोको संरक्षणको लागि गर्नुभएको योगदानबारे चर्चा गर्नुभयो ।

रुस र चीनमा मात्र होइन विश्वकै मुलुकमा श्रमजीवी जनताको सेवाको निम्ति उहाँहरूले मार्ग निर्देश गरेको स्पष्ट पार्दै उहाँले समाजवादी देशमा मात्रै श्रमजीवी जनताको काम - मामको व्यवस्था हुने बताउनुभयो ।

नेमकिपा कर्णाली प्रदेश समितिका सदस्य विर्षबहादुर राउत, जिल्ला समिति सदस्य गजेन्द्रबहादुर कार्कीले समाजवादी व्यवस्था स्थापनाको निम्ति आन्तरिक रूपमा देशका बहुमत जनतालाई सङ्गठित र सचेत बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

आयोजक समितिका अध्यक्ष पूर्णबहादुर शाहीको सभापतित्वमा भएको सो कार्यक्रममा सिँजा गाउँपालिका वडा नं ६ का वडाध्यक्ष लालबहादुर बुढाले पनि माओ र स्तालिनको देनबारे चर्चा गर्नुभएको थियो ।

### स्तालिन र माओ विश्वकै कामदारवर्गका प्रेरणा स्रोत

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला समितिको आयोजनामा विश्व कम्युनिस्ट पार्टीका नेताद्वय स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्मदिवस पुस १२ गते चन्द्रागिरी बलम्बुमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले रुसमा जन्मनुभएका स्तालिन र चीनमा जन्मनु भएका माओ त्सेतुङले रुसी र चिनियाँ जनताको लागि मात्र नभई विश्व समाजवादी क्रान्तिको लागि नै प्रेरणादायी भएकोले ती कम्युनिस्ट नेताहरूको जन्मोत्सव मनाइएको बताउनुभयो ।

स्तालिन र माओ दुवै जना अध्ययनशील, मेहनती, इमानदारी, लडाकु, निडर र असल सङ्गठनकर्ता भएको बताउँदै मजदुर र किसानहरूको समस्यालाई समाधान गर्न र अन्यायको विरुद्ध लड्नुपर्दछ भने शिक्षा अहिले पनि अविस्मरणीय रहेको छ, उहाँले भन्नुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला उपाध्यक्ष गुणदास महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा काठमाडौँ जिल्ला समितिका सदस्य अनिल श्रेष्ठ, ज्ञानुमाया दराइ, बिन्द्रा महर्जन, विष्णु खत्री, रविन्द्र महर्जन, हरिशरण श्रेष्ठ, मीना डंगोल, शैलेष डंगोललगायतले बोल्नुभएको थियो ।

### स्तालिन र माओ जयन्तीमा प्रवचन कार्यक्रम

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी टोखा नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरुहरू स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म जयन्तीको अवसरमा पुस १२ गते एक प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले स्तालिनले तत्कालीन सोभियत सङ्घमा लेनिनको नेतृत्व स्थापित समाजवादी क्रान्तिलाई थप सशक्त बनाउन महत्त्वपूर्ण भूमिका निभाएको र माओले किसान र मजदुरहरूलाई सङ्गठित बनाएर सांस्कृतिक क्रान्ति गरेको चर्चा गर्नुभयो ।

उहाँले देश अहिले विषम परिस्थितिमा गुज्रिरहेको बताउँदै नेपाल मजदुर किसान पार्टीले आम जनतालाई सचेत र सङ्गठित बनाई पुँजीवादी र विदेशी शक्तिहरूबाट परिचालित पार्टीका गतिविधिहरूबाट सचेत हुनुपर्ने कुरा औँल्याउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले स्तालिन र माओले विश्व सर्वहारावर्गको हितको लागि कम्युनिस्ट सिद्धान्तलाई सही ढङ्गले उपयोग गर्दै क्रान्ति सफल गरेको बताउनुभयो । ३५ वर्षसम्म सत्तामा गएर जनताको समस्यालाई बेवास्ता गरी भ्रष्टाचारमा लिप्त भएको कारण देशमा सङ्कट र अन्योल छाएको उहाँले बताउनुभयो ।

नेमकिपा टोखा नगर समितिका अध्यक्ष शोभालाल श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा काठमाडौँ जिल्ला समितिका सचिव शैलेश डंगोल, सदस्य हरिशरण श्रेष्ठ, नेमकिपा टोखा २ नं. वडा समितिका अध्यक्ष काशीलाल डंगोल, ३ नं. वडा समितिका अध्यक्ष कसिनारायण डंगोल, नेपाल क्रान्तिकारी महिला सङ्घ टोखा नगर समितिका अध्यक्ष गणेशमाया श्रेष्ठ डंगोल र नेमकिपा टोखा नगर समितिका सहसचिव नरेश डंगोलले पनि बोल्नुभएको थियो ।

### भैरहवामा 'भेनेजुयला : हिजो र आज' पुस्तकबारे छलफल

बुटवल । विश्व सर्वहारावर्गका महान गुरुहरू जोसेफ स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा पुस ११ गते भैरहवामा 'भेनेजुयला : हिजो र आज' पुस्तकबारे छलफल भयो ।

छलफलमा नेपाल मजदुर किसान पार्टी रूपन्देहीका अध्यक्ष हरिसुन्दर बासीले साम्राज्यवादी संरा अमेरिकी ट्रम्पले सार्वभौम भेनेजुयलाको पेट्रोलियम पदार्थका जहाजहरू कब्जामा लिनु निन्दनीय छ भन्नुभयो ।

भेनेजुयलामाथि सैन्य हस्तक्षेप गरेर नोबेल शान्ति पुरस्कार दाबी गर्दै आएको ट्रम्प युद्ध पिपासु रहेको पुन: पुष्टि भएको स्पष्ट पार्दै अध्यक्ष बासीले विश्व शान्तिको लागि साम्राज्यवाद विरोधी सङ्घर्षमा ऐक्यबद्धता जनाउनु न्यायप्रेमी जनताको अन्तर्राष्ट्रिय कर्तव्य हो भन्नुभयो ।

पत्रकार समाजले २०७६ मा प्रकाशन गरेको 'भेनेजुयला : हिजो र आज' ले भेनेजुयलाको सङ्घर्षमय इतिहास र समकालीन स्थितिबारे प्रस्ट पारेको चर्चा गर्दै अध्यक्ष बासीले अघिल्लो ट्रम्पको पालाजस्तो भेनेजुयलाभित्रै रडाको मच्चाउन नसकेपछि बाह्य आक्रमण गर्न उद्यत रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य हिमलाल पाण्डेले भेनेजुयाली जनताको साम्राज्यवादविरोधी सङ्घर्षबाट नेपाली जनताले पनि सिक्नुपर्नेमा जोड दिनुभयो ।







### चिनियाँ जनवादी क्रान्ति सफलतामा पुऱ्याउन माओको योगदान महत्त्वपूर्ण

कालीकोट । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कालीकोटको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम पुस ११ गते सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओ त्सेतुङको

बाँकी पृष्ठ ९ मा

**जिल्ला...**

जीवन सङ्घर्षबाट सिक्नुपर्ने आवश्यकता औँल्याउँदै चिनियाँ जनवादी क्रान्ति सफलतामा पुऱ्याउन माओको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

हरेक कार्यकर्ताहरूले अध्यक्ष माओका सङ्कलित रचनाहरू अध्ययन गरी सांस्कृतिक र सैद्धान्तिक स्तर उकास्नु आवश्यक छ, उहाँले भन्नुभयो ।

'माओवाद' लाई माओ त्सेतुङले अस्वीकार गरेको स्पष्ट पार्दै केन्द्रीय सदस्य शाहीले आफूलाई 'कम्युनिस्ट' दाबी गर्ने एमाले र नेपाली कम्युनिस्ट पार्टी साँचो अर्थमा कम्युनिस्ट नभएको बताउनुभयो ।

नेमकिपा जिल्ला समिति कालीकोटका अध्यक्ष खड्गराज शाहीले माओ त्सेतुङको जीवनीबारे चर्चा गर्दै नेमकिपाको मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा रहेको र पार्टीको दीर्घकालीन उद्देश्य समाजवाद हुँदै साम्यवादी समाज स्थापना गर्नु हो भन्नुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका उपाध्यक्ष नरदीप शाही र पार्टी जिल्ला समितिका सचिव धनञ्जय अधिकारीले पनि बोल्नुभएको थियो ।

## दोधारा-चाँदनी नगरमा प्रशिक्षण

कञ्चनपुर । नेपाल मजदुर किसान पार्टी दोधारा- चाँदनी नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा पुस ८ गते प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले स्तालिन र माओ त्सेतुङले कामदारवर्गको लागि समाजवादी व्यवस्था स्थापना गरेको बताउँदै हाम्रो पार्टीको उद्देश्य समाजवादी व्यवस्था स्थापना गर्ने हो; यसले कामदार जनताको हित हुने बताउनुभयो । उहाँले युवाहरूले आफ्नो देशमा रोजगारी पाउने व्यवस्था गर्नुपर्छ भन्नुभयो । उहाँले शासक दलका कमीकमजोरीलाई जनताको माझमा उदाङ्गाउने काम नेमकिपाले गर्दै आएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले राजनीति गर्नु भनेको देश र जनताको निःस्वार्थ सेवा हो भन्नुभयो । नेमकिपाले वर्गीय राजनीति गरिरहेको उल्लेख गर्दै शोषकवर्ग र अर्को शोषितवर्गबिच वर्गीय सङ्घर्ष भइरहने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कञ्चनपुरका सदस्य एवं दोधारा चाँदनी नगर अध्यक्ष मिनु गिरीले देशको इमानदार र सच्चा कम्युनिस्ट पार्टी नेमकिपा हो भन्नुभयो । कार्यक्रममा आशा बुढा र जानकी देवी गिरीले पनि बोल्नुभएको थियो । साथै दोधारा चाँदनी नगरपालिका वडा नं ८ गैराबारीमा पनि भेटघाट कार्यक्रम भएको थियो ।

## चाँगु नपाका किसानले सम्झे स्तालिन र माओ

भक्तपुर । नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका सदस्य तथा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालको प्रमुख आतिथ्यमा विश्व सर्वहारावर्गका महान् गुरु जोसेफ स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्मजयन्तीको उपलक्ष्यमा पुस १२ गते कार्यकर्ता भेला गरी नेपाल क्रान्तिकारी किसान चाँगु नगर समितिका अध्यक्ष नारायणभक्त न्हेम्हाफुकीको अध्यक्षतामा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि गोविन्द दुवालले स्तालिनले बुद्धिमत्तापूर्वक देश र जनताको हितमा लागेको चर्चा गर्दै समाजवादी भावनाको विकासमा लाग्नुपर्ने प्रस्ट्याउनुभयो ।

माओले देशमा गृहयुद्ध भइरहेको अवस्थामा जापानी सेनाले गरेको आक्रमणविरुद्ध युद्धरत जनसेना र सरकारी सेनाले एकाकार भई युद्ध गरी जापानी सेनालाई परास्त गरेको उहाँले बताउनुभयो ।

मार्क्सवाद, लेनिनवादी नीतिअनुसार चीनमा जनक्रान्ति गरेर देश र जनताको हित गरेको बताउनुभयो ।

उक्त भेलामा नेमकिपा चाँगु नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले देश र जनताको हितमा पार्टीका कार्यकर्ताहरू अहोरात्र खटेर काम गर्नु कम्युनिस्ट कार्यकर्ताको कर्तव्य हो भन्नुभयो ।

कार्यक्रममा समितिका उपाध्यक्ष जी.राम सुवाल, एस.बी. फोजू र टङ्कप्रसाद कटेलले पनि बोल्नुभएको थियो ।

## माओ जयन्तीको अवसरमा दैलेखमा भेटघाट कार्यक्रम

दैलेख । नेमकिपाका आठविस नगर समिति तथा पार्टी वडा नं ९ एकाइ समितिको आयोजनामा वडा नं ९ को थलाडाँडामा चिनियाँ कम्युनिस्ट पार्टीका महान् गुरु माओ त्सेतुङको १३२ औँ जन्मजयन्तीको अवसरमा पार्टी कार्यकर्ताबिच पुस १२ गते छलफल कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य बखतबहादुर थापाले चिनियाँ क्रान्तिको समयमा माओको क्रान्तिकारी विचारका कारण चीन आर्थिक र सामाजिक हिसाबले अगाडि बढेको बताउनुभयो ।

"सानै उमेरबाट माओ तीक्ष्ण बुद्धिको हुनुहुन्थ्यो । चीनमा गरिबी र असमानता थियो । विदेशी आक्रमण मात्र होइन गृहयुद्धले गर्दा चीनको आर्थिक, सामाजिक, भौतिक अभावले देश थिलथिलो भएको थियो । कोमिङताङ प्रतिक्रियावादी र जापानी साम्राज्यवादीका कारण चीनमा अत्याचार विद्यमान थियो । यद्यपि, माओ त्सेतुङले व्यक्तिगत स्वार्थ र समस्याको पर्वाह नगरी चिनियाँ बहुमत जनतालाई एकजुट गरी उहाँको नेतृत्वमा क्रान्ति भयो । विश्वले स्वीकारेको एक नेता र विचारक बन्न सफल हुनुभयो ।" उहाँको भनाइ थियो ।

मार्क्स, लेनिन, स्तालिन, माओ त्सेतुङजस्ता विश्व सर्वहारावर्गका व्यक्तित्व र दार्शनिकहरूको जन्मजयन्ती मनाउनु र स्मरण गरिरहनुको उद्देश्य मानिसहरू अझ बढी सभ्य, परिष्कृत र मानव भएर अन्याय, अत्याचार, शोषण, दमन र स्वार्थबाट मुक्त गर्न र असल र आदर्श समाज निर्माण गर्ने रहेको उहाँले बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी आठबिस नगर समितिका अध्यक्ष जयबहादुर सिजापतिले चिनियाँ क्रान्तिको बेला माओले गरेको योगदानबारे चर्चा गर्दै गरीब र बहुमत जनताको हितको लागि विभिन्न देशले उहाँको विचारलाई अनुशरण गरेको बताउनुभयो । माओको सिद्धान्तलाई नेपालको हावापानी, माटो र वातावरण अनुकूल समाजवादी व्यवस्था स्थापनार्थ डटेर लाग्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेमकिपाका आठविस नगरपालिका वडा नं ७ नेमकिपा एकाइ समितिका अध्यक्ष रणबहादुर कठायत, वडा नं ८ वडा अध्यक्ष नरबहादुर सिजापति, नेक्राशिसङ्घ दैलेख जिल्ला समिति सल्लाहकार सदस्य दलबहादुर सिजापति, नेक्राशिसङ्घ आठबिस नगर समितिका अध्यक्ष लोमनकुमार बडुवाललगायतका वक्ताहरूले माओको योगदानबारे आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

वडा नं ९ नेमकिपा एकाइ समितिका अध्यक्ष नवीन सिजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा समितिका सदस्य कटक बडुवाल र कलमबहादुर सिजापतिले पनि बोल्नुभएको थियो ।

## कीर्तिपुरमा स्तालिन र माओ दिवस मनाइयो

कीर्तिपुर । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा सर्वहारावर्गका महान् गुरुद्वय स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ जन्मदिवसको अवसरमा कीर्तिपुर नगरपालिका वडा नं. ५ मा पुस ११ गते प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई आत्मसात गर्दै देशमा समाजवादी क्रान्तिलाई अगाडि बढाउनुपर्ने बताउनुभयो ।

स्तालिन र माओ त्सेतुङले रुस र चीनमा अन्याय अत्याचारविरुद्ध समाजवादी समाज स्थापना गर्न खेलेको भूमिकाबाट शिक्षा लिँदै समाज परिवर्तनमा सक्रिय हुनु जरुरी रहेको बताउनुभयो ।

पूर्व केन्द्रीय सदस्य श्रीकृष्ण महर्जनले रुसमा भएको सन् १९१७ को समाजवादी क्रान्ति र चीनमा सन् १९४९ मा भएको जनवादी क्रान्तिबाट शिक्षा लिएर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कीर्तिपुर नगर समितिका उपाध्यक्ष विन्द्रा महर्जनले उदारवादबारे आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रममा कान्छाबाबु महर्जनले पनि बोल्नुभएको थियो ।

## कञ्चनपुरमा प्रशिक्षण कार्यक्रम

कञ्चनपुर । नेपाल मजदुर किसान पार्टी बेदकोट नगरपालिकाको आयोजनामा वडा नं ५ बिचफाँटा धरमपुर मुक्त शिविरमा विश्व सर्वहारावर्गका महान् गुरु स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्मदिनको अवसरमा पुस १० गते भेटघाट एवं प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले मार्क्सवादलाई व्यवहारमा लागु गर्न स्तालिन र अध्यक्ष माओको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

स्तालिनको योगदानकै कारण सोभियत रुसलाई विश्वको महाशक्ति बन्न सफल भएको चर्चा गर्दै केन्द्रीय सदस्य शाहीले समाजवादको स्थापना भएपछि सोभियत सङ्घले पुँजीवादले ३ सय वर्ष लगाएर गरेको प्रगति सोभियत रुसले ३०-४० वर्षमा हासिल गर्न सकेको बताउनुभयो ।

नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले राजनीति सबै नीतिको प्रमुख नीति भएकोले राजनीति राम्रो नभएसम्म अरू क्षेत्र राम्रो नहुने बताउनुभयो ।

राजनीति देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्ने उद्देश्यले हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा बेदकोट नगर समितिका अध्यक्ष सुरेन्द्रराज भट्ट, सीताराम रानालगायतले बोल्नुभएको थियो ।

## कैलालीमा महिला प्रशिक्षण कार्यक्रम

कैलाली । नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा बिहीबार प्रशिक्षण कार्यक्रम लम्किचुहा न.पा.५ तिलकपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा सुदूरपश्चिम प्रदेश सदस्य तथा कैलाली सचिव गगनबहादुर थापा मगरले स्तालिन र माओ त्सेतुङ विश्व सर्वहारावर्गका महान् गुरु भएकाले उहाँहरूको जन्म दिवस संसारका कम्युनिस्टहरूले मनाउने गरेको बताउनुभयो ।

उहाँले महान् व्यक्तिहरूमध्ये माओ त्सेतुङ पनि विश्व चर्चामा आउने व्यक्ति हुनुहुन्थ्यो भन्दै उहाँकै कारण चीन स्वतन्त्र भएको उल्लेख गर्नुभयो । उहाँले चीन आर्थिक रूपले अघि बढ्नु चीनको समाजवादी व्यवस्थाका कारण भएको बताउनुभयो । उहाँले असल नेता र नेतृत्वले गर्दा देशले कति छिटो प्रगति गर्छ भन्ने कुरा चीनबाट प्रमाणित भएको छ भन्नुभयो ।

उहाँले नेमकिपाको लक्ष्य भनेको समाजवादी व्यवस्था हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्ने रहेको बताउँदै सम्पूर्ण कार्यकर्ताहरूले पार्टीको लक्ष्यअनुरूप काम गरी गाउँगाउँमा मजदुर र किसानलाई राजनीतिक रूपमा सचेत पार्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली अध्यक्ष लक्ष्मी पुनले कम्युनिस्टका गुरु स्तालिन र माओ त्सेतुङको जन्म दिवस संसारका मजदुर र किसानले मनाइरहेको बताउँदै देश जोगाउन हामी नै सक्रिय भएर लाग्नुपर्ने बताउनुभयो । उहाँले कम्युनिस्टहरूले निःस्वार्थ रूपले विश्वका सर्वहारावर्गको हितको निम्ति काम गर्ने उल्लेख गर्दै नेमकिपा एक सच्चा कम्युनिस्ट पार्टी रहेको बताउनुभयो ।

नेक्राशिसङ्घ कैलाली अध्यक्ष जीएसले माओ त्सेतुङको जीवनीबारे प्रशिक्षणा दिँदै माओ त्सेतुङ एक गरिब परिवारमा हुर्कनुभएको बताउनुभयो । उहाँले चीनमा माओले स्कूलमा सङ्गठन बनाउने गरेको चर्चा गर्दै चीनलाई मुक्ति बनाउने काम गर्नुभयो । उहाँले गाउँगाउँका किसानहरूलाई सङ्गठित गरी समाजवाद लागु गर्ने काम गर्नुभयो । उहाँले देशप्रेमी पुँजीपतिहरूलाई साथमा लिएर दलाल पुँजीवादीहरूसँग लडी चीनमा समाजवादी व्यवस्था ल्याउनुभएको बताउनुभयो ।

उहाँले जोसेफ स्तालिनको जीवनीबारे चर्चा गर्दै लेनिनलाई साथ र समर्थन गर्ने र मार्क्सवादी सिद्धान्तलाई लागू गरी समाजवादी व्यवस्था लागु गर्न स्तालिनले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

कार्यक्रममा नेक्रायुसङ्घ कैलालीका अध्यक्ष प्रेम सिजापती, नेमकिपा कैलाली सदस्य तारा तिरुवा, नेक्राविसङ्घ कैलाली अध्यक्ष एचवी र नेक्रामसङ्घ कैली सचिव जानकी सिजापतीले पनि बोल्नुभएको थियो ।

## 'सिद्धान्तअनुसारको व्यवहार गर्न नसके सिद्धान्त अँगाल्नुको अर्थ हुँदैन'

भक्तपुर । नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भनपा ९ नं. वडा एकाइ समितिले १४७ औँ स्तालिन र १३२ औँ माओ जयन्ती पुस ११ गते शिक्षक भेला गरी मनायो । सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिको आतिथ्यमा भएको उक्त भेलामा उहाँले माओ र स्तालिनको जीवनीबाट प्रेरणा लिई नेपाली कम्युनिस्ट आन्दोलनमा थोरैमात्र योगदान पुऱ्याउन सके पनि भेला सार्थक हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "सिद्धान्तअनुसारको व्यवहार गर्न नसके सिद्धान्त अँगाल्नुको अर्थ हुँदैन ।"

माओ र स्तालिनका बारेमा विरोधीहरूले फैलाएको गलत कुराहरूको पछाडि लाग्नुभन्दा उहाँहरूको योगदानले विश्व कम्युनिस्ट आन्दोलनमा पुऱ्याएको योगदान र त्यसको परिणामलाई हेरेर उहाँहरूको सही मूल्याङ्कन गर्नुपर्ने बताउनुभयो ।

नाजीवादविरुद्ध स्तालिनले गरेको प्रतिरोधका कारण विश्व कम्युनिस्ट आन्दोलन जोगिएको र योजनाबद्ध पञ्चवर्षीय कार्यक्रमले रुसलाई पुँजीवादी देशहरूभन्दा अगाडि बढाएको चर्चा गर्दै उहाँले शत्रुहरूले कम्युनिस्टहरूविरुद्ध कतिसम्म तुच्छ व्यवहार गर्दा रहेछन् भन्ने कुरा कम्युनिस्ट घोषणापत्र पढ्दा थाहा हुन्छ; त्यसैले शत्रुको कुरा हैन स्तालिन र माओका बारेमा लेखिएका पार्टी प्रकाशन अध्ययन गर्न सुझाव दिनुभयो ।

माओले नै आफ्नो कुनै वाद नभएको बरु विचारधारा मात्र भएको भनेर माओवादको खण्डन गरेको कुरा पेकिङ रिभ्युमा छापिएको कुरा नेमकिपाले नेपाली पाठकसामु त्यसैबेला ल्याएको बताउँदै उहाँले त्यसैको आधारमा नेमकिपाले 'माओवादी' हरूसँग सैद्धान्तिक सङ्घर्ष गरेको प्रस्ट पार्नुभयो ।

भेलामा आयोजक समितिका सदस्य मैयाँलक्ष्मी त्यातले स्वागत मन्तव्य राख्दै गरिब परिवारमा जन्मेर पनि स्वअध्ययन र सङ्घर्षबाट खारिएका स्तालिन र माओको जीवनीबाट सिकेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

भेलामा शिक्षिका भगवती आचार्यले अन्तर्राष्ट्रिय व्यक्तित्त्वहरूमा स्तालिन र माओ पनि जान्नैपर्ने व्यक्तिहरूमध्येमा पर्छन् भन्दै समाजवादमा पुँजीवादमा जस्तो धनी र गरिवबिचको खाडल नहुने हुँदा समाजवाद बहुसङ्ख्यक जनताको निम्ति हितकर रहेको विचार व्यक्त गर्नुभयो ।

आयोजक समितिका अध्यक्ष विश्वराम प्रजापतिको सभापतित्वमा भएको उक्त भेलामा शिक्षिका मुना तामाङले पनि बोल्नुभएको थियो ।

## सहकारीलाई नियमन गर्न ल्याएका निर्देशनहरू सहकारी मूल्य मान्यताविपरीत

भक्तपुर । सहकारी अध्ययन समाज नेपालको आयोजनामा पुस ११ गते स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवस मनाइयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य उकेश कवांले स्तालिन र माओको योगदानबारे चर्चा गर्नुभयो ।

इटालीको मुसोलिन र जर्मनको हिटलरको फासीवादविरुद्ध स्तालिनले गर्नुभएको भूमिकाबारे प्रस्ट पार्दै उहाँले युरोपमा समाजवादको विकास होला भन्ने डरले अमेरिका, फ्रान्स र बेलायतले रुसमाथि जालो बुनेको बताउनुभयो । स्तालिनले रुसमा समाजवादको विकास गर्दै पुँजीवादले ३/४ सय वर्षमा गरेको काम स्तालिनले ३०/४० वर्षमा विकास गरी रुसलाई विश्वसामु विकसित देश बनाउनुभएको बताउनुभयो ।

युक्रेनमा भएको विकासलाई तहसनहस गर्न अमेरिका लागिपरेको बताउँदै उहाँले युक्रेनमार्फत रुसमाथि आक्रमण गर्न युक्रेन युद्ध रचिएको बताउनुभयो ।

क्रान्तिकारी कार्यकर्ता बन्न मनमस्तिष्कबाट पुँजीवादी भावना र विचार हटाउनु आवश्यक रहेको बताउँदै उहाँले नेकपा एमाले र माओवादी पार्टीहरू पुँजीवादी पार्टी भएको प्रस्ट पार्नुभयो ।

कार्यक्रमका सभापति कृष्णगोविन्द लाखाजुले सहकारीलाई नियमन गर्न ल्याएका निर्देशनहरू सहकारी मूल्य मान्यताविपरीत रहेकोले संशोधनको लागि लागिपरेको बताउनुभयो । सहकारीकर्मीहरूले पनि समाजवादी नेताहरूबारे जानकारी राख्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नेमकिपाका कार्यकर्ताहरूले सम्हालेको सहकारीमा विकृति आएको छैन भन्नुभयो ।

समाजका सदस्य मीनबहादुर बाटाले माओबारे, काजीबहादुर पञ्चले स्तालिनको जीवनीबारे चर्चा गरेको उक्त कार्यक्रममा राधेश्याम सुवाल र महेन्द्र बखुन्छेँले पनि बोल्नुभएको थियो ।

---

**साम्राज्यवादीहरूको...**

आगलागीको छानबिनसमेत समयमै भएन । बरु अनुसन्धान गर्नुभन्दा पहिले नै सफाइको कामलाई अगाडि बढाइयो । यसले प्रमाण मेट्ने काम भएको विश्लेषकहरूको मत छ । नेपाल प्रहरीको फोरेन्सिक विज्ञान प्रयोगशालाका शाखा प्रमुख पवन ढुङ्गानाले आगलागी भएपछि उनको टोलीका कसैलाई पनि समयमै अनुसन्धान गर्न नबोलाइएको गुनासो पोखे । ढुङ्गानाले काठमाडौँदेखि देशभर भएका आगलागी पूर्वनियोजित रहेको शङ्का गर्न सकिने बताए ।

## बालेन्द्र साहको अभिव्यक्ति

काठमाडौँका मेयर बालेन्द्र साहले एकपल्ट भनेका थिए, "आजको लागि केही भएन, भोलिबाट हाम्रो महानगरपालिकाको कुनै पनि गाडी सरकारबाट रोकियो भने सिंहदरबारमा आगो लगाइदिन्छु ।" त्यसको ठिक एक वर्षपछि सिंहदरबारमा आगो लाग्यो । यो संयोग मात्रै थियो कि षड्यन्त्र ? भविष्यमा तथ्य बाहिर आउला नै । तर, सिंहदरबार जलिरहँदा काठमाडौँ महानगर प्रहरी बलका एसएसपी राजुनाथ पाण्डेको टोलीले बानेश्वरदेखि माइतीघर एरियामा आन्दोलनकारीलाई पानी बाँडेको थियो । 'मेट्रो पुलिस फोर्स' लेखेको बिएसी २७१३ नम्बरको भ्यानबाट दुई महिला र एक पुरुष नगर प्रहरीले मिनरल वाटर बाँडिरहेका थिए । (२०८२ कार्तिक १, जनआस्था साप्ताहिक) कतिपयले उक्त पानीमा प्रदर्शनकारीलाई एकोहोरो बनाउने औषधी मिसाइएको आरोप लगाएका छन् ।

## सुरक्षा संयन्त्रमाथि प्रश्न

सामान्य दिनमा सिंहदरबारको सुरक्षा कडा हुने गर्दछ । त्यसमाथि यसको फलामे गेट र बाक्लो बलियो तथा अग्ला पर्खाल छिचोल्न जो कोहीलाई कठिन हुन्छ । यो देशको सबैभन्दा सुरक्षित स्थल हो, जहाँ सबैभन्दा उच्चस्तरीय सुरक्षा घेरा हुन्छ । हरेक भवनमा तह तहको सुरक्षा घेरा पनि हुन्छ । तर, त्यसदिन बिनाप्रतिरोध सबै घेरा तोडिए । यो कसरी सम्भव हुन्छ ?

२३ गतेको घटनापछि सिंहदरबारको सुरक्षा सतर्कता झन बढाउनुपर्ने हो । तर, त्यसो गरिएन । प्रदर्शनकारीहरू सिंहदरबार पुग्दा त्यहाँ सामान्यभन्दा बढी सुरक्षा बल प्रयोग गरिएको थिएन । मुख्य गेटमा सुरक्षाकर्मीहरूले बिनाप्रतिरोध पछाडि हटेर प्रदर्शनकारीहरूलाई भित्र पस्न दिएको देखियो । यो नै रहस्यको घेराभित्र छ ।

सुरक्षा संयन्त्रमाथि प्रश्न तेर्सिएपछि नेपाली सेनाले असोज ३१ (१७ अक्टोबर २०२५) गते शुक्रबार पत्रकार सम्मेलन गरेर स्पष्टीकरण दियो । अप्रत्यक्ष रूपले विदेशी सेना भित्रिन्छ भन्ने डर र मानवीय क्षति हुन सक्ने भएकोले सेनाले सिंहदरबार जल्दा पनि गोली नचलाएको स्पष्टीकरण दियो । तर, यो स्पष्टीकरणमा नेपाली जनताले चित्त बुझाएका छैनन् ।

## सिंहदरबार केवल भवनमात्र थिएन

नेपालमा डिजिटल रूपमा सबै कुराको भण्डारण गर्ने प्रणाली विकास भइसकेको छैन । सिंहदरबारमा नेपालको महत्त्वपूर्ण तथा गुप्त दस्तावेज र अन्तर्राष्ट्रिय सम्झौताका मूल कपीहरू पनि थिए । तीमध्ये कति आगोमा जले सरकारले जवाफ दिनुपर्छ । देश सञ्चालन गर्ने महत्त्वपूर्ण संस्था र दस्तावेजहरू भष्म भए । प्रम कार्यालय, गृहमन्त्रालय, अर्थमन्त्रालयलगायत थुप्रै मन्त्रालयहरू आगोमा जले । प्रम सुशीला कार्कीले आफ्नो शपथग्रहणलगत्तै भनेकी थिइन्, "देश सञ्चालन गर्ने सबै संस्था र डकुमेन्टहरू ध्वस्त भए, हामी शून्य अवस्थामा छौँ ।" देशको इतिहास जलाउने काम भयो । विदेशीका नुन खाएका केही व्यक्तिहरूले "भवन जल्दैमा चिन्ता गर्नुपर्दैन, सिंहदरबारजस्ता भवन त पुनः बनाउन सकिन्छ" भन्ने तर्क राख्छन् । तर, सिंहदरबार केवल भवन थिएन, देशको मुटु र इतिहास पनि थियो । सिंहदरबार जल्न थालेपछि मूलद्वारको गजुरमा चढेर नेपालको झण्डा बोकेका केही युवा शरीरको लुगा फुकालेर विजय उत्सव मनाएझैँ उन्मादले गर्जिन्छन् र त्यही दृश्यलाई कैद गरेर "म नेपाल हाँसेको हेर्न चाहन्छु" भन्ने बालेन साहको र्याप गीतमा भिडियो बनाइन्छ । अचम्म र देशको मुटु जलाएर कसरी नेपाल हाँसेको हेर्न सकिन्छ ?

*२०८२ पुस १३ गते*

# भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नु जरुरी



काठमाडौं । बालाखु गणेश सांस्कृतिक समूहको आयोजनामा गाईजात्रा उत्सव २०८२ मा गाईचाप्याखंमा प्रथम भएकोमा प्रशिक्षण एवम् प्रमाणपत्र वितरण तथा बधाई ज्ञापन बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले २०८२ सालको गाईजात्रा उत्सवको अवसरमा आयोजित गाईंचा प्याखंमा प्रथम स्थान प्राप्त गर्ने टोलीका सदस्यहरूलाई प्रमाणपत्रसहित बधाई ज्ञापन गर्दै उहाँले नयाँ पुस्तालाई परिवार, विद्यालय, कलेज र समाजले सुसंस्कृत बनाउनु आवश्यक छ; सुसंस्कृत युवाहरू विध्वंशमा लाग्ने छैनन् । भन्नुभयो । उहाँले भ्रष्टाचारीहरूको सम्पत्तिमा आगजनीभन्दा पनि त्यस्तो सम्पत्ति राष्ट्रियकरण गर्नु जरुरी छ भन्दै ठुला भ्रष्टाचारी र महिला हिंसापछि हत्या गर्नेहरूलाई मृत्युदण्डसहितको सजाय हुने कानुनी व्यवस्था आवश्यक भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “बहुदलीय व्यवस्थाको पुन:स्थापनायता सरकारमा गएका पार्टीहरूले विदेशीहरूसँग ऋण लिँदै भ्रष्टाचार गरेको एकपछि अर्को घटनाबाट पुष्टि भइरहेको छ । सरकारको ऋण २७ खर्ब ८८ अर्ब ५३ करोड पुगेको सार्वजनिक भयो ।”

युवालाई वैदेशिक रोजगारीमा पठाउने र दाल, चामल, तरकारी, फलफूलसमेत विदेशबाट किन्ने सरकार देशद्रोही भएको उहाँले बताउनुभयो ।

सचिव सुवालले थप्नुभयो, “संसारमा ७ अर्ब हाराहारी जनसङ्ख्या पुगेको छ । यसमध्ये ६० हजार मानिससँग विश्वका आधा मानिससँग भएको स्रोत साधनभन्दा तीन गुणा भएको सार्वजनिक भयो । यतिबेला संसार समृद्ध बनाउने कि केही देशको हितमा स्रोत–साधन लगाउने भन्ने प्रश्न तड्कारो रूपमा उठेको छ । नेपालको छिमेकी देश चीनले पृथ्वीलाई साझा घर ठानेको छ भने अमेरिकाले आफ्नो देश ‘प्रथम’ बनाउने दाबी गरेको छ । विश्वले चीनको बाटो समाए मात्र मानव जातिको कल्याण हुनेछ ।”

सचिव सुवालले पोकामा राखिएको तयारी खाद्यान्नभन्दा घरमा पकाइने खाद्यान्न स्वस्थकर हुनेतर्फ सबै सचेत हुनु जरुरी भएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेश सांसद सृजना सैंजूले भदौ २३ र २४ गतेको घटनाबारे अमेरिकी एक लेखकले अमेरिकाको डिजाइन र निर्देशनमा भएको खुलासा गरेको बताउँदै देशको हरेक परिस्थिति र घटनाबारे सबै जनता सचेत हुनुपर्ने बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई विगतको इतिहास र वैदेशिक हस्तक्षेपबारे प्रशिक्षित गर्नुपर्ने बताउनुभयो ।

बालाखु गणेश सांस्कृतिक समूहका संयोजक रत्नकाजी नायोभारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जी.पी. लासिवाले सम्पूर्ण जनतालाई राजनैतिक रूपले सचेत गर्न विभिन्न सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्नु उपयुक्त हुने बताउनुभयो ।

# संस्कारयुक्त सन्तान अभिभावकको अपेक्षा हुनुपर्ने

भक्तपुर । बाल विकास सेकेन्डरी स्कूल, लिबाली, भक्तपुरको ३८ औं स्थापना दिवसको अवसरमा ३८ औं वार्षिकोत्सव तथा किन्डरगार्टन सांस्कृतिक कार्यक्रम पुस १२ गते सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा अतिथि प्रजापतिले आफ्ना सन्तानलाई ठुलो मानिसभन्दा असल मानिस बन्न प्रेरित गर्नुपर्ने धारणा राख्नुभयो ।




अभिभावकले सन्तानका लागि पैसा कमाइदिने भन्दा पनि उसलाई असल संस्कारयुक्त बनाउनुपर्छ भन्दै उहाँले आफ्ना सन्तानले के पढे कति पढेभन्दा पनि समाज र देशका लागि के–कति योगदान गरे भन्ने कुरामा सचेत हुन अभिभावकलाई आग्रह गर्नुभयो । उहाँले सङ्गतले मानिसको सोचाइ, व्यवहार गराइ र समग्र व्यक्तित्वमा गहिरो प्रभाव पार्ने भएकोले आफ्ना सन्तानको सङ्गत कस्तो छ ? त्यसमा विशेष ध्यान पुऱ्याउनुपर्छ भन्नुभयो ।

जसरी पनि पैसा कमाउनुपर्छ भन्ने आमाबुबा र परिवारको सोचले गर्दा देशमा भ्रष्टाचार बढेको तथा समाजमा विभिन्न खालका विकृति बढेको बताउँदै नगर प्रमुख प्रजापतिले पैसा कमाउनको लागि पढ्ने भए त डाक्टर, इन्जिनियर आदि पढाउन लाग्ने पैसा बैङ्कमा राख्यो भने त्योभन्दा बढी ब्याज नै आउँछ भन्दै आफ्ना सन्तानलाई असल, सुसंस्कृत र सदाचारी बन्न प्रेरित गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

आफ्ना सन्तानलाई आफ्नो परम्परागत भाषा, कला, सीप, प्रविधि, संस्कार, संस्कृति सिकाउनुपर्ने कुरामा जोड दिँदै उहाँले भक्तपुर नगरपालिकाले विद्यार्थीलाई यहाँका कला, सभ्यता, संस्कृति आदि सिकाउन स्थानीय पाठ्यक्रम निर्माण गरेर विद्यालय तहमा लागू गरेको बताउनुभयो । उहाँले भक्तपुरका विद्यालय र विभिन्न कलेजहरूको नतिजा देशभरमै उत्कृष्ट रहेको उदाहरण प्रस्तुत गर्दै यो हुनमा भक्तपुरका जनताको इमान्दार प्रयासको प्रतिफल हो ।

उहाँले भक्तपुर नपाले देशैभरका विद्यार्थीलाई गुणस्तरीय र संस्कारयुक्त शिक्षा दिन विभिन्न विद्यालय र कलेज सञ्चालन गरेको बताउँदै अहिले भक्तपुर शिक्षा, स्वास्थ्य तथा कला संस्कृतिको केन्द्र बन्दै गएको धारणा राख्नुभयो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल तथा बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले आफ्ना नानीबाबुहरू विद्यालय वा कलेजको परीक्षामा मात्र नभई जीवनका हरेक परीक्षामा कसरी सफल हुन सक्छन् भन्नेतर्फ अभिभावक सचेत हुनुपर्ने बताउनुभयो ।

उहाँले पढाइमा मात्र नभई सोचाइ, व्यवहार, सदाचार र शिष्टतामा पनि विशेष ध्यान दिन आग्रह गर्नुभयो । उहाँले पुरामा पुस्तासँगको सङ्घर्षले बालबालिकाको भाषा सिकाइका साथै उनीहरूमा इतिहास, कला, सभ्यता, संस्कृति तथा परम्परागत सीपको विकास तथा नैतिकता र इमानदारीका गुणहरू उत्पन्न हुने भएकाले हजुरबुबा, हजुरआमा आदिसँग समय बिताउने मौका दिनुपर्ने बताउनुभयो ।

मातृभाषालाई विशेष महत्त्व दिन आग्रह गर्दै उहाँले बालबालिकाको हुर्काइमा विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो ।

बाल विकास स्कूलले आफ्नो तर्फबाट समाजको रूपान्तरणमा थोरै भए पनि निरन्तर प्रयास गरिरहेको बताउँदै यो अभियानमा साथ दिइरहनुहुने सम्पूर्ण अभिभावक तथा शुभचिन्तकहरूलाई उहाँले विशेष धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा अभिभावक प्रतिनिधि प्राध्यापक सरोजराज गोसाईले घरको वातावरणले बालबालिकाको व्यक्तित्व विकासमा निकै महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यसमा सचेत हुन अभिभावकलाई आग्रह गर्नुभयो ।

अभिभावकले आफ्नो सोचाइलाई समयानुकूल परिष्कार गर्दै लानुपर्ने धारणा राख्दै उहाँले विज्ञान र प्रविधिसँग हुर्किएका पुस्तालाई पुरानो सोचले मात्र हुर्काउन सक्दैन भन्नुभयो । आफ्ना अभिभावक नै बालबालिकाका असली रोल मोडल भएको विचार व्यक्त गर्दै उहाँले यस कुरामा विशेष ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो ।

हरेक बालबालिकामा फरक फरक क्षमता हुने भएकाले आफ्ना नानीबाबुलाई अरूसँग तुलना गर्न नहुनेमा अभिभावकलाई सचेत गराउँदै उहाँले नयाँ पुस्ताले प्रगतिशील बाटो रोज्ने हुँदा अभिभावक यसमा सहयोगी बन्नुपर्ने कुरामा जोड दिनुभयो ।

आफ्ना बालबालिकासँग निरन्तर अन्तरक्रिया गर्न र उनीहरूको खानपानमा पनि विशेष ध्यान दिन सबै अभिभावकलाई उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रमका अर्का अतिथि तथा शिक्षक प्रशिक्षक राजेन्द्र दाहालले भाषा विचारको जननी भएकाले मान्छेको भाषा जति शिष्ट र सभ्य छ उसको सोचाइ र विचार पनि त्यति नै राम्रो हुने भन्दै आफ्ना नानीबाबुको भाषामा विशेष ध्यान दिन सबैलाई आग्रह गर्नुभयो ।

बालबालिकालाई सुधार्न पहिले अभिभावक सुध्रनुपर्ने कुरामा उहाँले जोड दिनुभयो । अरूले के भन्यो भन्दा पनि आफूले प्रयोग गरेर के ठीक हुन्छ त्यो गर्नुपर्ने उहाँको विचार थियो ।

कार्यक्रममा अर्का अभिभावक प्रतिनिधि तथा नर्स देविका दनेखूले बालबालिकामा अहिले विभिन्न खाले मानसिक रोग प्रकोपकै रूपमा देखापरेको बताउँदै यसबाट बचाउन उनीहरूलाई विभिन्न गतिविधिमा सक्रिय बनाउनुपर्ने धारणा राख्नुभयो । बालबालिकाको खानपानमा पनि विशेष ध्यान दिन अभिभावकलाई उहाँले आग्रह गर्नुभयो ।

शिक्षिका सीतालक्ष्मी प्रजापतिले बालबालिकाको चौतर्फी विकासमा विद्यालयले सञ्चालन गरिरहेका गतिविधिबारे प्रस्ट पार्नुभएको थियो भने प्रशिक्षक देवना जोशी, शिक्षिकाहरू सुलोचना छ्वाजू, विजेश्वरी फैजू र अनु बोहजूले पनि बोल्नुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको दोस्रो चरणमा किन्डरगार्टन तहका स-साना नानीबाबु तथा शिक्षिकाहरूले सांस्कृतिक झाँकी प्रस्तुत गरेका थिए ।

## चित्र आफैमा

# सम्पदा, इतिहास र साहित्य

भक्तपुर । थालाछेँ बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको १९ औं स्थापना दिवस खुला चित्रकला प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा पुस १२ गते महालक्ष्मीस्थानमा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले हजारौं शब्दलाई एक चित्रले प्रतिनिधित्व गर्ने उल्लेख गर्दै कलाकारहरूले कोरिएका चित्रहरू नै त्यस समयको परिस्थिति चित्रण गर्ने ऐतिहासिक दस्ताबेज भएको हुँदा चित्र आफैमा एक सम्पदा, इतिहास, साहित्य हो भन्नुभयो ।

सहकारी सङ्घ संस्थाले सदस्यहरूलाई आर्थिक कारोबारसँगै सीपमूलक तालिमहरू सञ्चालन गर्दै स्वरोजगारी बन्न उत्प्रेरित गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले शिक्षा क्षेत्रको विकासको निम्ति सबै पक्ष लाग्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

भनपा १० का अध्यक्ष एवं संस्थाका निवर्तमान अध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले न्यून आयस्तरका स्थानीय बासिन्दाहरूको संयुक्त प्रयासबाट स्थापना भएको सहकारीले स्थानीय आवश्यकतालाई पूर्ति गर्न अग्रसर हुनुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का उपाध्यक्ष जगन्नाथ प्रजापतिले समुदायमा आधारित सहकारीहरूले मात्र समुदायको चासो, आवश्यकताअनुसार कार्य गर्ने बताउनुभयो । देशमा सहकारीसम्बन्धी नयाँ नयाँ नियम, ऐन, कानुन निर्देशनहरू सहकारीलाई मजबुत बनाउनभन्दा पनि सहकारीको अस्तित्वलाई मेट्न ल्याएको उहाँले बताउनुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रामकृष्ण साँगाछेँले हालसम्मका गतिविधिहरूबारे प्रस्ट्याउनुभयो । कार्यक्रममा चित्रकलाका निर्णायक बालकृष्ण बनमाला, श्रीया पहिजू र मैंयाकेशरी कोजूले पनि बोल्नुभएको थियो ।

कार्यक्रम शिक्षा उपसमितिका संयोजक राजीव सुवालको सभापतित्वमा सम्पन्न भएको थियो ।

कार्यक्रममा चित्रकला प्रतियोगितामा समूह ‘क’ बाट प्रथममा एनिभ प्रजापति, द्वितीयमा शुभ सुवाल, तृतीयमा समयोग प्रजापति र सान्त्वनामा एलिना भैल रहेका छन् । समूह ‘ख’ बाट प्रथममा आलोक कोजू, द्वितीयमा क्यारोलाइन प्रजापति, तृतीयमा स्वर्णीम राजचल र सान्त्वनामा साइरस सुवाल रहेका छन् । त्यसैगरी समूह ‘ग’ बाट प्रथममा रेहान लोहला, द्वितीयमा इलाइका माक, तृतीयमा पूजा रोकायालाई प्रमाणपत्रसहित प्रमुख अतिथि प्रजापतिले पुरस्कार वितरण गर्नुभयो । स्थापना दिवसको अवसरमा आयोजित रक्तदान कार्यक्रममा सहभागी रक्तदाताहरूलाई प्रशंसापत्र वितरण गरिएको थियो ।

# जनताको सचेतताबिना देशमा सुशासन नहुने



भक्तपुर । सूर्यविनायक प्रगतिशील सांस्कृतिक समाजको आयोजनामा पुस १० गते प्रशंसापत्र तथा मायाको चिनो वितरण कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले निर्वाचन घोषणा भइसकेको स्थितिमा निर्वाचनबाहेक अर्को विकल्प नरहेको उल्लेख गर्दै देश जोगाउन र बनाउन जनता आफै लाग्नुपर्ने कुरामा नेमकिपाले जोड दिँदै आएको बताउनुभयो ।

राजनीतिक दर्शनबिना देशमा परिवर्तन सम्भव नभएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “आमूल परिवर्तन तत्काल सम्भव छैन; देशमा भइरहेको शोषण र भ्रष्टाचार अन्त्य गर्न जनता सचेत हुनुपर्छ ।”

सिद्धान्त र विचार एकातिर, काम अर्कोतिर थन्काएर देश र जनताको सेवा नहुने उल्लेख गर्दै उहाँले जेन-जीको आन्दोलनमा स्वदेशी विदेशीहरूको घुसपैठ भएको हुँदा आन्दोलन तोडफोड र आगजनीमा परिणत भएको बताउनुभयो ।

संरा अमेरिका र भारतले नयाँ पुस्तालाई प्रयोगमा ल्याउन खोजेकोतर्फ सतर्क हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भ्रष्टाचार रोक्न सांसद मन्त्री बन्न पाउने व्यवस्था गर्न नहुने बताउनुभयो ।

नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले नेमकिपाले पञ्चायतकालदेखि देश र जनताको सेवा गर्न सङ्घर्ष गर्दै आएको उल्लेख गर्दै विभिन्न मित्र राष्ट्रहरूको सहयोगले बनेका उद्योगहरू कौडीको मूल्यमा बिक्री गरेर व्यक्तिलाई पोस्ने काम गरिरहेको बताउनुभयो ।

काँक्रेबारीमा सार्वजनिक जग्गा मिचेर भूमाफियाहरूले रजगज गरिरहेको उल्लेख गर्दै उहाँले सार्वजनिक सम्पत्ति जोगाउनु सङ्घ, प्रदेश र स्थानीय सरकारको हो भन्नुभयो ।

समाजका अध्यक्ष एवं कार्यक्रमका सभापति काजीबहादुर पञ्चले समाजले गर्दै आएको गतिविधिबारे प्रकाश पार्दै कला र संस्कृतिका संरक्षण र उत्थानमा सबैको उत्तिकै सहयोग आवश्यक छ भन्नुभयो ।

प्रशंसापत्र, मायाको चिनो र धन्यवाद पत्र वितरण भएको सो कार्यक्रममा वडा नं. ८ का श्यामसुन्दर सुवाल, अग्रज किसान कार्यकर्ता कृष्णनारायण मचामसी, समाजका उपाध्यक्ष गङ्गालाल हाकुसु र महेन्द्र बखुन्छेले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# देशले युवा नेतृत्व खोजेको हो कि विचारले सुसज्जित, परिपक्व र देशभक्त नेतृत्व ?

✍ विवेक

**उमेरले युवा होइन देशको लागि अनुभवी, योग्य र देशभक्त नेता अहिलेको आवश्यकता हो। अहिले युवा युवा भनेर चिच्याउने अपरिपक्व युवाहरूले समयमै यसबारे सोच्नु जरुरी छ। देशको अस्तित्व समाप्त भइसकेपछि पछुटाएर केही फाइदा हुने छैन। नेपालमा नयाँ जेलेन्स्की होइन, देश र जनताको निम्ति काम गरिरहेका इमानदार, देशभक्त र मुलुकको मुहार फेर्न सक्ने सक्षम र परिपक्व नेतृत्वको आवश्यकता छ। आगामी फागुन २१ गते हुने आम निर्वाचनमा नेपाली जनताले खोजेको जस्तो जनप्रतिनिधिहरू चयन गर्न सबैले आ–आफ्नो ठाउँबाट प्रयास गर्नु जरुरी छ। पछि पछुटाउनुभन्दा समय छँदै सोचौँ !**

पुस १३ गते राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र साहबिच एउटा सहमति पत्रमा हस्ताक्षर भयो। ७ बुँदे सहमति पत्रको चौथो बुँदामा 'राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन्द्र साह हुने' उल्लेख छ। यो सम्झौतापछि रास्वपा समर्थकहरू अति उत्साहित देखिएका छन् भने कतिपय स्वतन्त्र बुद्धिजीवी भन्न रुचाउनेहरू पनि खुशी देखिन्छन्।

बालेन्द्र साह काठमाडौँ महानगरपालिकाका मेयर हुन्। उनले यस अघिसम्म आफ्नो छुट्टै पार्टीको घोषणा गरेका थिएनन्। उनी न समाजवादका पक्षपाती हुन् न त पुँजीवादको। उनको कुनै वैचारिक पक्ष स्पष्ट भइसकेको छैन। २०७९ सालको स्थानीय तहको निर्वाचनमा उनी आफ्नो सङ्गठनको भोटले भन्दा नेका, एमाले र माओवादीहरूप्रति असन्तुष्टहरूको भोटले जितेका थिए। नेका, एमाले र माओवादी पटक पटक सरकारमा गएर पनि देश र जनताको हितमा काम नगरी भ्रष्टाचार, पक्षपात र भागबण्डामा डुबेका कारण जनतामा ती शासक पार्टीहरूप्रति वितृष्णा जाग्यो। उनीहरूबाट विरक्त काठमाडौँबासीहरू विकल्पको खोजीमा थिए। उनीहरूको मत पाएर काठमाडौँ महानगरपालिकाको मेयरमा बालेन्द्र साह जितेका थिए। उनीसँग राजनैतिक र वैचारिक सङ्गठनभन्दा युवाहरूलाई छिटै प्रभावित पार्न सक्ने सामाजिक सञ्जाल चलाउनेहरूको ठूलो जमात छ। त्यो नै उनको शक्ति र निर्वाचन जित्ने आधार बनेको छ।

राजनीति र्‍याप गाउनुजस्तो सजिलो विषय होइन न त सनकको भरमा चल्ने विषय नै हो। राजनीति भनेको दुवैतिर धार भएको हतियारमा हिँड्नु जतिकै खतरा विषय हो। अलिकति सन्तुलन नमिल्नासाथ दुर्घटना हुन्छ। कतिको छिटै नै अन्त्य पनि हुन सक्छ। रवि लामिछाने स्वयं यसको उदाहरण बनेका छन्। उनी रेडियो र टेलिभिजनमा काम गर्दासम्म कसैले उनले गरेका गलत कामहरूको सार्वजनिक गर्ने प्रयास गरे र ? जब राजनीतिमा आए उनका कर्तुतहरू धमाधम सार्वजनिक हुन थाले।

काठमाडौँ महानगरको मेयर भएर सनकको भरमा बालेनले पटक पटक सिंहदरबार जलाउन युवाहरूलाई उत्साहित गरे। भाद्र २३ र २४ गतेको आन्दोलनको क्रममा साँच्चिकै सिंहदरबार जलाए पनि। सिंहदरबार जल्नुमा उनको फेसबुक स्टाटसले राम्रै काम गरेको थियो। देशको सम्पदा सिंहदरबार, सर्वोच्च न्यायालय, संसद् भवन जलिरहँदा उनले आफ्नो मातहतका दमकल नपठाएर आगो निभाउन पनि असहयोग गरे। सहमतिको बुँदा नं. १ मा 'युवाहरूको आन्दोलनको अपनत्व लिने' कुरा उल्लेख गरिएको छ। आन्दोलनको जिम्मेवारी लिनेहरूले त्यतिबेला भएको भौतिक र मानवीय क्षतिको पनि जिम्मेवारी लिन अस्विकार गर्न मिल्दैन। रवि लामिछाने र बालेन्द्र साहले त्यसको पनि जिम्मेवारी लिनुपर्छ। गौरीबहादुर कार्की आयोगले उनीहरूसँग पनि बयान लिनुपर्छ। त्यसले धेरै नयाँ नयाँ रहस्यहरू खुल्दै जाने छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने बहुविवाह, नक्कली नागरिकता र नक्कली पासपोर्ट काण्डदेखि सहकारी ठगका आरोपित व्यक्ति हुन्। उनी टेलिभिजन कार्यक्रममा रहँदा अरू नेताहरूलाई खुब नैतिकताको पाठ पढाउँथे। उनीविरुद्ध ५।५ वटा सहकारी ठगको मुद्दा अदालतमा विचाराधीन छन् तर उनले नैतिकताको आधारमा सभापति पद छाड्ने आवश्यकता देखेनन्। उनले अहिले कस्तो नैतिकता प्रदर्शन गर्दै छन् ? अझ भदौ २३ र २४ गतेको आन्दोलनसँगै नक्कली कागज बनाई जेलबाट निस्केको आरोप पनि उनीमाथि छ। त्यतिबेला बाहिर भागेका १२।१३ हजार कैदीमध्ये अझै हजारौँ बन्दीहरू सम्पर्कमा नआएका कारागार प्रशासनको भनाइ छ। उनकै कारण कैदीहरू भागेको आरोप पनि उनले खेपिरहेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी कुन सिद्धान्त र विचारधाराको आधारमा देशलाई विकासको बाटोमा अगाडि बढाउन चाहेको हो अहिलेसम्म प्रस्ट छैन। सरकारको नेतृत्व लहडमा होइन विचारले गर्ने हो। स्पष्ट विचार र दृष्टिकोणबिनाको नेतृत्वले देश झन् भद्रगोल स्थितिमा पुग्न सक्छ। नेपालको राजनीतिमा हात हाल्न खुट्टा उचालिरहेका विदेशीहरूको निम्ति अनुकूल वातावरण तयार हुने, देशको सार्वभौमिकता र स्वतन्त्र अस्तित्वमाथि खतरा आउने सङ्केतहरू देखा पर्दै छन्। निर्वाचनको समयमा जनताले यस्ता विषयहरूबारे व्यापक चिन्तन मनन गर्नु आवश्यक छ। जनताको एक भोटले देशको अवस्था सुध्रिन पनि सक्छ, देशको अस्तित्व समाप्त हुन पनि सक्छ।

युवाहरूको आन्दोलनपछि बालेन्द्र साह अमेरिकी युथ काउन्सिलका अध्यक्ष रहेको खुलेको छ भने नेपालमा राजनैतिक अस्थिरता ल्याउन वर्षौँदेखि अमेरिकी आईएनजिओहरू करोडौँ डलर खर्च गरेर नेपाली युवाहरूलाई सङ्गठित गरेर बसिरहेको पनि क्रमशः खुल्दै छन्। त्यसैले साहको सम्बन्ध पश्चिमाहरूसँग रहेको र युवाहरूको आन्दोलन उनीहरूको निर्देशनमा भएको अब छर्लङ्ग भइसकेको छ।

आन्दोलनको क्रममा बालेनले वार्ता सेनासँग मात्र हुन्छ भने, त्यही भयो। मन्त्रिमण्डलको अध्यक्षमा सुशीला कार्कीलाई आफ्नो समर्थन रहेको बताए। संविधानविपरीत नै भए पनि देशको थप ध्वंश हुनबाट जोगाउन दलहरूले त्यसलाई पनि स्विकारे। उनले संसद् विघटनलाई पूर्व सर्त राखे र नयाँ निर्वाचनमा जान पनि दलहरू तयार भए। यसरी देशलाई उनले देखाएको मार्गमा हिँडाउन सफल हुँदै आए। उनीभन्दा उनको पछाडि रहेको अमेरिकी शक्ति यसको सबै डिजाइन गर्ने शक्ति हो भन्ने कुरा सबैतिरबाट पुष्टि हुँदै छ। बाहिर देखिनेमा अमेरिकी युथ काउन्सिल, बारबरा फाउण्डेशन, समता फाउण्डेसनलगायत छन्। नेपालका नेताहरू र नेपाली सेनासमेत पछि हट्नुको कारण पनि यही हो। यसबाट नेपाल अब अमेरिकन र पश्चिमा मुलुकहरूको गतिविधिको केन्द्र बालेन्द्र भइरहेको बुझ्न सकिन्छ। बालेन्द्रलाई प्रधानमन्त्री बनाउने रास्वपासँगको सहमतिले नेपाल र नेपाली जनतालाई के सन्देश दिन्छ ?

सिद्धान्त र विचारबिनाको युवाले देशको नेतृत्व गरे भने के हुन्छ युक्रेनबाट पाठ सिक्नुपर्छ। युक्रेनका राष्ट्रपति जेलेन्स्की एक राम्रा कलाकार थिए। निर्वाचनमा उनी राष्ट्रपतिमा निर्वाचित भए। उनी अमेरिका र पश्चिमाहरूको गोटी थिए। उनले मालिकको निर्देशनअनुसार काम गर्दै गए। रुससँग पश्चिमाहरूको आड भरोसामा निहुँ खोज्न थाले। अन्ततः रुस र युक्रेनबिच युद्ध भयो। अहिले ती दुई देशबिच युद्ध भएको ३ वर्ष भयो। देशले धेरै जनधनको क्षति भोग्नुपर्‍यो। अझै उनले अमेरिकासँग नजिक भएर युद्ध लडिरहेछन्। उनको भौतिक र मानवीय क्षति त भयो भयो अब धेरै भूभाग समेत गुमाउनुपर्ने अवस्था आउँदै छ।

जेलेन्स्की उमेरले युवा हुन्। उनको विचारमा परिपक्वता थिएन। पश्चिमाहरूले उचालेको भरमा उनी युद्ध लड्न तयार भए। देश खरानी भएपछि अब पश्चिमाहरू डुब्ने जहाजमा किन चढ्छन् र ! अमेरिकामा ट्रम्पले उनलाई राष्ट्रपति त के सामान्य मानिस सरह पनि व्यवहार गरेनन्। युक्रेनको जति जनधनको क्षति भयो, त्यो जेलेन्स्कीकै कारण भएको हो। साम्राज्यवादीहरूले अरूलाई कसरी लडाउँछन् भन्ने एक गतिलो उदाहरण युक्रेन बनेको छ।

यसर्थ उमेरले युवा होइन देशको लागि अनुभवी, योग्य र देशभक्त नेता अहिलेको आवश्यकता हो। अहिले युवा युवा भनेर चिच्याउने अपरिपक्व युवाहरूले समयमै यसबारे सोच्नु जरुरी छ। देशको अस्तित्व समाप्त भइसकेपछि पछुताएर केही फाइदा हुने छैन। नेपालमा नयाँ जेलेन्स्की होइन, देश र जनताको निम्ति काम गरिरहेका इमानदार, देशभक्त र मुलुकको मुहार फेर्न सक्ने सक्षम र परिपक्व नेतृत्वको आवश्यकता छ। आगामी फागुन २१ गते हुने आम निर्वाचनमा नेपाली जनताले खोजेको जस्तो जनप्रतिनिधिहरू चयन गर्न सबैले आ-आफ्नो ठाउँबाट प्रयास गर्नु जरुरी छ। पछि पछुताउनुभन्दा समय छँदै सोचौँ !

**समाजवादमा...**

देशको स्रोत र साधन उपयोग गरिने उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "माओ त्सेतुङको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले चीनलाई कृषि, उद्योग, चिकित्सा क्षेत्र, अन्तरिक्ष अभियानमा समेत अघि बढाएको छ। चौध ओटा साम्राज्यवादी देशहरूले उपनिवेश बनाएको चीन अहिले विश्वको पहिलो अर्थतन्त्र हुने क्रममा छ।"

नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले वर्तमान विश्वमा नेता स्तालिनको कुशल नेतृत्व र माओ विचारधाराको सान्दर्भिकताबारे उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "समाजवादले मात्र मानव समाजको सेवा गर्न सक्छ। सोभियत समाजवाददेखि चीनको समाजवादसम्मको अनुभवले त्यही भन्छ।"

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले पुस ८ गते प्रकाशित 'श्रमिक' साप्ताहिकको लेख 'नेपालमा अमेरिकाको सत्तापलट : एक खुलासा' बारे सरल भाषामा चर्चा गर्नुभयो।

नेक्रामसङ्घका भक्तपुर जिल्ला अध्यक्ष सृजना सैंजुको सभापतित्वमा सम्पन्न भक्तपुर जिल्लास्तरीय महिला भेलामा समितिका उपाध्यक्ष देविका दनेखुले 'वर्तमान चीनमा स्वास्थ्य बन्दोबस्त'बारे प्रस्तुति दिनुभयो।

समितिका कोषाध्यक्ष गङ्गा वैद्यले अध्यक्ष माओ र चिनियाँ क्रान्तिबारे चर्चा गर्नुभयो।

जे.भी. स्तालिन र सोभियत रुसबारे सङ्क्षिप्त चर्चा समितिका सदस्य अनिता जधारीले गर्नुभयो भने कार्यक्रममा सरस्वती सिङ्ख्वालले पनि बोल्नुभयो।

**शासक...**

भएकोले कार्यान्वयनमा सकस भइरहेको छ।"

सङ्घीयता राज्यको मोडल मात्र हो, यसको राम्रो व्यवस्थापन गर्न नसकेमा विभाजनको खतरा निम्तिने उदाहरणहरू प्रस्तुत गर्दै नगर प्रमुख प्रजापतिले सोमालिया, रुवान्डालगायतका देशहरूमा जातीय द्वन्द्व सङ्घीय व्यवस्था असफल भएकै कारण भइरहेको बताउनुभयो।

सङ्घीयताको ८ वर्षको अभ्यासले कतिपय प्रदेशहरूले आफ्नो औचित्यसमेत पुष्टि गर्न नसकेको स्पष्ट पार्दै प्रमुख प्रजापतिले प्रदेशले आफ्नो अधिकार क्षेत्रको काममा ध्यान नदिई बारम्बार सरकार परिवर्तनको फोहरी राजनैतिक खेलमा मात्रै दलहरू केन्द्रित हुनाले देशले आजको दुर्दशा भोग्नुपरेको बताउनुभयो।

स्थानीय तहले बनाउने अधिकांश कानुनमा 'प्रदेश कानुनबमोजिम' भन्ने उल्लेख छ तर प्रदेशले कानुन निर्माण नगर्दा धेरै स्थानीय तहले काममा असहजता महसुस गरिरहेका छन्। सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयले मात्रै सङ्घीयताको प्रभावकारी कार्यान्वयन सम्भव छ, प्रमुख प्रजापतिले भन्नुभयो।

सङ्घीय शासन व्यवस्था कार्यान्वयनमा आएपछि विगतका जिल्लास्तरीय सबै संरचनाहरू खारेज भई पालिकास्तरमा आउनुपर्ने बताउँदै उहाँले राज्यका हरेक योजना ठेक्कापट्टामा गराउने नीतिले देशमा व्यापक आर्थिक अनियमितताहरू भइरहेको उल्लेख गर्नुभयो।

नेपालको संविधानभित्र रहेर भक्तपुर नगरपालिकाले गरेका व्यावहारिक अभ्यासबारे अवगत गराउँदै उहाँले भन्नुभयो, "भक्तपुर नपाले दुई वटा इन्जिनियरिङ कलेजसहित सातवटा शैक्षिक संस्थाहरू सञ्चालन गरी वर्षको ४ करोडभन्दा बढी छात्रवृत्ति प्रदान गरिरहेको छ। इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा, दर्शनशास्त्रलगायतका विषय लिई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई नगरपालिकाले विशेष छात्रवृत्ति व्यवस्था गरिरहेको छ। नगरपालिकाले सामुदायिक र संस्थागत विद्यालयहरूको गुणस्तरमा प्रतिस्पर्धाको नीति आदि अवलम्बन गर्दै आएको छ।"

कार्यक्रममा नवनियुक्त अधिकृतहरूले प्रस्तुत गरेका जिज्ञासामाथि प्रस्ट पार्दै प्रमुख प्रजापतिले भक्तपुर नपाले समाजवादउन्मुख कार्यलाई जोड दिँदै आत्मनिर्भरताको अभ्यास गरिरहेको पनि बताउनुभयो।

उहाँले विदेशी सहयोगबिना भक्तपुर नपाले यहाँका सम्पदाहरूको पुनःनिर्माण तथा जीर्णोद्धार जनसहभागिता र उपभोक्ता मोडलमा सम्पन्न गरेको स्पष्ट पार्नुभयो।

शिक्षकहरूलाई स्थानीय तहले तलब खुवाउने तर नियन्त्रण सङ्घ सरकारले गरिरहेको गलत भएको धारणा राख्दै उहाँले तलब खुवाउने र नियन्त्रण एकै ठाउँबाट हुनुपर्ने सामान्य मान्यतासमेत सरकारले पालना नगरेको हुँदा सङ्घीयता कार्यान्वयनमा समस्या देखिएको हो भन्नुभयो।

कार्यक्रमका अर्का वक्ता चितवनको खैरहनी नगरपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत एवम् राष्ट्रिय योजना आयोगका उपसचिव विष्णुप्रवाह सापकोटाले स्थानीय तहमा बसेर काम गर्दाका आफ्ना अनुभव सुनाउँदै स्थानीय तह जनताको नजिकको सरकार भएको हुँदा यसलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो।

सङ्घ र प्रदेशको भरमा बस्ने होइन, स्थानीय तह आफैमा स्वतन्त्र र स्वायत्त हुनुपर्नेमा जोड दिँदै उहाँले स्थानीय सरकार सङ्घीयताको मजबुत जग भएकोले स्थानीय तह बलियो भए मात्र समग्र राष्ट्र विकासमा मद्दत पुग्ने धारणा राख्नुभयो।

उहाँले स्थानीय तह सिकाइको केन्द्र पनि हो भन्दै नवनियुक्त अधिकृत कर्मचारीहरूलाई देशका विभिन्न स्थानीय तहहरूमा गएर काम गर्न प्रेरित गर्नुभयो।

कार्यक्रमको सहजीकरण नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्ययन निर्देशक राजेन्द्र अधिकारीले गर्नुभएको थियो।

उक्त कार्यक्रममा उपस्थित नवनियुक्त अधिकृतहरूले स्थानीय तहका बेरुजु, सङ्घ, प्रदेश र स्थानीय तहले निर्माण गर्ने ऐन, कानुन र कार्यविधिको सामञ्जस्यता, स्थानीय तहको सेवा प्रवाह, जनप्रतिनिधि र कर्मचारीबिचको समन्वय, तीन तहको सरकारबिच सहकार्य र समन्वय, जिल्ला समन्वय समितिको भूमिका, कानुन निर्माणमा देखिएका कठिनाइ र चुनौती, कर्मचारी भर्नाको अधिकार, स्थानीय तहको आन्तरिक लेखा परीक्षण, प्रदेश सरकारको औचित्यता आदिबारे आफ्ना जिज्ञासा प्रस्तुत गरेका थिए।

## ललितपुरमा भेटघाट र छलफल

ललितपुर, १४ पुस। देशको समसामयिक राजनीतिक विषयमा नेपाल मजदुर किसान पार्टी ललितपुरले कार्यकर्ता भेटघाट र छलफल चालु राखेको छ। यसैक्रममा शुक्रबार गोदावरी नगरपालिका वडा नं. ११ र १२ मा नेमकिपाप्रति आस्थावान स्थानीय बासिन्दाबिच छलफल सम्पन्न भयो।

छलफल कार्यक्रममा नेमकिपा ललितपुरका सदस्य विष्णुभक्त महर्जन र नेक्रामहिलासङ्घ केन्द्रीय समितिका सदस्य सुनकेसा शाहीले पार्टीको दृष्टिकोण, गतिविधि र समसामयिक विषयमा प्रस्ट पार्नुभएको थियो। त्यस्तै ललितपुर महानगर पालिका वडा नं. २७ मा पनि शुक्रबार भेटघाट र छलफल सम्पन्न भयो।

**कविता**

## चुनाव

• *स्नेह*

फागुन २१ गते
जनता सचेत हुनुपर्ने
कमिशनखोरलाई हराउनैपर्ने
गुण्डाहरूलाई उठ्नै नदिने
पालैपालो प्रधानमन्त्री र मन्त्री
भागबन्डा गर्नेहरूलाई
सेखी झार्नैपर्ने भो
कठघरामा उभ्याउनुपर्ने भो।
आगमी फागुन २१ गते
देशभक्तलाई जिताउनुपर्ने भो
जनताका सेवकहरू आउनुपर्ने भो
प्रधानमन्त्री बपौती ठान्नेहरूलाई
कोठामा सभापति बाँड्नेहरूलाई
प्रजातन्त्रको दुहाई दिनेहरूलाई
नयाँ शीशी देखाउँदै
पुरानै रक्सीमा डुब्नेहरूलाई
पालैपालो सरकारमा पुगेर
विदेशी दलाल बन्नेहरूलाई
रसातालमा झार्नैपर्ने भो।

*२०८२ पुस १४*




**विद्यार्थीलाई...**

बालबालिकालाई राम्रो बोलीवचन र संस्कार घरमै सिकाउनुपर्ने बताउनुभयो ।

त्रिविका प्रा. डा. तारालाल श्रेष्ठले एउटामात्र विद्यालय उत्कृष्ट बन्दैमा जिल्लाभरको शिक्षा राम्रो नहुने तर उत्कृष्ट विद्यालयको तौरतरिका र अनुभव अन्य विद्यालयले पनि उपयोग गरेमा शिक्षाको स्तरवृद्धि हुनसक्ने बताउनुभयो ।

उहाँले शैक्षिक विकासको निम्ति धेरै जोड दिने नगरपालिका भक्तपुर नगरपालिका नै भएको बताउनुभयो ।

भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले सबैका निम्ति शिक्षा र कम शुल्कमा गुणस्तरीय शिक्षामा जोड दिइरहेको भनपाले हरेक वर्ष विभिन्न तहका सयौं विद्यार्थीहरूका निम्ति छात्रवृत्तिको व्यवस्था गर्दै आएको बताउनुभयो ।

समारोहमा प्रमुख अतिथि बिजुक्छेँले विद्यालयको स्मारिका '३० वर्षको अथक यात्रा' र 'बुद्ध शिक्षा र दर्शन' पुस्तक विमोचन गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले संस्कृति सम्पदाको क्षेत्रमा पुऱ्याएको योगदानका निम्ति भनपा ८ का राजेश गाइँजुलाई नगद रु. १ लाख ३० हजारको 'जेस संस्कृति सम्पदा सिरपा' प्रदान गर्नुभयो ।

काठमाडौँ उपत्यकाका विभिन्न स्थानहरूमा विभिन्न समयमा भइरहने विभिन्न जात्रापात्राहरूमा पानी बोकेर पानी खुवाउने 'पानी बा' भनेर चिनिने समाजसेवामा लामो समयदेखि लागिरहेका भक्तपुरकै रत्नभक्त प्रजापतिलाई नगद रु. ५० हजारसहित सम्मानपत्र प्रदान गरिएको थियो ।

भनपा १० का सफाइ मजदुरहरू सीताराम कर्माचार्य र उर्मिला द्योलालाई नगद रु. २५-२५ हजारका साथ सम्मानपत्र प्रदान गरिएको थियो ।

समारोहमा स्कूलको ३० औं वार्षिकोत्सवको अवसरमा आयोजित अन्तरविद्यालय चेस (जुनियर छात्र), चेस (सिनियर छात्र), चेस छात्रा, अन्तरविद्यालय छात्र बास्केटबल, अन्तरविद्यालय छात्रा बास्केटबल, अन्तरविद्यालय एकल मादल वादन प्रतियोगिता, जिल्लास्तरीय गायन प्रतियोगितालगायत विभिन्न अतिरिक्त क्रियाकलापका विजेता विद्यालय र विद्यार्थीहरूलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

विद्यालयका संस्थापक प्रिन्सिपल योगेन्द्रमान बिजुक्छेँको सभापतित्वमा भएको कार्यक्रममा विद्यालयका प्रिन्सिपल राजन धौभडेल, विद्यालय सञ्चालक सदस्य विश्वबहादुर दुवाललगायतले बोल्नुभएको थियो ।

# देश र जनताको राजनीति सजिलो नहुने




भक्तपुर । "नयाँ पुस्ताले सबैभन्दा पहिले आफ्नो देशलाई चिन्नुपर्छ अनि संसारका घट्नाक्रमको विश्लेषण गर्ने र त्यसपछि देशको विकास र प्रगतिका लागि निःस्वार्थपूर्वक काम गर्नुपर्छ । यसलाई मन्त्रजस्तै मानेर अध्ययन गरी राजनैतिक-सामाजिक गतिविधिमा सक्रियतापूर्वक लाग्नुपर्छ ।"

नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले शनिबार आयोजित एक समारोहमा नयाँ पुस्तालाई उत्साहित गर्दै उपर्युक्त भनाइ राख्नुभएको हो । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ भक्तपुर नगरपालिका ९ नं. वडा समितिको आयोजनामा सम्पन्न प्रवीणता प्रमाणपत्र तहदेखि एमफिल-विद्यावारिधिसम्म उत्तीर्ण विद्यार्थीलाई बधाई ज्ञापन तथा सांस्कृतिक कार्यक्रममा सम्बोधन गर्दै अतिथि सुवालले देश र जनताको निम्ति गरिने राजनीति सजिलो नभएको बताउनुभयो ।

शासक दलहरूले राजनीतिको नाममा भ्रष्टाचार, नातावाद, गुण्डागर्दी र भागबन्डा गर्दै देशलाई बर्बादीतर्फ धकेलिरहेको विरोधमा युवा पुस्ताले विद्रोह त गरे तर सही राजनैतिक दर्शन र सबल नेतृत्वको अभावमा देश थप सङ्कटमा पुगेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "भदौ २३ र २४ गतेको हिंसात्मक आन्दोलन संरा अमेरिकी आर्थिक संस्थाहरू 'एनइडी' र 'आइआरआइ' बाट प्रत्यक्ष निर्देशित र प्रायोजित भएको प्रमाणसहितका लेखहरू प्रकाशित भइरहेका छन् ।"

समसामयिक राजनैतिक अवस्थाको विषयमा जानकारी दिँदै पार्टी सचिव सुवालले फागुन २१ गतेको चुनाव अझै अन्योलपूर्ण रहेको अवस्थामा आगामी प्रधानमन्त्री को बन्ने भन्ने छलफल हुनु सही नभएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रधानमन्त्री को बन्ने भन्दा पनि देश र जनताको सेवामा के के नीति तथा कार्यक्रम ल्याउने भन्ने छलफलमा केन्द्रित हुनुपर्ने हो ।"

शासकहरू युवाहरूलाई स्वदेशमै रोजगारी सृजना गरी देशको प्रगतिको बाटो कोर्ने दिशातर्फ उन्मुख हुनुको साटो पासपोर्ट छाप्ने र युवाहरूलाई विदेश निर्यात गर्नेतिर लागेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "देशको वैदेशिक ऋण २८ खर्ब पुग्यो र प्रत्येक नेपालीको टाउकोमा झण्डै एक लाख ऋणको भार छ । सरकार भने ऋण तिर्न पनि विदेशी ऋण लिँदै छ । शासक दलहरूकै कारण हामीले दुर्भाग्य भोग्नुपरेको हो ।"

सचिव सुवालले वैदेशिक ऋण लिएर देशको आर्थिक प्रगति गरेको उदाहरण विश्वमा कहीँ पनि नभएको प्रस्ट पार्दै नयाँ पुस्तालाई देश र समाजप्रति उत्तरदायी बनी आफ्नो अध्ययन र सीपलाई समाजकै प्रगतिमा लगाउन सुझाव दिनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले चिनियाँ क्रान्तिका महान् गुरु माओ त्सेतुङको जन्मदिवसको सन्दर्भ जोड्दै चिनियाँ समाजवादी व्यवस्थामा शिक्षा र स्वास्थ्य उपचार सेवा हरेक नागरिकको अधिकार हुने र श्रमसँग जोडिएको शिक्षा प्रणाली भएकोले चिनियाँ युवाहरू आफ्नो देशको प्रगतिका लागि निरन्तर मेहनत गरिरहेको बताउनुभयो ।

चिनियाँ भूमि तिब्बतमा हरेक नागरिकलाई विद्युत्, खानेपानी, इन्टरनेट, आवास र शिक्षा-स्वास्थ्य सेवा सरकारको तर्फबाट निःशुल्क प्राप्त हुने जानकारी गराउँदै उहाँले नेपालमा पुँजीवादी व्यवस्था भएकोले सबै चिज पैसाले किन्नुपर्ने र गरीब जनताको पहुँचमा शिक्षा-स्वास्थ्य नभएको बताउनुभयो ।

पार्टी वडा समितिका अध्यक्ष कृष्णभक्त लवजूले पार्टीका अग्रज कार्यकर्ताहरूको सङ्घर्षको प्रतिफल स्वरुप नयाँ पुस्ताले विद्यालय र कलेजहरूमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर पाइरहेको चर्चा गर्दै युवाहरूको सांस्कृतिक स्तर उठाउन अझै मेहनत गर्नुपर्नेमा जोड दिनुभयो ।

नेक्राविसङ्घ २४ औँ भक्तपुर जिल्ला सम्मेलन तयारी समितिका सचिव सुजी हेंग्वजूले नयाँ पुस्तामा सही राजनैतिक दृष्टिकोणको विकास हुन आवश्यक रहेको उल्लेख गर्दै विचारशून्य नेतृत्वले देशलाई खाल्डोमा जाक्ने खतरा रहनेमा सचेत हुनुपर्ने बताउनुभयो ।

नेक्राविसङ्घ भक्तपुर नगर समितिका सचिव प्रज्ज्वल खत्रीले नयाँ पुस्तामा अन्याय अत्याचार र भ्रष्टाचारविरुद्ध आक्रोश हुनु स्वाभाविक रहेको बताउँदै सङ्गठित आवाजका लागि नेक्राविसङ्घमा आबद्ध हुनुपर्नेमा जोड दिनुभयो ।

आयोजक समितिका संयोजक राज प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा समितिका दीपिका लवजू, सगुन धन्छा, सनम फैजू, देवान्स मानन्धर, जोयल मानन्धरलगायतले विद्यार्थी गतिविधिबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा प्लस टु/प्रवीणता प्रमाणपत्र तहका १४५ जना, स्नातक तहका ४५ जना, स्नातकोत्तर तहका ४० जना, एमफिल तहका २ जना र विद्यावारिधि गर्ने ४ जना गरी जम्मा २३४ जना विद्यार्थीहरूलाई बधाई पत्र तथा मायाको चिनो प्रदान गरिएको आयोजक समितिले बताएको छ ।

औपचारिक कार्यक्रमपश्चात् विभिन्न प्रगतिशील गीत सङ्गीतमा नृत्य, समसामयिक विषयमा नाटक तथा वाद्यवादन पनि प्रस्तुत गरिएको थियो ।

**एकक्षण** — **प्रधान**

## हरेक वस्तु पुराना हुन्छन् तर इमानदारी सधैँ प्रबल रहन्छ !

१३ पुस २०८२ को 'अन्नपूर्ण पोष्ट' ले लेख्यो - 'दलहरूले भने चुनावमा भाग लिन्छौं, वातावरण चाहियो ।' उक्त समाचारअनुसार अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले बालुवाटारमा बोलाउनुभएको बैठकमा एमाले अध्यक्ष केपी शर्मा ओली, काङ्ग्रेस सभापति शेरबहादुर देउवा, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल उपस्थित थिए ।

दलका नेताहरूलाई सुरक्षालगायतका वातावरण बनाउन सरकारले विश्वास दिलाउँदै चुनावमा सहभागी हुन शीर्षनेताहरूलाई प्रम कार्कीले आग्रह गरेकी थिइन् ।

प्रम कार्कीले भनिन्, "यो निर्वाचनलाई जसरी पनि सफल पारौँ । तपाईँहरू निर्वाचनका लागि तयार हुनुहुन्छ भन्ने नै मैले देखेकी छु । यस्तो वातावरण बनाइरहेको देख्छु । यो स्वागतयोग्य छ ।"

समाचारअनुसार ती नेताहरू सुरक्षाको बन्दोबस्तमा निर्वाचनप्रति सकारात्मक रहेको र क्रमशः ढुक्क भएको अनुभव हुन्छ ।

१४ पुस २०८२ को 'नयाँ पत्रिका' को पहिलो पृष्ठमा लेखिएको छ - "बालेन अब रास्वपाको गाडीमा !" समाचार अगाडि बढ्छ - "रास्वपा र बालेन साहबिच आइतबार झिसमिसेमै भएको सहमतिअनुसार २१ फागुनको निर्वाचनपछि बालेन प्रधानमन्त्रीको उम्मेदवार बन्दै सम्भवतः देश चलाउनेछन्, रविले पार्टी सभापतिको हैसियतमा सरकारलाई जनपक्षीय कामका लागि सुझावसहित निर्देश गर्नेछन् ।"

१४ पुस २०८२ को कान्तिपुरले पहिलो पृष्ठमा भन्छ - "सम्झौतासँगै सुझबुझको परीक्षा ।"

समाचारको मुख्य-मुख्य बुँदाहरूमा लेखिएको छ - 'दुई वैकल्पिक समूहको एकताले आगामी निर्वाचन रोचक मोडमा', 'एजेन्डाअनुसार मिलेर अघि बढ्न अन्य समूह र परम्परागत दलहरूलाई पनि सन्देश' र 'प्रधानमन्त्रीको उम्मेदवार पहिल्यै निश्चित गरेर मतदातालाई स्पष्ट विकल्प दिने प्रयासमा ।'

माथिका दुई समाचारले जनतामा उत्साहभन्दा पनि संशय र अन्योल कायम हुने छाँटकाँट देखिन्छ । निर्दलीय पञ्चायतपछिका बहुदलीय सरकारहरूको बरोबर हुने हेरफेर एवं मन्त्रीहरूको सूचीले देश अगाडि नबढेको बरु झन्झन् देश परनिर्भर हुँदै गएको छ । कुनै पनि सरकारले एउटा निश्चित बाटो पहिल्याउन नसकेको विगतको यथार्थ नेपाली जनतालाई थाहा छ, बरु भ्रष्टाचार, नातावाद-कृपावाद र तलदेखि माथिसम्म बेथिति र भद्रगोलको स्थितिले सरकारबाट फाइदा लिने, दलका नेता र मन्त्रीहरू एवं माथिल्ला बुद्धिजीवी, कार्यकर्ता मात्रै खुसी देखिए । ती पनि जो जो राम्रो पद र दोहोरो फाइदा पाउने ठाउँमा पुगे ।

संसदीय पुँजीवादी व्यवस्थामा पनि एउटा निश्चित बाटो लिन्थ्यो र ६६ वर्षसम्म त त्यही व्यवस्थामा नेपाली जनता पीडित थिए र छन् । वैकल्पिक अर्को बाटो नै रोज्ने हो भने समाजवादी व्यवस्था नै अहिले वैकल्पिक बाटो हो । त्यसबारे बारम्बार प्रधानमन्त्रीहरू बनेका दलहरू जनताको अगाडि मुख देखाउन लायक भएनन् भने नयाँ सरकार बनाउनेहरू पनि आफै प्रस्ट छैनन् भन्ने कुरो आजका समाचारहरूबाट प्रस्ट हुन्छ ।

जहाँसम्म निर्वाचनमा भाग लिने विषय छ - ओली, देउवा र प्रचण्डका निर्वाचन क्षेत्रमा नयाँ दलका उम्मेदवारहरू वा जेनजीका युवाहरू प्रतिद्वन्द्वी भएर पहिलेका हरेक प्रकारका निर्वाचन आचारसंहिताविपरीत गतिविधिको जवाफमा त्यस्तै नयाँ उम्मेदवारहरूले दिएमा के होला ? परिणाम अकल्पनीय हुने देखिन्छ ।

हिजो शासक दलहरू अन्य युवा दलका निर्वाचन कार्यकर्ताहरूलाई पानी, कोकाकोला, फान्टामा निद्रा लाग्ने औषधि राखेको पेय पदार्थ खुवाई निर्विरोध चुनाव जित्थे । आफ्नै कर्मचारीहरूलाई खटाएर जित्ने पक्षका मतपत्रहरू समेत गन्ती गर्न नदिई ती मतपत्रमा निर्वाचनमा खटिएका कर्मचारीहरूले आफू बस्ने चकटीमुनि लुकाएर जित्नेलाई हार र हार्नेलाई जिताउने प्रपञ्च ठुला दलहरूले गर्थे ।

अब के होला भने पुराना शासक दलहरू थर्कमान छन् । नयाँ-नयाँ कार्यकर्ता मात्रै उठाउँदा हारजित निश्चित नहुँदा पुराना ठुला शासक दलहरूमा 'पापले पोलेको होला' भन्ने कुरा जानकारहरू आपसमा बातचित गर्दै गरेको व्यापक चर्चा छ ।


## राष्ट्रिय झण्डाको सम्मान गरौं।

राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाईँदैन:

- ❖राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
- ❖राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
- ❖व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
- ❖शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
- ❖शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख्न।
- ❖फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३